# नेपाल धितोपत्र बोर्ड

# आर्थिक वर्ष २०७४/७५ को
# वार्षिक प्रतिवेदन

२०७५ कात्तिक

# नेपाल धितोपत्र बोर्ड

# आर्थिक वर्ष २०७४।७५ को
# वार्षिक प्रतिवेदन

२०७५ कात्तिक

# नेपाल धितोपत्र बोर्ड

## सञ्चालक बोर्ड

(२०७५ कात्तिक मसान्त)



**डा. रेवत बहादुर कार्की**

अध्यक्ष

नेपाल धितोपत्र बोर्ड



**श्री हरि शरण पुडाशैनी**

सदस्य

सह-सचिव

नेपाल सरकार

अर्थ मन्त्रालय



**श्री फणीन्द्र गौतम**

सदस्य

सह-सचिव

नेपाल सरकार

कानून, न्याय तथा

संसदीय मामिला मन्त्रालय



**श्री नर बहादुर थापा**

सदस्य

कार्यकारी निर्देशक

नेपाल राष्ट्र बैंक



**श्री कृष्ण प्रसाद आचार्य**

सदस्य

उपाध्यक्ष

नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्था



**श्री शेखर गोल्छा**

सदस्य

वरिष्ठ उपाध्यक्ष

नेपाल उद्योग बाणिज्य महासंघ



**श्री निल बहादुर सारु मगर**

विज्ञ सदस्य

# नेपाल धितोपत्र बोर्ड

## सञ्चालक बोर्ड

(२०७५ असार मसान्तसम्म)



**डा. रेवत बहादुर कार्की**
अध्यक्ष
नेपाल धितोपत्र बोर्ड



**श्री उत्तर कुमार खत्री**
सदस्य
सह-सचिव
नेपाल सरकार
अर्थ मन्त्रालय



**श्री फणीन्द्र गौतम**
सदस्य
सह-सचिव
नेपाल सरकार
कानून, न्याय तथा
संसदीय मामिला मन्त्रालय



**श्री नर बहादुर थापा**
सदस्य
कार्यकारी निर्देशक
नेपाल राष्ट्र बैंक



**श्री जगन्नाथ उपाध्याय (निरौला)**
सदस्य
उपाध्यक्ष
नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्था



**श्री शेखर गोल्छा**
सदस्य
वरिष्ठ उपाध्यक्ष
नेपाल उद्योग बाणिज्य महासंघ



**श्री निल बहादुर सारु मगर**
विज्ञ सदस्य

# नेपाल धितोपत्र बोर्ड

## उच्च व्यवस्थापन



**डा. रेवत बहादुर कार्की**
अध्यक्ष
नेपाल धितोपत्र बोर्ड



**परीष्टनाथ पौड्याल**
कार्यकारी निर्देशक



**निरज गिरी**
कार्यकारी निर्देशक



**मुक्तिनाथ श्रेष्ठ**
उप कार्यकारी निर्देशक



**विनयदेव आचार्य**
उप कार्यकारी निर्देशक



**डा.नवराज अधिकारी**
उप कार्यकारी निर्देशक



**कृष्ण राज पोखरेल**
उप कार्यकारी निर्देशक

# नेपाल धितोपत्र बोर्ड

## अध्यक्षको मन्तव्य

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २६ मा भएको व्यवस्था अनुसार आर्थिक वर्ष २०७४।७५ को नेपाल धितोपत्र बोर्डको वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ। यस वार्षिक प्रतिवेदनमा विश्व तथा नेपालको आर्थिक स्थिति र धितोपत्र बजारको स्थिति, धितोपत्र व्यवसायी तथा सूचीकृत संगठित संस्थाहरुको गतिविधिहरु र बोर्डको धितोपत्र बजार विकास तथा सुधारका पहल, कामकारवाहीहरु तथा वित्तीय स्थितिको समीक्षा गरिएको छ।

आर्थिक वर्ष २०७४।७५ मा देशको समग्र आर्थिक स्थिति सन्तोषजनक रहेको छ। समीक्षा वर्षमा करिब ६ प्रतिशतको हाराहारीमा आर्थिक वृद्धि रहेको छ। विशेषतः आपूर्ति प्रणालीमा आएको सुधार, उर्जाको उपलब्धता एवं व्यापार क्षेत्रको विस्तार र निर्माण कार्यले गति लिन थालेकोले आर्थिक वृद्धिमा सुधार देखिएको हो। समग्रमा नेपालको अर्थतन्त्र सकारात्मक दिशातर्फ उन्मुख भएको देखिए तापनि देशमा उच्च, दिगो, फराकिलो र समावेशी आर्थिक वृद्धिमार्फत् गरिबी, असमानता, बेरोजगारी तथा परनिर्भरताको अन्त्य गरी दिगो विकास लक्ष्य हासिल गर्दै सन् २०३० सम्म मध्यम आय मुलुकको स्तरमा पुग्ने कार्य निश्चय नै चुनौतीपूर्ण रहेको छ।

आ.व. २०७४।७५ मा नेपालको धितोपत्र बजारमा केही शिथिलता देखिएतापनि बोर्डबाट भएको बजार सुधार तथा विकासका कारण सर्वसाधारणको सहभागितामा बृद्धि भई समग्रमा धितोपत्र बजार सहजरुपमा अगाडि बढेको छ। हालसालका वर्षहरुमा बोर्ड एकातर्फ अर्थतन्त्रमा टेवा पुऱ्याउन सक्ने गरी धितोपत्र बजारको विकास र सुधार गर्ने र अर्कोतर्फ लगानीकर्ताको हित संरक्षण गर्दै लगानीमैत्री वातावरण बनाउनेतर्फ उन्मुख छ। यस अनुसार बोर्डले विभिन्न नीति तथा कार्यक्रम तर्जुमा गरी आर्थिक वर्ष २०७४।७५ देखि धितोपत्र बजारसम्बन्धी नीति तथा कार्यक्रमको सार्वजनिक प्रकाशन गर्न समेत सुरुवात गरेको छ भने यसै आर्थिक वर्षदेखि अर्को आर्थिक वर्ष अर्थात २०७५।७६ को धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम आर्थिक वर्ष २०७४।७५ भित्र नै सार्वजनिक गर्न समेत शुरु गरी बजारको विकास गर्दै नयाँ दिशा दिन खोजेको छ।

सूचीकृत संगठित संस्थामा सुशासन कायम गर्ने उद्देश्यले बोर्डले २०७५ श्रावणबाट लागू हुने गरी समीक्षा वर्षमा सूचीकृत संगठित संस्थाको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७४ जारी गरेको छ भने धितोपत्रको दोस्रो बजारमा गतिशिलता ल्याउन धितोपत्र दलाल व्यवसायीमार्फत् सञ्चालन हुने गरी मार्जिन कारोबारको व्यवस्था गर्न समेत नेपाल स्टक एक्सचेञ्ज लि. लाई निर्देशन जारी गरेको छ। यस्तै, धितोपत्रको सूचीकरण तथा कारोबारका लागि करिब २५ वर्ष अगाडिको धितोपत्र कारोबार नियमावलीलाई धितोपत्र सूचीकरण तथा कारोबार नियमावली २०७५ द्वारा प्रतिस्थापन गरिएको छ। साथै, यसैको आधारमा नेप्सेले तयार गरेको धितोपत्र सूचीकरण विनियमावली २०७५ र धितोपत्र कारोबार सञ्चालन विनियमावली २०७५ लाई समेत स्वीकृत गरी धितोपत्रको सूचीकरण तथा कारोबार प्रक्रियालाई थप व्यवस्थित, प्रविधि तथा बजारमैत्री बनाइएको छ।

नेपाल सरकारले वस्तु विनिमय बजारसम्बन्धी ऐन, २०७४ जारी गरेसँगै यस बजारको नियमन गर्ने जिम्मेवारी बोर्डमा आएको छ। बोर्डले यसै ऐनको अधिनमा रही नेपाल सरकारको स्वीकृतिमा वस्तु विनिमय बजारसम्बन्धी नियमावली, २०७५ जारी गरी गत मार्ग ९, २०७४ देखि कार्यान्वयनमा ल्याइसकेको छ। यसरी बोर्डले वस्तु विनिमय बजारसम्बन्धी थप जिम्मेवारी पाएसँगै संभावना र चुनौती थपिएतापनि यस चुनौतीलाई अवसरको रुपमा लिदै नियमनको दायरामा ल्याई यस बजारको नियमन र विकास गर्न बोर्ड अग्रसर रहेको छ।

सर्वसाधारणलाई धितोपत्र बजारमार्फत् पूँजी परिचालन गराउने उद्देश्यले सर्वसाधारणमा पूँजी बजारसम्बन्धी साक्षरता अभिवृद्धि गर्नुपर्नेतर्फ जोड दिदैं बोर्डले पहिलोपटक पूँजी बजारसम्बन्धी प्रदर्शनी सफलतापूर्वक आयोजना गरेको छ भने रजतजयन्ती वर्षको अवसर पारी पूँजी बजारसम्बन्धी साक्षरता, रजत जयन्ती वर्ष स्मारिका, पूँजी बजार लेख विशेषाङ्क २०७५, धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी विशेष कानूनी संग्रह, २०७५ को विशेष प्रकाशनसहित अन्य नियमित प्रकाशनहरुलाई निरन्तरता दिई पूँजी बजारसम्बन्धमा भए गरेका सम्पूर्ण गतिविधिहरुको जानकारी सर्वसाधारणलाई नियमित रुपमा दिने कार्यको थालनी गरेको छ।

बोर्ड धितोपत्र नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था (International Organisation of Securities Commissions -IOSCO) को एशोसियट सदस्य भइसकेको पृष्ठभूमिमा नेपालको धितोपत्र बजारलाई अन्तर्राष्ट्रियस्तरको बनाउँदै लैजान सोही बमोजिमको प्रविधि, पूर्वाधार, दक्ष जनशक्ति, कानूनी संरचना तथा नियमन क्षमताको विकास गर्नुपर्ने चुनौती बोर्डमा

थपिएको छ। बोर्डले आइएस्कोले आव्हान गरेको विश्व लगानीकर्ता सप्ताह, अक्टोबर २-८, २०१७ सम्म लगानीकर्ताहरुका लागि विभिन्न जानकारी तथा सचेतनामूलक कार्यक्रमहरु आयोजना गरी लगानीकर्ताहरुको सशक्तिकरण गर्ने कार्य समेत सम्पन्न गरेको छ। अन्तर्राष्ट्रिय स्तरको प्रविधिमैत्री तथा लगानीकर्तामैत्री स्वच्छ, पारदर्शी र प्रभावकारी धितोपत्र बजार बनाउने कार्यमा नेपाल सरकार लगायत सम्बद्ध सबै पक्षको आवश्यक सहयोग लिई अगाडि बढ्न बोर्ड दृढ छ।

अन्त्यमा, नेपाल सरकार, अर्थ मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपाल राष्ट्र बैंक, बीमा समिति, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था तथा उद्योग वाणिज्य महासंघ तथा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि. तथा अन्य सम्पूर्ण बजार सहभागीलाई धितोपत्र बजारको विकासका लागि आ-आफ्नो क्षेत्रबाट पुऱ्याउनुभएको योगदान तथा सहयोगको लागि धन्यवाद दिन चाहन्छु।

यस्तै, नेपालको धितोपत्र बजारलाई अन्तर्राष्ट्रिय मान्यता प्रदान गरी अन्तर्राष्ट्रिय मापदण्डको धितोपत्र बजार बनाउन सहयोग गरिरहेको IOSCO तथा बोर्डका अन्य अन्तर्राष्ट्रिय सम्बन्ध भएका संस्थाहरु South Asian Securities Regulators' Forum (SASRF), Associations of National Numbering Agencies (ANNA), Asia Forum for Investor Education (AFIE), Organisation of Economic Cooperation and Development (OECD), Asia-Pacific Economic Cooperation (APEC), United States Securities Exchange Commission (USSEC), Australian Securities and Investment Commission (ASIC), Securities and Exchange Board of India (SEBI), Financial Services Agency (FSA), Japan, Otoritas Jasa Keuangan (OJK), Indonesia बाट बोर्डलाई प्राप्त सहयोगका लागि कृतज्ञता व्यक्त गर्दछु। बजार सुधार तथा विकास कार्यलाई अगाडि बढाउनमा संचालक समितिका सदस्यज्यूहरुले पुऱ्याउनु भएको रचनात्मक योगदानप्रति आभार व्यक्त गर्दै बजार विकास र सुधारमा प्रतिबद्ध बोर्डका कार्यकारी निर्देशक, उप कार्यकारी निर्देशकसहित बोर्डका सम्पूर्ण जनशक्तिलाई विशेष धन्यवाद दिन चाहन्छु।

कात्तिक २०, २०७५

**डा.रेवत बहादुर कार्की**

अध्यक्ष

# विषय-सूची

## भाग १
## संक्षिप्त आर्थिक अवस्था


१.१ विश्व आर्थिक स्थिति १
१.२ नेपालको समष्टिगत आर्थिक अवस्था २


## भाग २
## धितोपत्र बजारको स्थिति


२.१ विश्व धितोपत्र बजार ६
२.२ नेपालको धितोपत्र बजार ७
२.२.१ प्राथमिक बजार ८
प्राथमिक बजारमार्फत् क्षेत्रगत पूँजी परिचालन १०
धितोपत्र दर्ता तथा विवरणपत्र स्वीकृति ११
साधारण शेयर निष्काशन अनुमति ११
साधारण शेयरको थप निष्काशन १२
हकप्रद शेयर दर्ता तथा निष्काशन १२
बोनस शेयर दर्ता १३
सामूहिक लगानी योजना दर्ता तथा निष्काशन १३
२.२.२ दोस्रो बजार १४
२.२.२.१ दोस्रो बजारका परिसूचकहरु १५
धितोपत्रको कारोबार १५
बजार पूँजीकरण १६
नेप्से सूचकांक १६
फ्लोट सूचकांक १७
सूचीकृत संगठित संस्था १७
धितोपत्र सूचीकरण १७
सूचीकृत धितोपत्रको चुक्ता मूल्य १८
२.२.२.२ धितोपत्र बजार विकास तथा सुधारका पहलहरु १८
प्राथमिक बजारमा भएका विकास तथा सुधार १९
दोस्रो बजारमा भएका विकास तथा सुधार २१
अन्य सुधार तथा विकास गतिविधिहरु २३
२.२.२.३ ओटिसी बजारको कारोबार २६
२.२.२.४ केन्द्रीय निक्षेप सेवा २६
२.२.२.५ क्रेडिट रेटिङ्ग सेवा २७
२.३ धितोपत्र बजार सम्बन्धी नीति तथा कार्यक्रम २८
२.४ वस्तु विनिमय बजार २९


## भाग ३
## बोर्डको प्रशासनिक तथा वित्तीय अवस्था


३.१ बोर्डको स्थापना ३०
३.२ बोर्डको काम, कर्तव्य र अधिकारहरु ३०

३.३ सञ्चालक बोर्ड ३१
३.४ संगठन संरचना तथा जनशक्ति व्यवस्थापन ३२
३.५ समितिहरु ३२
३.५.१ कानून तथा प्रवलीकरण समिति ३३
३.५.२ वित्तीय प्रशासन तथा सूचना विश्लेषण समिति ३३
३.५.३ लेखापरीक्षण समिति ३३
३.६ बोर्डको वित्तीय अवस्था ३३
३.७ अन्तर्राष्ट्रिय सम्बन्ध ३४

## भाग ४

## बोर्डका कामकारवाहीहरु

४.१ अनुमतिपत्र प्रदान तथा नवीकरण ३५
४.१.१ नेपाल स्टक एक्सचेन्ज लिमिटेडको अनुमतिपत्र नवीकरण ३५
४.१.२ केन्द्रीय निक्षेप कम्पनीको अनुमतिपत्र नवीकरण ३५
४.१.३ मर्चेन्ट बैंकर अनुमतिपत्र प्रदान र नवीकरण ३५
४.१.४ धितोपत्र दलाल व्यवसायीहरुको अनुमतिपत्र नवीकरण ३५
४.१.५ निक्षेप सदस्य दर्ता तथा प्रमाणपत्र नवीकरण ३५
४.१.६ क्रेडिट रेटिङ्ग कम्पनीको अनुमतिपत्र प्रदान तथा नवीकरण ३६
४.१.७ योजना व्यवस्थापक तथा डिपोजिटरीको अनुमतिपत्र नवीकरण ३६
४.१.८ आस्वा सदस्यको अनुमतिपत्र नवीकरण ३६
४.२ कानूनी व्यवस्था, कानून प्रवलीकरण तथा राय सुझाव ३६
४.२.१ कानूनी व्यवस्था ३६
४.२.२ कानून प्रवलीकरण ३७
४.२.३ राय सुझाव ३८
४.३ सुपरिवेक्षण तथा अनुगमन ३८
४.३.१ धितोपत्र बजारको सुपरिवेक्षण ३८
४.३.२ प्राथमिक निष्काशनको अनुगमन ३८
४.३.३ धितोपत्रको दोस्रो बजार कारोवार अनुगमन ३९
४.३.४ धितोपत्र बजार सहभागीहरुको विवरण प्रवाहको अनुगमन ३९
४.४ लगानीकर्ता प्रशिक्षण तथा तालिम कार्यक्रम ४२
४.५ छलफल तथा अन्तरक्रिया कार्यक्रम ४२
४.६ तालिम तथा सेमिनार ४२
४.७ प्रकाशन तथा जानकारी प्रवाह ४३
४.८ अध्ययन तथा अनुसन्धान ४४

## भाग ५

## धितोपत्र तथा वस्तु विनिमय बजार विकास तथा सुधारसम्बन्धी समस्या तथा चुनौतीहरु

समस्या तथा चुनौतीहरु ४६

## तालिकाहरू

तालिका-१.१ विश्वको आर्थिक वृद्धि १
तालिका-१.२ नेपालको समष्टिगत आर्थिक अवस्था ४
तालिका-२.१ विश्वका केही प्रमुख धितोपत्र बजारको सूचकांक ७
तालिका-२.२ सन् २०१७ मा सार्क क्षेत्रको धितोपत्र बजारको अवस्था ७

तालिका-२.३ धितोपत्रको बजारको संक्षिप्त झलक ८
तालिका-२.४ धितोपत्रको प्राथमिक बजारको अवस्था ९
तालिका-२.५ प्राथमिक बजारमा क्षेत्रगत पूँजी परिचालन १०
तालिका-२.६ धितोपत्रको दोस्रो बजार १४
तालिका-२.७ धितोपत्रको दोस्रो बजारको कारोबार स्थिति १५
तालिका-२.८ सूचीकृत संगठित संस्थाको क्षेत्रगत संरचना १७
तालिका-२.९ धितोपत्र अभौतिकीकरण २७
तालिका-२.१० रेटिङ्ग सेवा २७
तालिका-२.११ बोर्डमा निवेदन दिने प्रस्तावित वस्तु विनिमय बजार २९
तालिका-३.१ आ.व. २०७४।७५ मा बोर्डको सञ्चालन बोर्डका सदस्यहरु ३१
तालिका-३.२ कर्मचारी संख्याको विवरण ३२
तालिका-४.१ योजना व्यवस्थापक तथा डिपोजिटरी ३६
तालिका-४.२ प्राथमिक निष्काशन ३९
तालिका-४.३ सूचीकृत संगठित संस्थाहरुको विवरण प्रवाह ४१
तालिका-४.४ धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी अन्तरक्रिया कार्यक्रम ४२

## चार्टहरु

चार्ट २.१ धितोपत्रको प्राथमिक निष्काशन (रकमको आधारमा) ९
चार्ट २.२ धितोपत्रको प्राथमिक निष्काशन (संख्याको आधारमा) १०
चार्ट-२.३ सार्वजनिक निष्काशन अनुमति १२
चार्ट २.४ साधारण शेयरको थप निष्काशन १२
चार्ट २.५ हकप्रद शेयर निष्काशन १३
चार्ट २.६ सामूहिक लगानी योजना दर्ता तथा निष्काशन १३
चार्ट २.७ वार्षिक कारोबार १५
चार्ट २.८ कुल बजार पूँजीकरण र फ्लोट बजार पूँजीकरण १६
चार्ट २.९ बजार पूँजीकरण र बजार पूँजीकरणमा क्षेत्रगत प्रतिशत १६
चार्ट २.१० नेप्से र नेप्से फ्लोट सूचकांक १७
चार्ट २.११ धितोपत्र अभौतिकीकरणको प्रवृति २६
चार्ट ४.१ सूचीकृत कम्पनीको विवरण प्रवाहको प्रवृति ४१

अनुसूचीहरु ४८-६८

# भाग १
# संक्षिप्त आर्थिक अवस्था

## १.१ विश्व आर्थिक स्थिति

हालसालका वर्षहरुमा विश्व अर्थतन्त्र क्रमशः सुधारोन्मुख भई गतिशिल हुँदै गएको देखिन्छ । सन् २०१८ अप्रिलमा अन्तर्राष्ट्रिय मुद्रा कोषले प्रकाशित गरेको विश्व आर्थिक परिदृष्य (World Economic Outlook) अनुसार सन् २०१७ मा ३.८ प्रतिशतले वृद्धि भएको विश्व अर्थतन्त्र सन् २०१८ मा ३.९ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ। खासगरी संयुक्त राज्य अमेरिकाले अवलम्बन गरेको विस्तारकारी वित्त नीतिको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रभाव, विस्तारित वित्तीय अवस्था तथा सकारात्मक बजार प्रभावका कारण विश्व अर्थतन्त्र सीमान्त दरमा वृद्धि हुने प्रक्षेपण गरिएको हो। सोही अवधिमा युरोपियन मुलुकहरुमा आर्थिक संकुचन हुने र अन्य मुलुकहरुमा केही विस्तार हुने अनुमान छ।

विश्वको आर्थिक स्थितिको विवेचना मुलत आर्थिक वृद्धि र मूल्य स्थितिको आधारमा देहाय अनुसार गरिएको छ :

### आर्थिक वृद्धि

माथि उल्लेख गरिए अनुसार सन् २०१८ मा विश्वको आर्थिक वृद्धि सीमान्त दरले बढ्ने देखिन्छ। विकसित अर्थतन्त्र र अन्य देशहरुको आर्थिक वृद्धि फरक फरक देखिएको छ। सन् २०१७ मा २.३ प्रतिशतले वृद्धि भएको विकसित मुलुकको अर्थतन्त्र सन् २०१८ मा २.५ प्रतिशतले वृद्धि हुने प्रक्षेपण कोषले गरेको छ। विकसित अर्थतन्त्रको समूहमा प्रमुख विकसित मुलुकहरु संयुक्त राज्य अमेरिका, क्यानाडा, जापान, फ्रान्स, बेलायत, जर्मनी, इटाली जस्ता मुलुकहरु रहेका छन् जसमा अमेरिकी अर्थतन्त्रको उत्पादन सन् २०१७ मा २.३ प्रतिशतले बढेकोमा सन् २०१८ मा २.९ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ। सन् २०१७ मा २.३ प्रतिशतले वृद्धि भएको युरो क्षेत्रको उत्पादन सन् २०१८ मा २.४ प्रतिशतले बढ्ने अनुमान कोषले गरेको छ। यस्तै, सन् २०१७ मा १.७ प्रतिशतले वृद्धि भएको जापानको अर्थतन्त्रमा निजी उपभोग तथा लगानीमा कमी आएका कारण सन् २०१८ मा १.२ प्रतिशतले मात्र वृद्धि हुने अनुमान रहेको छ।

विश्व अर्थतन्त्रको उत्पादनमा बढी हिस्सा ओगट्ने उदीयमान तथा विकासशील देशको अर्थतन्त्रको वृद्धिदर सन् २०१७ मा ४.४ प्रतिशत रहेकोमा उक्त वृद्धिदर सन् २०१८ मा ४.८ प्रतिशत रहने प्रक्षेपण रहेको छ। दक्षिण एशियाली मुलुकहरुमध्ये उच्च आर्थिक वृद्धिदर प्राप्त गर्न सफल भारतीय अर्थतन्त्रमा निजी उपभोगमा आएको वृद्धि, संरचनात्मक सुधारको निरन्तर प्रयासका कारण उत्पादकत्वमा वृद्धि तथा निजी लगानी प्रोत्साहन, राष्ट्रिय वस्तु तथा सेवामा कर व्यवस्था लगायतका नीतिगत सुधारका कारण सन् २०१७ मा ६.७ प्रतिशतले वृद्धि भएकोमा सन् २०१८ मा ७.४ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ। यस्तै सन् २०१७ मा ६.९ प्रतिशतले वृद्धि भएको चिनीयाँ अर्थतन्त्रमा भने पछिल्लो समय घट्दो औद्योगिक उत्पादन, अनिश्चित व्यापार सम्बन्धजस्ता कारणहरुले सन् २०१८ मा ६.६ प्रतिशतले मात्र वृद्धि हुने अनुमान गरिएको छ। सन् २०१७ को तुलनामा सन् २०१८ मा सार्क क्षेत्रका भुटान, भारत, माल्दिभ्स, श्रीलंका र पाकिस्तानको आर्थिक वृद्धि दर बढ्ने अपेक्षा गरिएको छ साथै बंगलादेशको आर्थिक वृद्धिदर सन् २०१८ मा सीमान्त दरले घट्ने प्रक्षेपण समेत कोषले गरेको छ। विश्वको आर्थिक वृद्धि दर तालिका १.१ मा प्रस्तुत गरिएको छ।

**तालिका १.१**
**विश्वको आर्थिक वृद्धि**

| क्र.सं. | विवरण | विश्वको आर्थिक वृद्धि (वार्षिक प्रतिशत परिवर्तन) | | | |
|---|---|---|---|---|---|
| | | २०१५ | २०१६ | २०१७ | २०१८ प्रक्षेपित |
| १ | विश्व अर्थतन्त्र | ३.५ | ३.२ | ३.८ | ३.९ |
| २ | विकसित अर्थतन्त्र | २.३ | १.७ | २.३ | २.५ |
| ३ | उदीयमान तथा विकासशील अर्थतन्त्र | ४.७ | ४.३ | ४.४ | ४.८ |
| ४ | उदीयमान तथा विकासशील एशियाली मुलुकहरु | ६.८ | ६.५ | ६.५ | ६.५ |
| ५ | मध्यपूर्व तथा उत्तर अफ्रिकी मुलुकहरु | २.४ | ४.९ | २.२ | ३.२ |
| ६ | उदीयमान तथा विकासशील युरोपेली मुलुकहरु | ४.७ | ३.२ | ५.८ | ४.३ |
| ७ | युरोपियन युनियनका मुलुकहरु | २.४ | २.० | २.७ | २.५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | न्यून आय भएका विकासशील अर्थतन्त्र | ४.५ | ३.५ | ४.७ | ५.० |
| ९ | अमेरिका | २.९ | १.५ | २.३ | २.९ |
| १० | जापान | १.४ | ०.९ | १.७ | १.२ |
| ११ | चीन | ६.९ | ६.७ | ६.९ | ६.६ |
| १२ | दक्षिण एसियाली राष्ट्रहरु | | | | |
| | बंगलादेश | ६.८ | ७.२ | ७.१ | ७.० |
| | भुटान | ६.१ | ६.३ | ६.० | ७.१ |
| | भारत | ८.२ | ७.१ | ६.७ | ७.४ |
| | माल्दिभ्स | २.२ | ४.५ | ४.८ | ५.० |
| | नेपाल | ३.३ | ०.४ | ७.५ | ५.० |
| | श्रीलंका | ५.० | ४.५ | ३.१ | ४.० |
| | पाकिस्तान | ४.१ | ४.५ | ५.३ | ५.६ |
| | अफगानिस्तान | १.३ | २.४ | २.५ | २.५ |
| स्रोतः वर्ल्ड इकोनोमिक आउटलुक, अक्टोवर २०१८ आइएमएफ र आर्थिक सर्वेक्षण, २०७४।७५, नेपाल सरकार। | | | | | |

### मूल्य स्थिति

मूल्य स्थितिको सम्बन्धमा विकसित देश र उदीयमान एवं विकासशील देशहरुको स्थिति फरक फरक रहेको देखिन्छ। विश्व बजारमा उर्जा लगायतका वस्तुहरुको मूल्य बढेकाले विकसित तथा विकासशील मुलुकहरुको मूल्य वृद्धिदर बढ्ने प्रक्षेपण कोषले गरेको छ। सन् २०१७ मा १.७ प्रतिशत रहेको विकसित अर्थतन्त्रको मूल्य वृद्धिदर सन् २०१८ मा २.० प्रतिशत रहने प्रक्षेपण छ। त्यस्तै, उदीयमान तथा विकासशील अर्थतन्त्रको मूल्य वृद्धिदर सन् २०१७ मा ४.० प्रतिशत रहेकोमा सन् २०१८ मा ४.६ प्रतिशत पुग्ने प्रक्षेपण छ। सन् २०१७ मा २.४ प्रतिशत मूल्य वृद्धि दर रहेको उदीयमान तथा विकासशील एशियाली मुलुकमा सन् २०१८ मा ३.३ प्रतिशत बढ्ने प्रक्षेपण छ। चिनीयाँ अर्थतन्त्रको मूल्य वृद्धि दर सन् २०१७ मा १.८ प्रतिशत रहेकोमा सन् २०१८ मा २.८ प्रतिशतमा पुग्ने प्रक्षेपण छ। सन् २०१८ मा भारतमा मूल्य वृद्धि दर ५.२ प्रतिशत रहने अनुमान गरिएको छ जुन सन् २०१७ मा ४.७ प्रतिशत मात्र रहेको थियो।

## १.२ नेपालको समष्टिगत आर्थिक अवस्था

आर्थिक वर्ष २०७४।७५ मा देशको समग्र आर्थिक स्थिति सन्तोषजनक रहेको देखिन्छ। यो वर्ष आर्थिक वृद्धि उच्च रहेका कारण वास्तविक क्षेत्रको स्थिति सुदृढ रहेको छ। विशेषतः आपूर्ति प्रणालीमा आएको सुधार, उर्जाको उपलब्धता एवं व्यापार क्षेत्रको विस्तार र निर्माण कार्यले गति लिन थालेकोले आर्थिक वृद्धिमा सुधार देखिएको हो। समीक्षा वर्षमा औषत मुद्रास्फीति घटेको, मौद्रिक तथा सरकारी वित्त क्षेत्रको स्थिति सामान्य रहेको छ भनेबाह्य क्षेत्रको स्थिति निकै चुनौतिपूर्ण रहेको देखिन्छ।

### वास्तविक क्षेत्र र मूल्य

केन्द्रीय तथ्याङ्क विभागबाट प्रकाशित राष्ट्रिय लेखा तथ्याङ्क (National Accounts Statistics) अनुसार आर्थिक वर्ष २०७४।७५ मा नेपालको अर्थतन्त्र ५.९ प्रतिशतले बढेको अनुमान छ। गत आर्थिक वर्षमा उक्त वृद्धिदर ७.४ प्रतिशत रहेको थियो। समीक्षा वर्षमा मौसमी प्रतिकूलता र तराई क्षेत्रमा आएको बाढी/डुबानका कारण समग्र कृषि क्षेत्रगत वृद्धिदर गत वर्षको ५.२ प्रतिशतको तुलनामा २.८ प्रतिशतमा सीमित भएको छ। गैर कृषितर्फ सेवा तथा व्यापारको क्षेत्रमा सुधार आएकोले अर्थतन्त्रको वृद्धिदरमा तदनुरुपको प्रभाव देखिएको हो। फलस्वरुप, समीक्षा वर्षमा गैर कृषि क्षेत्रको वृद्धिदर ७.१ प्रतिशत रहेको अनुमान छ जबकि उक्त क्षेत्रको वृद्धि गत वर्ष उच्च अर्थात ८.५ प्रतिशत रहेको थियो। समीक्षा वर्षमा कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्र र गैर कृषि क्षेत्रको योगदान क्रमशः २७.६ प्रतिशत र ७२.४ प्रतिशत रहेको छ। पछिल्लो दशकमा कुल गार्हस्थ उत्पादनमा गैर कृषि क्षेत्रको विस्तार बढ्दो दरमा हुँदै गए अनुरुप कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गएको देखिन्छ।

समीक्षा वर्षमा उत्पादनमुलक उद्योगको उत्पादन ८.० प्रतिशतले वृद्धि भएको अनुमान छ जुन गत वर्ष ९.७ प्रतिशत रहेको थियो। यस्तै, होटल तथा रेष्टुरेन्ट क्षेत्रको वृद्धिदर समीक्षा वर्षमा ९.८ प्रतिशत रहेको अनुमान छ जुन गत वर्ष ७.३ प्रतिशत रहेको थियो। समीक्षा अवधिमा विदेशी पर्यटक आगमनमा वृद्धि तथा आन्तरिक पर्यटनमा वृद्धि, उर्जा उपलब्धता, बन्द हड्तालजस्ता गतिविधिहरुमा कमी आएका कारण उद्योग तथा होटल रेष्टुरेन्ट क्षेत्रहरुमा वृद्धि देखिएको हो। त्यस्तै, गत वर्ष ९.१ प्रतिशतले वृद्धि भएको वित्तीय मध्यस्थता क्षेत्र समीक्षा वर्षमा ६.४ प्रतिशत मात्र रहने अनुमान छ।

उक्त अवधिमा जनसंख्या वृद्धिदरको तुलनामा जिडिपिको वृद्धिदर उच्च भएसँगै प्रति व्यक्ति आयमा १२.३ प्रतिशतले वृद्धि आई १००४ अमेरिकी डलर पुगेको अनुमान छ, जुन गत वर्ष ८६६ अमेरिकी डलर रहेको थियो। आर्थिक वर्ष २०७४।७५ मा जिडिपिमा उपभोगको अनुपातमा कमी आएको छ भने सोही जिडिपिमा बचत तथा लगानीको अनुपातमा भने वृद्धि आएको छ। आर्थिक वर्ष २०७३।७४ देखि लगानीसँगै कुल गार्हस्थ बचतमा समेत वृद्धि आएको देखिएतापनि लगानीको तुलनामा बचतको न्यून वृद्धिका कारण बचत लगानीको अन्तर थप ऋणात्मक बन्दै गएको छ। पछिल्ला वर्षहरुमा विप्रेषण आयको वृद्धिदर न्यून भएकोले कुल राष्ट्रिय बचत र लगानी बीचको अन्तर बढ्दै गएको छ।

समीक्षा वर्षमा मूल्य स्थितिमा केही सुधार भएको देखिन्छ। वार्षिक औषतको आधारमा आर्थिक वर्ष २०७४।७५ उपभोक्ता मुद्रास्फीति दर ४.२ प्रतिशत रहेको छ जुन गत वर्ष केही उच्च अर्थात् ४.५ प्रतिशत रहेको थियो। आपूर्ति व्यवस्थामा भएको सुधार र छिमेकी देश भारतमा मूल्यमा कमी आएको कारणले समष्टिगत मुद्रास्फितिमा कमी आएको हो।

## मौद्रिक तथा वित्तीय क्षेत्र

विस्तृत मुद्राप्रदाय, निजी क्षेत्रतर्फ प्रवाहित कर्जा तथा कुल निक्षेपसँग कुल गार्हस्थ उत्पादनको अनुपात जस्ता वित्तीय प्रगाढता सूचकहरुमा उल्लेख्य सुधार हुँदै गएबाट अर्थतन्त्रमा मौद्रिकीकरण बढेको र सर्वसाधारणमा वित्तीय पहुँचमा वृद्धि भएको देखिन्छ। समीक्षा वर्षमा कुल गार्हस्थ उत्पादनमा विस्तृत मुदाप्रदायको अनुपात १०२.९ प्रतिशत, निजी क्षेत्रतर्फ प्रवाहित कर्जाको अनुपात ८१.२ प्रतिशत र कुल निक्षेपको अनुपात ९१.२ प्रतिशत रहेको छ।

समीक्षा अवधिमा संकुचित मुद्राप्रदाय र विस्तृत मुद्राप्रदायको वृद्धि क्रमशः १७.६ प्रतिशत र १९.४ प्रतिशत रहेको अनुमान छ जुन गत वर्ष १३.१ प्रतिशत र १५.५ प्रतिशत रहेको थियो। समीक्षा अवधिमा वैदेशिक सम्पति बढेका कारण मुद्राप्रदाय दर विस्तार भएको हो। यस्तै, सोही अवधीमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा वृद्धिदर २२.३ प्रतिशत रहेकोमा निक्षेप वृद्धि दर भने १९.२ प्रतिशतमात्र रहेको छ। निक्षेप वृद्धिको तुलनामा कर्जाको विस्तार उच्च रहेका कारण बैंक तथा वित्तीय संस्थाको लगानीयोग्य पूँजीमा चाप परेको देखिएको छ।

आर्थिक वर्ष २०७४।७५ मा धितोपत्र बजारमा संकुचन आएको देखिन्छ। गत वर्षको तुलनामा धितोपत्रको प्राथमिक बजारमार्फत् हुने पूँजी परिचालनमा सामान्य गिरावट आएको छ। साधारण शेयरको आपूर्तिमा वृद्धि, बैकिङ्ग तरलता तथा ब्याजदरको तिव्र उत्तारचढाव, उच्च चालु खाता घाटा लगायतका विविध कारणले लगानीकर्ताको मनोबल कमजोर हुन गई धितोपत्रको दोस्रो बजार सकारात्मक बन्न नसकेको देखिन्छ। समीक्षा वर्षमा प्राथमिक बजारमार्फत् कुल रु. ५३.३० अर्व बराबरको पूँजी परिचालन भएको छ जबकि गत वर्ष रु. ५९.३९ अर्ब बराबरको पूँजी परिचालन भएको थियो।गत वर्ष २०५ अर्ब बराबरको धितोपत्र कारोबार भएकोमा समीक्षा अवधिमा  कुल रु. १२१ अर्ब बराबरको धितोपत्र कारोबार भएको छ। यस्तै, गत वर्ष १,६५८.५८ बिन्दुमा रहेको नेप्से सूचकांकमा २३.४ प्रतिशतले गिरावट आई आर्थिक वर्ष २०७४।७५ को अन्त्यमा १,२१२.३६ बिन्दु कायम भएको छ।

## सरकारी वित्त क्षेत्र

समीक्षा अवधिमा सरकारी वित्त क्षेत्रको स्थिति सामान्य रहेको छ। समीक्षा वर्षमा राजस्व १८.९ प्रतिशतले वृद्धि भएको अनुमान गरिएको छ भने सरकारी खर्चमा २५ प्रतिशतले वृद्धि भएको अनुमान छ। गत वर्ष उक्त वृद्धि दर क्रमशः २६.२ प्रतिशत र ३९.३ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७४।७५ मा सरकारको चालु खर्च र पूँजीगत खर्चको वृद्धि दर क्रमशः ३४.९ प्रतिशत र १४.३ प्रतिशत रहेको छ। विगतमा राजस्व परिचालन चालु खर्चभन्दा उच्च हुने गरेकोमा चालु आर्थिक वर्षमा राजस्व परिचालन भन्दा चालु खर्च उच्च हुन गई कुल गार्हस्थ उत्पादनमा संघीय सरकारको राजस्व बचतको अनुपात ०.३ प्रतिशतले ऋणात्मक हुने अनुमान छ। गत आर्थिक वर्षमा वित्तीय व्यवस्थासहितको कुल सरकारी खर्चलाई आधार मान्दा बजेट घाटा १७२.६ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा यस्तो घाटा ६४.८ प्रतिशतले मात्र वृद्धि हुने अनुमान छ।

## बाहय क्षेत्र

आपूर्ति व्यवस्थामा सहजता, अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य वृद्धि, सरकारी खर्चमा तुलनात्मक वृद्धि लगायतका कारणहरुले आर्थिक वर्ष २०७४।७५ मा कुल वैदेशिक व्यापारमा २४.५ प्रतिशतको वृद्धि आएको छ। समीक्षा वर्षमा कुल वस्तु निर्यात ११.१ प्रतिशतले वृद्धि हुँदा आयात भने २५.५ प्रतिशतले वृद्धि भएको छ। निर्यातको तुलनामा आयातको वृद्धिदर उच्च हुँदा समीक्षा वर्षमा व्यापार घाटा २६.७ प्रतिशतको उच्च दरले वृद्धि भई जिडिपिको ३८.६ प्रतिशत पुगेको छ। पछिल्लो समय घट्दो दरमा वृद्धि भइरहेको विप्रेषण आप्रवाहमा समीक्षा वर्षमाभने ८.६ प्रतिशतले वृद्धि आएको छ। उक्त वृद्धिदर गत वर्ष ४.६ प्रतिशत रहेको थियो। खासगरी आयातमा वृद्धि, बढ्दो व्यापार घाटा तथा विप्रेषण प्रवाहमा आएको कमीका कारण मुलुकको सोधानान्तर स्थिति रु. ९६ करोडले मात्र बचतमा रहेको छ भने चालु खातारु. २४५ अर्बले घाटामा रहेको छ। यसबाट विदेशी मुद्रामा समेत ह्रास

आई करिब ९.४ महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्ने क्षमता रहेको छ, जुन गत वर्ष करिब ११.४ महिनाको लागि रहेको थियो। नेपालको समष्टिगत आर्थिक अवस्थाको संक्षिप्त स्वरुप तालिका १.२ मा प्रस्तुत गरिएको छ।

तालिका १.२
नेपालको समष्टिगत आर्थिक अवस्था

| क्र.सं. | विवरण | इकाई | आर्थिक वर्ष | | |
|---|---|---|---|---|---|
| | | | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
| १ | **वास्तविक क्षेत्र र मूल्य** | | | | |
| | क) यथार्थ आर्थिक बृद्धि | प्रतिशत | ०.२ | ७.४ | ५.९ |
| | कृषि | प्रतिशत | ०.२ | ५.२ | २.८ |
| | गैर कृषि | प्रतिशत | ०.४ | ८.५ | ७.१ |
| | उद्योग | प्रतिशत | -६.४ | १२.४ | ८.८ |
| | सेवा | प्रतिशत | २.४ | ७.४ | ६.६ |
| | ख) प्रति व्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | ७४८.० | ८६६.० | १००४.० |
| | ग) कूल उपभोग/ जिडिपी अनुपात | प्रतिशत | ९५.९ | ८८.१ | ८५.० |
| | घ) कूल गार्हस्थ वचत/जिडिपी अनुपात | प्रतिशत | ४.१ | ११.९ | १५.० |
| | ङ) कूल राष्ट्रिय वचत/जिडिपी अनुपात | प्रतिशत | ४०.१ | ४५.४ | ४३.९ |
| | च) कूल स्थिर पूँजी लगानी/जिडिपी अनुपात | प्रतिशत | २८.७ | ३१.८ | ३४.१ |
| | छ) मूल्य बृद्धि (मुद्रा स्फीति) औषत वार्षिक | प्रतिशत | ९.९ | ४.५ | ४.२ |
| २ | **मौद्रिक एवं वित्तीय क्षेत्र** | | | | |
| | (क) संकुचित मुद्रा प्रदाय (M1) | प्रतिशत | १८.५ | १३.१ | १७.६ |
| | (ख) विस्तृत मुद्रा प्रदाय (M2) | प्रतिशत | १९.५ | १५.५ | १९.४ |
| | (ग) निजी क्षेत्रको कर्जा वृद्धि | प्रतिशत | २३.२ | १८.० | २२.३ |
| | (घ) कूल निक्षेप वृद्धि | प्रतिशत | १९.४ | १४.० | १९.२ |
| | (ङ) पूँजी बजार<br>नेप्से सूचकांक | विन्दुमा | १७१८.१५ | १५८२.६७ | १२१२.३६ |
| | फ्लोट सूचकांक | विन्दुमा | १२५.४१ | ११६.१४ | ८७.१५ |
| ३ | **सरकारी वित्त क्षेत्र** | | | | |
| | (क) राजस्व वृद्धि | प्रतिशत | १५.१ | २६.२ | १८.९ |
| | (ख) सरकारी खर्च बृद्धि | प्रतिशत | ३२.० | ३९.३ | २५.० |
| | (ग) बजेट घाटा (नगद प्रवाहमा आधारित) | रु. अर्बमा | ४९.८३ | १८८.७ | २६८.८ |
| | घ) कुल तिर्न बाँकी ऋण | रु. अर्बमा | ६२७.८ | ६२४.५ | ८९४.५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | **वाह्य क्षेत्र (वैदेशिक व्यापार र भुक्तानी)** | | | | |
| | (क) निर्यात वृद्धि | प्रतिशत | -१७.८ | ४.२ | ११.१ |
| | निर्यात/जिडिपी अनुपात | प्रतिशत | ३.१ | २.८ | २.७ |
| | (ख) आयात वृद्धि | प्रतिशत | -०.१ | २८.० | २५.५ |
| | आयात/जिडिपी अनुपात | प्रतिशत | ३४.४ | ३८.१ | ४१.३ |
| | (ग) निर्यात/आयात अनुपात | प्रतिशत | ९.१ | ७.४ | ६.५ |
| | (घ) व्यापार घाटा बृद्धि | प्रतिशत | २.० | ३०.४ | २६.७ |
| | व्यापार घाटा/जिडिपी अनुपात | प्रतिशत | -३१.३ | -३५.३ | -३८.६ |
| | ङ) चालु खाता सन्तुलन | रु. अर्ब | १४०.४ | -१०.१ | -२४५.२ |
| | च) शोधनान्तर वचत | रु. अर्ब | १८९.० | ८२.१ | ०.९ |
| | छ) विदेशी मुद्रा संचिति (वस्तु तथा सेवा आयात धान्न पुग्ने) क्षमता | महिना | १४.१ | ११.४ | ९.४ |

स्रोतःनेपाल राष्ट्र बैंकको वार्षिक तथ्याङ्क र आर्थिक सर्वेक्षण, २०७४।७५, अर्थ मन्त्रालय।

समग्रमा नेपालको अर्थतन्त्र सकारात्मक दिशातर्फ उन्मुख भएको देखिए तापनि देशमा उच्च, दिगो फराकिलो र समावेशी आर्थिक वृद्धिमार्फत् गरिबी, असमानता, बेरोजगारी तथा परनिर्भरताको अन्त्य गरी दिगो विकास लक्ष्य हासिल गर्दै सन् २०३० सम्म मध्यम आय मुलुकको स्तरमा पुग्ने कार्य चुनौतीपूर्ण रहेको छ। त्यसैगरी आगामी दिनमा संघीयता व्यवस्थापन तथा पूर्वाधार विकासमा उल्लेख्य खर्च गर्नु पर्ने देखिएकोले राजस्व परिचालन तथा सार्वजनिक वित्त परिचालन र धितोपत्र बजारका साथै अन्य वित्तीय सेवाको पहुँच स्थानीय तहसम्म पुऱ्याउनुपर्ने लगायत अन्य गतिविधिहरुलाई प्रभावकारी बनाई सोको उचित व्यवस्थापन गर्नुपर्ने चुनौती समेत रहेको छ।

■■■

# भाग २

# धितोपत्र बजारको स्थिति

## २.१ विश्व धितोपत्र बजार

सन् २०१७ मा विश्व धितोपत्र बजार उत्साहजनक रहेको छ। धितोपत्र विनिमय बजारको विश्व संगठन (World Federation of Exchanges-WFE) ले सन् २०१८ जनवरीमा प्रकाशन गरेको प्रतिवेदन अनुसार अन्तर्राष्ट्रिय धितोपत्र बजारका प्रमुख सूचकांकहरुमा उल्लेख्य वृद्धि आएको छ। सन् २०१७ मा बजार पूँजीकरण र धितोपत्रको प्राथमिक निष्काशनमा समेत उच्च वृद्धि देखिएतापनि दोस्रो बजार भने सामान्य रहेको छ। त्यस्तै, धितोपत्रको दोस्रो बजारमा धितोपत्रको कारोबार रकममा केही सुस्तता आएको छ।

सन् २०१८ जुलाईमा अन्तर्राष्ट्रिय धितोपत्र बजारको बजार पूँजीकरणमा वृद्धि देखिएको छ। सन् २०१७ जुलाईको तुलनामा करिब ९.१ प्रतिशतको वृद्धि आई उक्त पूँजीकरण सन् २०१८ जुलाईको अन्त्यमा ८५.९ ट्रिलियन अमेरिकी डलर पुगेको छ। धितोपत्रको विश्व बजार पूँजीकरणमा सबैभन्दा बढी हिस्सा (करिब ४५ प्रतिशत) रहेको अमेरिकी क्षेत्रको धितोपत्र बजारको पूँजीकरणमा नै सबैभन्दा बढी १४.९ प्रतिशतको वृद्धि देखिएको छ। यस्तै, सोही अवधिमा अन्तर्राष्ट्रिय धितोपत्र बजारमा भएको धितोपत्र कारोबारको कुल रकममा करिब २४.६ प्रतिशतको वृद्धि आई ५१ ट्रिलियन अमेरिकी डलर कायम भएको छ। कुल कारोबार रकममा अमेरिकी क्षेत्रमा रहेका धितोपत्र बजारको कारोबार रकमले करिब ५० प्रतिशत हिस्सा राखेको अमेरिकी क्षेत्रको धितोपत्र बजारमा कारोबार रकम सन् २०१८ जुलाईको अन्त्यमा २८.३ प्रतिशतले वृद्धि भएको देखिन्छ।

त्यस्तै सन् २०१८ जुलाईमा सूचीकृत कम्पनीको संख्यामा १.३ प्रतिशतको सामान्य वृद्धि आएको देखिन्छ। समीक्षा वर्षमा युरोप, मध्य एशिया र अफ्रिकी क्षेत्रका धितोपत्र बजारमा सबैभन्दा बढी (करिब २.१ प्रतिशत) वृद्धि भएको देखिन्छ। एशिया प्यासिफिक क्षेत्रका धितोपत्र बजारमा सबैभन्दा बढी (करिब ५३ प्रतिशत) सूचीकृत कम्पनी रहेका छन्। सन् २०१८ जुलाईमा प्राथमिक निष्काशनमार्फत् ९१.४५ बिलियन अमेरिकी डलर बराबरको पूँजी परिचालन भएको छ जुन सन् २०१७ जुलाईको तुलनामा ४.१ प्रतिशतको वृद्धि हो। समीक्षा अवधिमा एशिया प्यासिफिक क्षेत्रको धितोपत्र बजारमार्फत् हुने पूँजी परिचालनमा भने १०.८ प्रतिशतले कमी आएको छ। भारत, अस्ट्रेलिया तथा इन्डोनेशिया लगायतका मुलुकहरुको प्राथमिक बजार गतिविधिहरुमा वृद्धि आएतापनि चीन, कोरिया, जापान, फिलिपिन्स, थाइल्याण्ड, मलेशिया लगायतका मुलुकहरुको प्राथमिक बजारमा कमी आएका कारण उक्त क्षेत्रमा गिरावट देखिएको हो।

सन् २०१७ जुलाईको तुलनामा सन् २०१८ जुलाईमा विश्व धितोपत्र बजारका प्रमुख सूचकांकहरुमा उल्लेखनीय वृद्धि भएको छ। अमेरिकाको न्यूर्योक स्टक एक्सचेन्जको NYSE Composite Index सन् २०१८ जुलाईको अन्त्यमा करिब ७.३ प्रतिशतले वृद्धि भई १२७६९.५० विन्दु पुगेको छ जुन सन् २०१७ जुलाईको अन्त्यमा ११८९७.३१ विन्दु रहेको थियो। त्यस्तै लण्डन स्टक एक्सचेन्जमा सूचीकृत उच्च पूँजी भएका १०० कम्पनीहरुको शेयर मूल्यको आधारमा गणना गरिने FTSE 100 मा पनि करिब ३.७० प्रतिशतको वृद्धि आई ७६५१.३३ विन्दु पुगेको छ। सन् २०१७ जुलाईको अन्त्यमा उक्त सूचकांक ७३७८.३९ विन्दु रहेको थियो। जापानको टोकियो स्टक एक्सचेन्जमा सूचीकृत उच्च रेटिङ्ग भएका २२५ कम्पनीहरुको आधारमा गणना गरिने Nikkei 225 मा करिब १२.३२ प्रतिशतले वृद्धि आएको छ। सन् २०१७ जुलाईमा २०,११८.८६ बिन्दु रहेको मूल्यमा आधारित उक्त सूचकांक (Price Weighted Index)सन् २०१८ जुलाईको अन्त्यमा २२,५९७.३५ बिन्दु पुगेको छ। चीनको सांघाई स्टक एक्सचेन्जमा क र ख वर्गमा सूचीकृत कम्पनीहरुको शेयर मूल्यको आधारमा गणना गरिने Shanghai Composite Index मा सन् २०१८ जुलाईको अन्त्यमा १२.१४ प्रतिशतले कमी आई २,८३१.१८ विन्दु पुगेको छ। उक्त सूचकांक सन् २०१७ जुलाईमा ३,२२२.४२ विन्दु रहेको थियो। भारतमा बम्बई स्टक एक्सचेन्जमा सूचीकृत उच्च स्तरका ५०० कम्पनीको S&P BSE Sensex मा सन् २०१८ जुलाईको अन्त्यमा करिब १६.५२ प्रतिशतले वृद्धि आई ३६,५४१.६३ विन्दु पुगेको छ जुन सन् २०१७ जुलाईको अन्त्यमा ३१,३६०.६३ विन्दु रहेको थियो। यसरी विश्वका केही प्रमुख धितोपत्र बजारका सूचकांकहरु तालिका २.१ मा प्रस्तुत गरिएको छ।

**तालिका २.१**
**विश्वका केही प्रमुख धितोपत्र बजारको सूचकांक**

| क्र.स. | सूचकांक | आधार विन्दु | सन् २०१७ जुलाई | सन् २०१८ जुलाई | परिवर्तन प्रतिशत |
|---|---|---|---|---|---|
| १ | S& P BSE Sensex | १,००० | ३१,३६०.६३ | ३६,५४१.६३ | १६.५२ |
| २ | Nikkei225 | २२५ | २०,११८.८६ | २२,५९७.३५ | १२.३२ |
| ३ | NYSE Composite Index | ५,००० | ११,८९७.३१ | १२,७६९.५० | ७.३३ |
| ४ | FTSE 100 | १,००० | ७,३७८.३९ | ७,६५१.३३ | ३.७० |
| ५ | Shanghai Composite Index | १०० | ३,२२२.४२ | २,८३१.१८ | (१२.१४) |

स्रोत: ब्लुमबर्ग ।

अधिकांश मुलुकहरुले अपनाएको विस्तारकारी मौद्रिक नीति, न्यून मुद्रास्फीति दर, सूचीकृत कम्पनीको सुदृढ मुनाफा जस्ता कारणहरुले सन् २०१७ मा अन्तर्राष्ट्रिय धितोपत्र बजार समग्रमा सकारात्मक रहेको हो। सन् २०१७ मा सार्क क्षेत्रको धितोपत्र बजार तालिका २.२ मा प्रस्तुत गरिएको छ।

**तालिका २.२**
**सन् २०१७ मा सार्क क्षेत्रको धितोपत्र बजारको अवस्था**

| परिसूचकहरु | एकाई | भारत | नेपाल | भुटान | पाकिस्तान | श्रीलङ्का | बंगलादेश | मालदिभ्स |
|---|---|---|---|---|---|---|---|---|
| प्राथमिक निष्काशन रकम | अमेरिकी डलर, दश लाखमा | १,६२४२.३ | ४७७.७८ | * | ९५.४ | * | * | * |
| सूचीकृत कम्पनी | संख्या | ७,५५० | १९६ | २१ | ५६० | २९८ | | १० |
| स्टक एक्सचेन्ज | संख्या | ५ | १ | १ | १ | १ | २ | १ |
| बार्षिक कारोबार रकम | अमेरिकी डलर, दश लाखमा | १,१९२,००२ | १,२८६.४३ | १.७१६ | * | * | २५,९६१ | * |
| बजार पूँजीकरण | अमेरिकी डलर, दश लाखमा | ४,०५१,१८२ | १२,८६४.३ | ३४९.३ | ७८,००१ | १७,९२० | ५०,६०४ | * |
| कारोबार र बजार पूँजीकरण | प्रतिशत | २९.४२ | १०.०० | ०.४९ | * | * | ५१.३ | * |
| बजार पूँजीकरण र कुल गाहर्स्थ उत्पादन | प्रतिशत | १६८.७ | ४२.८ | १३.९ | २५.६ | * | २०.३ | * |
| विनिमय दर | एक अमेरिकी डलर बराबर | ६९.८ | १११.६ | ७३.२३ | १२२.१ | * | ८३.६ | * |

स्रोत:सम्बन्धित नियमन निकाय तथा स्टक एक्सचेञ्जको वार्षिक प्रतिवेदनहरु ।*उपलब्ध नभएको, अफगानिस्तानको कुनैपनि तथ्याङ्क नभेटिएको ।

## २.२ नेपालको धितोपत्र बजार

नेपालको धितोपत्र बजार हालका वर्षहरुमा संरचनात्मक परिवर्तनका कारण आधुनिक हुँदै गइरहेको छ। पछिल्लो समयमा धितोपत्रको पूर्ण अभौतिक कारोबार, प्राथमिक बजारमा आस्वा तथा सि-आस्वा प्रणाली लागू भई हाल ७७ जिल्लामा नै बैंक तथा वित्तीय संस्थाका २५०० भन्दा बढी शाखाहरूबाट प्राथमिक बजारको सेवा उपलब्ध भएको, मर्चेन्ट बैंकर तथा धितोपत्र दलाल व्यवसायीको उपत्यका बाहिर शाखा विस्तार हुने क्रम बढेकोले नेपालको धितोपत्र बजार प्रविधिमैत्री, लगानीमैत्री एवं देशव्यापी बन्दै गइरहेको छ।

आर्थिक वर्ष २०७४।७५ मा बजार सुधार तथा विकासका लागि उल्लेख्य कार्यहरु भएतापनि अर्थतन्त्रमा लगानीको अन्य विकल्पहरु कम भएको, वित्तीय बजारमा असन्तुलित भई बैंक व्याजदर अस्थिर रहेको तथा बैंक तथा वित्तीय संस्थाको हकप्रद, बोनस

शेयर निष्काशन तथा थप सार्वजनिक निष्काशन, संगठित संस्थाको धितोपत्रको प्राथमिक निष्काशनबाट धितोपत्रको आपूर्तिमा वृद्धि भएका कारण समीक्षा वर्षमा धितोपत्रको दोस्रो बजारमा संकुचन देखिएको छ। धितोपत्र बजारको संक्षिप्त झलक तालिका-२.३ मा प्रस्तुत गरिएको छ।

**तालिका २.३**
**धितोपत्र बजारको संक्षिप्त झलक**

| क्र.स. | विवरण | आर्थिक वर्ष | | | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७३/७४ | २०७४/७५ |
| १ | कुल सार्वजनिक निष्काशन संख्या | ५५ | १०१ | ८७ | ८३.६ | -१३.९ |
| २ | कुल सार्वजनिक निष्काशन रकम (रु. अर्बमा) | १८.९९ | ५९.३९ | ५३.३ | २१२.७ | -१०.३ |
| ३ | धितोपत्र बजार मार्फत् कुल पूँजी परिचालन(रु. अर्बमा) (बोनस शेयर समेत) | ४०.०५ | ९४.१९ | ८६.४ | १३५.२ | -८.३ |
| ४ | सूचीकृत कम्पनीको संख्या | २३० | २०८ | १९६ | -९.६ | -५.८ |
| ५ | सूचीकत कम्पनीको चुक्ता पूँजी (रु. अर्बमा) | २०४.०२ | २८९.६ | ३५२.१ | ४१.९ | २१.६ |
| ६ | वार्षिक कारोबार रकम (रु अर्बमा) | १६४.६५ | २०५.०२ | १२१.४ | २४.५ | -४०.८ |
| ७ | कारोबार दिन | २३३ | २३० | २३३ | -१.३ | १.३ |
| ८ | बजार पूँजीकरण (रु. अर्बमा) | १८९०.१३ | १८५६.८२ | १४३५.१४ | -१.८ | -२२.७ |
| ९ | फ्लोट बजार पूँजीकरण (रु. अर्बमा) | ६३२.६६ | ६४१.६९ | ४८३.९ | १.४ | -२४.६ |
| १० | नेप्से सूचकांक (विन्दुमा) | १७१८.१५ | १५८२.६७ | १२१२.३६ | -७.९ | -२३.४ |
| ११ | नेप्से फ्लोट सूचकांक (विन्दुमा) | १२५.४१ | ११६.१४ | ८७.१५ | -७.४ | -२५.० |

स्रोतः नेपाल धितोपत्र बोर्ड र नेप्से

पछिल्लो समय धितोपत्र बजारप्रति सर्वसाधारण जनताको आकर्षण बढ्दै गइरहेको, धितोपत्र दलाल व्यवसायीको पूँजी आधार तथा कार्यक्षेत्र विस्तार भएको, बोर्डले इक्विटी डेरिभेटिभ्सूजस्ता लगानीका उपकरणहरु प्रयोगमा ल्याउने नीति लिएको, ओटिसी बजारको सुधार तथा विकास प्रयास अगाडि बढाइएको, अनलाइन कारोबार प्रणाली पूर्ण कार्यान्वयन गर्ने नेप्सेको योजना, बैंकको सहायक कम्पनीमार्फत् धितोपत्र दलाल व्यवसाय गर्न सक्ने व्यवस्था मौद्रिक नीतिमार्फत् भएको, वैकल्पिक लगानी कोषको स्थापना, गैर आवासीय नेपालीको लगानी धितोपत्र बजारमा भित्र्याउन प्रयास भइरहेको लगायतका कारणहरुले दोस्रो बजारको दायरा पनि बढ्दै गइरहेको देखिन्छ।

प्राथमिक बजारमा आस्वा तथा सि-आस्बा प्रणालीमार्फत् देशव्यापी रुपमा सार्वजनिक निष्काशन गर्न सक्ने वातावरण तयार भएको, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ ले वास्तविक क्षेत्रका कम्पनीले न्यूनतम १० प्रतिशत शेयर सार्वजनिक निष्काशन गर्न सक्ने तथा प्रिमियम मूल्यमा शेयर जारी गर्न सक्ने प्रोत्साहनमूलक व्यवस्था, प्राथमिक बजारको लगानीमा तरलता बढेको, धितोपत्रको प्राथमिक निष्काशनदेखि कारोबार गर्नसम्म लाग्ने समय उल्लेख्य रुपमा घटेको, नेपाल सरकारले रु. एक अर्ब वा सो भन्दा बढी पूँजीमा स्थापित कम्पनीलाई पूँजी बजार प्रवेशमा बाध्यात्मक व्यवस्था तथा रु. ५० करोडभन्दा माथि पूँजी भएका कम्पनी पूँजी बजारमा प्रवेश गरेमा कर छुट दिने वित्तीय नीति प्राथमिक बजारका लागि सकारात्मक देखिन्छ। आ.व. २०७४।७५ मा धितोपत्रको प्राथमिक तथा दोस्रो बजारको विस्तृत विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

### २.२.१ प्राथमिक बजार

विगत तीन आर्थिक वर्षको प्राथमिक बजारमा संगठित संस्थाहरुले साधारण शेयरको सार्वजनिक निष्काशन, हकप्रद निष्काशन, थप निष्काशन र ऋणपत्र निष्काशन विधि प्रयोग गरी पूँजी परिचालन गरेका छन् भने सामूहिक लगानी कोषले विभिन्न योजनाहरु सार्वजनिक गरेका छन् । आ.व. २०७४।७५ मा साधारण शेयरको प्राथमिक निष्काशनमार्फत् रु. ८ अर्ब ३ करोड, हकप्रद शेयर निष्काशनमार्फत् रु.२५ अर्ब ७ करोड, थप निष्काशनतर्फ रु. ११ अर्ब ५ करोड र म्युचुअल फण्डतर्फ रु.४ अर्ब ८ करोड गरी कुल रु. ५३ अर्व ३० करोड रुपैयाँ बराबरको पूँजी परिचालन भएको छ जुन गत वर्षको रु. ५९ अर्व ३९ करोडको तुलनामा १०.३ प्रतिशतले कम हो । साधारण शेयरको प्राथमिक निष्काशनतर्फ खासगरी जलविद्युत् कम्पनीको प्राथमिक निष्काशनमा आएको बढोत्तरीका साथै थप निष्काशनमा वृद्धि भएतापनि हकप्रद निष्काशनमा कमी आएका कारण समीक्षा वर्षको प्राथमिक निष्काशन रकममा कमी आएको हो। पछिल्लो समय धितोपत्रको प्राथमिक बजारमा जलविद्युत क्षेत्रका कम्पनीहरुको सहभागिता बढ्दै गएको छ भने समीक्षा वर्षमा वास्तविक क्षेत्रको एक सिमेन्ट कम्पनीले समेत प्रिमियम मूल्यमा साधारण शेयरको प्राथमिक निष्काशन गरेको छ।

आ.व. २०७४।७५ मा एक वाणिज्य बैंकले रु. ३ अर्ब बराबरको ऋणपत्र निष्काशन गरेको छ जसमा कुल निष्काशनको ८० प्रतिशत निजी हस्तान्तरण र बाँकी सार्वजनिक निष्काशन गरेको छ। यस अघि आ.व. २०७१।७२ मा पाँच सूचीकृत कम्पनीले रु.२ अर्ब ९० करोड बराबरको ऋणपत्र जारी गरेका थिए। यस्तै, आ.व. २०६३।६४ मा एक सूचीकृत कम्पनीले रु.४० करोड बराबरको अग्राधिकार शेयर निष्काशन गरेयता अग्राधिकार शेयर निष्काशनको अवस्था भने शून्यप्राय रहेको छ। विगत तीन आर्थिक वर्षको प्राथमिक बजार तालिका-२.४ तथा चार्ट २.१ मा प्रस्तुत गरिएको छ।

**तालिका-२.४**

**धितोपत्रको प्राथमिक बजार**

| क्र.स. | विवरण | आर्थिक वर्ष | | | | | | परिवर्तन प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७२/७३ | | २०७३/७४ | | २०७४/७५ | | संख्याको आधारमा | | रकमको आधारमा | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | २०७३/७४ | २०७४/७५ | २०७३/७४ | २०७४/७५ |
| १ | प्राथमिक निष्काशन | १४ | २.७६ | १७ | १.५१ | २१ | ८.३ | २१.४ | २९.४ | -४५.३ | ४४९.७ |
| २ | हकप्रद निष्काशन | ३७ | ९.४ | ७६ | ४५.६४ | ५५ | २५.७ | १०५.४ | -२७.६ | ३८५.५ | -४३.७ |
| ३ | थप निष्काशन | ३ | ५.८३ | ४ | ७.९९ | ६ | ११.५ | ३३.३ | ५० | ३७ | ४३.९ |
| ४ | ऋणपत्र निष्काशन | - | - | - | - | १ | ३ | - | - | - | - |
| ५ | म्युचुअल फण्ड | १ | १ | ४ | ४.२५ | ४ | ४.८ | ३०० | ० | ३२५ | १२.९ |
| जम्मा | | ५५ | १८.९९ | १०१ | ५९.३९ | ८७ | ५३.३ | ८३.६ | -१३.९ | २१२.७ | -१०.३ |

**चार्ट २.१**

**धितोपत्रको प्राथमिक निष्काशन**



विगत तीन आ.व.मा धितोपत्रको प्राथमिक बजारबाट पूँजी परिचालन गर्ने संगठित संस्थाको संख्या चार्ट २.२ मा प्रस्तुत गरिएको छ।




**प्राथमिक बजारमार्फत् क्षेत्रगत पूँजी परिचालन**:प्राथमिक बजारमार्फत भएको पूँजी परिचालनलाई क्षेत्रगत रुपमा विश्लेषण गर्दा आ.व. २०७४।७५ मा छ लघुवित्त कम्पनी, १४ जलविद्युत, चार सामूहिक लगानी कोष र एक सिमेन्ट कम्पनीले धितोपत्रको सार्वजनिक निष्काशन गरेका छन्। विगत तीन वर्षमा सार्वजनिक निष्काशनमार्फत् पूँजी परिचालन गर्ने जलविद्युत् कम्पनीको संख्यामा बृद्धि हुँदै गइरहेको छ भने एक सिमेन्ट कम्पनीले प्रिमियम मूल्यमा शेयरको निष्काशन गरेको छ। त्यस्तै विगत दुई वर्षको तुलनामा समीक्षा अवधिमा थप निष्काशनमार्फत् पूँजी परिचालन गर्ने क्रममा बृद्धि आएको छ। यस आ.व.मा तीन बैंक, एक विकास बैंक, एक बीमा कम्पनी र एक जलविद्युत कम्पनीले थप निष्काशन गरेका छन्। अघिल्लो वर्षको तुलनामा समीक्षा वर्षमा हकप्रद निष्काशनमा कमी आएतापनि निष्काशनमा बैंक, विकास बैंक तथा वित्त कम्पनी समूह कै बाहुल्यता रहेको छ।

बोनस शेयरको हकमा पनि बैंक, विकास बैंक, वित्त र बीमा समूह कै बाहुल्यता रहेको छ। विगत केही वर्ष ऋणपत्र निष्काशनको अवस्था शून्य रहेकोमा यस वर्ष बोर्डको स्वीकृतिमा एक बैंकले पाँच वर्षमा परिपक्व हुने गरी नौं प्रतिशत ब्याजदरसहितको ऋणपत्र निष्काशन गरेको छ। विगत तीन आ.व.मा धितोपत्रको प्राथमिक बजारमा विभिन्न विधिमार्फत् भएको क्षेत्रगत पूँजी परिचालन तालिका २.५ मा प्रस्तुत गरिएको छ।

**तालिका २.५**
**प्राथमिक बजारमा क्षेत्रगत पूँजी**

| क्र.स. | विवरण | आर्थिक वर्ष | | | | | | परिवर्तन प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७२/७३ | | २०७३/७४ | | २०७४/७५ | | २०७३/७४ | | २०७४/७५ | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | **प्राथमिक निष्काशन** | | | | | | | | | | |
| | बैंक | – | – | – | – | – | – | – | – | – | – |
| | विकास बैंक* | ५ | ०.१९ | ४ | ०.११ | ६ | ०.१६ | –२०.० | –४२.१ | ५०.० | ४५.५ |
| | वित्त कम्पनी | – | – | – | – | – | – | – | – | – | – |
| | जलविद्युत् | ९ | २.५७ | १३ | १.४ | १४ | ६.११ | ४४.४ | –४५.५ | ७.७ | ३३६.४ |
| | म्युचुअल फण्ड | १ | १ | ४ | ४.२५ | ४ | ४.८ | ३००.० | ३२५.० | ०.० | १२.९ |
| | उत्पादनमूलक कम्पनी | – | – | – | – | १ | २.०२ | – | – | – | – |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | **थप निष्काशन** | | | | | | | | | | |
| | बैंक | १ | ५.४५ | २ | ३.३७ | ३ | ८.८५ | १०० | -३८.१७ | ५०.० | १६२.६ |
| | विकास बैंक* | - | - | - | - | १ | ०.१ | - | - | - | - |
| | वित्त कम्पनी | १ | ०.०५ | १ | ०.२२ | - | - | ० | ३४० | - | - |
| | बीमा | १ | ०.३३ | १ | ४.४१ | १ | ०.५२ | ० | १२३६.४ | ०.० | -८८.२ |
| | जलविद्युत् | - | - | - | - | १ | २.०४ | - | - | - | - |
| ३ | **हकप्रद निष्काशन** | | | | | | | | | | |
| | बैंक | ८ | ७.०४ | २० | ३०.९२ | ६ | ११.६२ | १५० | ३३९.२ | -७०.० | -६२.४ |
| | विकास बैंक* | २२ | १.४१ | ३९ | ९.७१ | १७ | ५.७६ | ७७.२७३ | ५८८.६५ | -५६.४ | -४०.७ |
| | वित्त कम्पनी | ४ | ०.५८ | १० | २.०५ | १२ | २.७५ | १५० | २५३.४५ | २०.० | ३४.१ |
| | लघुवित्त कम्पनी | - | - | - | - | ९ | ०.८२ | - | - | - | - |
| | जलविद्युत् | १ | ०.१२ | १ | १.०५ | - | - | ० | ७७५ | - | - |
| | बीमा कम्पनी | २ | ०.२५ | ६ | १.९ | ११ | ४.७५ | २०० | ६६० | ८३.३ | १५०.० |
| ४ | **ऋण पत्र** | | | | | | | | | | |
| | बैंक | - | - | - | - | १ | ३ | - | - | - | - |
| | **जम्मा** | ५५ | १८.९९ | १०१ | ५९.३९ | ८६ | ५३.३ | ८३.६४ | २१२.७ | -१४.८५ | -१०.२५ |
| ५ | **बोनस शेयर** | | | | | | | | | | |
| | बैंक | २२ | १४.२७ | २६ | २२.७६ | १७ | २३.३३ | १८.२ | ५९.५ | -३४.६ | २.५ |
| | विकास बैंक* | ७० | ३.३३ | ८२ | ६.८७ | २३ | ३.०२ | १७.१ | १०६.३ | -७२.० | -५६.० |
| | वित्त कम्पनी | १९ | १.०३ | २८ | १.५९ | १० | ०.४७ | ४७.४ | ५४.४ | -६४.३ | -७०.४ |
| | लघुवित्त कम्पनी | - | - | - | - | २९ | १.४६ | - | - | - | - |
| | बीमा | १६ | १.८५ | २० | २.८ | २० | ३.४४ | २५.० | ५१.४ | ०.० | २२.९ |
| | जलविद्युत् | १ | ०.४१ | ५ | ०.५९ | ६ | ०.७८ | ४००.० | ४३.९ | २०.० | ३२.२ |
| | होटल | ३ | ०.२७ | २ | ०.१८ | २ | ०.२३ | -३३.३ | -३३.३ | ०.० | २७.८ |
| | अन्य | - | - | - | - | ४ | ०.३४ | - | - | - | - |
| | व्यापार | १ | ०.००६ | १ | ०.०१ | - | - | ०.० | ६६.७ | - | - |
| | जम्मा (बोनस शेयर सहित) | २४२ | ५९.१५ | ३६६ | १५३.६ | १९७ | ८६.३७ | ५१.२४ | १५९.६ | -४६.१७ | -४३.७६ |

* आ.व. २०७४।७५ बाट लघुवित्त कम्पनी नराखिएको ।

**धितोपत्र दर्ता तथा विवरणपत्र स्वीकृति**:धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २७ को उपदफा १ मा संगठित संस्थाले आफूले निष्काशन गर्ने धितोपत्र निष्काशन गर्नु अघि बोर्डमा दर्ता गराउनुपर्ने व्यवस्था भए अनुसार समीक्षा वर्षमा साधारण शेयरको प्राथमिक निष्काशन, हकप्रद निष्काशन, ऋणपत्र निष्काशन र सामूहिक लगानी योजना गरी कुल ८७ संगठित संस्थाले कुल रु. ६५ अर्ब ८० करोड ३४ लाख १० हजार ८३० बराबरको धितोपत्र बोर्डमा दर्ता गराएका छन् जसमा उक्त संस्थाहरुले कुल रु. ५३ अर्ब ३२ करोड ११ लाख ३५ हजार ८२९ बराबरको धितोपत्रको सार्वजनिक निष्काशन अनुमति पाएका छन्। गत वर्ष कुल रु. ६२ अर्ब ६३ करोड ३० लाख ७० हजार १६७ बराबरको धितोपत्र बोर्डमा दर्ता भएकोमा १०१ संगठित संस्थाले रु. ५९ अर्ब ३९ करोड बराबरको धितोपत्रको सार्वजनिक निष्काशन अनुमति प्राप्त गरेका थिए। समीक्षा वर्षमा धितोपत्र दर्ता गराउने संगठित संस्थाको संख्यामा करिब १३.९ प्रतिशत र सार्वजनिक निष्काशन अनुमतिप्राप्त रकममा १०.३ प्रतिशतले कमी आएको छ।सार्वजनिक निष्काशन अनुमति पाएको धितोपत्रमा हकप्रद शेयरको अंश करिब ४८ प्रतिशत रहेको छ भने थप निष्काशनको अंश करिब २२ प्रतिशत मात्र रहेको छ। यस्तै ऋणपत्र निष्काशनको अंश करिब पाँच प्रतिशत रहेको छ।

**साधारण शेयर निष्काशन अनुमति**:समीक्षा वर्षमा बोर्डले १४ जलविद्युत कम्पनी, छ लघुवित्त कम्पनी र एक उत्पादनमुलक कम्पनी गरी कुल २१ संगठित संस्थालाई रु. ८ अर्ब ३० करोड २० लाख ९९ हजार बराबरको साधारण शेयर निष्काशन अनुमति प्रदान गरेको छ जसमा दुई जलविद्युत कम्पनीले स्थानीयवासी र सर्वसाधारणलाई निष्काशन गरेका छन्। गत वर्ष कुल १४ संगठित संस्थालाई रु.१ अर्ब ५० करोड ८४ लाख १९ हजार ५ सय बराबरको साधारण शेयर निष्काशन अनुमति प्रदान गरेको थियो। यसरी समीक्षा वर्षमा साधारण शेयर निष्काशन गर्ने संगठित संस्थाको संख्यामा करिब २९.४ प्रतिशतले वृद्धि आएको छ भने साधारण शेयरको प्राथमिक निष्काशनमार्फत् हुने पूँजी परिचालनमा करिब साढे पाँच गुणा बढीले वृद्धि भएको छ। आ.व. २०७४।७५ मा भएको साधारण शेयर दर्ता तथा विवरणपत्र स्वीकृति सम्बन्धी विवरण अनुसूची-१ मा प्रस्तुत गरिएको छ। साथै विगत १० वर्षको साधारण शेयर निष्काशन अनुमति चार्ट २.३ मा प्रस्तुत गरिएको छ।

**चार्ट २.३ सार्वजनिक निष्काशन अनुमति**




**साधारण शेयरको थप निष्काशनः** धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन गरी धितोपत्र बजारमा सूचीकरण भैसकेको संगठित संस्थाले आफ्नो पूँजी वृद्धि गर्नुपरेमा धितोपत्रको थप सार्वजनिक निष्काशन गर्दछन् । गत वर्षको तुलनामा समीक्षा वर्षमा सूचीकृत कम्पनीको थप निष्काशनमा बढोत्तरी आएको छ । यस वर्ष छ संगठित संस्थाले रु. ११ अर्ब ५१ करोड ४८ लाख ४८ हजार १ सय ५४ मूल्य बराबरको साधारण शेयरको थप निष्काशन गरेका छन् जुन गत वर्षको तुलनामा करिब ४४ प्रतिशतको वृद्धि हो । गत वर्ष चार संगठित संस्थाले रु. आठ अर्ब बराबरको थप निष्काशन गरेका थिए । आ.व. २०६६।६७ बाट थप निष्काशन कार्यको सुरुवात भएकोमा यस्तो निष्काशनमा वाणिज्य  बैंकहरुको बाहुल्यता बढी छ । आ.व. २०६६।६७ मा एनएमबि बैंक लि.ले पहिलो पटक रु. ७ करोड १५ लाख बराबरको थप निष्काशन गरेको थियो । समीक्षा वर्षमा साधारण शेयरको थप निष्काशन सम्बन्धी विवरण अनुसूची-२ मा प्रस्तुत गरिएको छ । साथै, विगत तीन आर्थिक वर्षमा थप निष्काशनमार्फत् भएको पूँजी परिचालन चार्ट २.४ मा प्रस्तुत गरिएको छ ।

**चार्ट २.४**
**साधारण शेयरको थप निष्काशन**




**हकप्रद शेयर दर्ता तथा निष्काशनः**सूचीकृत संगठित संस्थाले सामान्यतया आफ्नो व्यवसाय विस्तार गर्न तथा सम्बन्धित नियमन निकायले तोके बमोजिमको चुक्ता पूँजी पुऱ्याउन हकप्रद शेयर जारी गर्ने कार्यमा समीक्षा वर्षमा गिरावट आएको छ । यस वर्ष बोर्डले ५५ सूचीकृत संगठित संस्थाहरुको कुल रु. २५ अर्ब ७० करोड ४१ लाख ८८ हजार ६ सय ७५ बराबरको हकप्रद शेयर दर्ता गरेको छ जसमा छ वाणिज्य बैंक, १७ विकास बैंक, १२ वित्त कम्पनी, नौं लघुवित्त कम्पनी र ११ बीमा कम्पनी रहेका छन् । गत वर्ष बोर्डले ७६ सूचीकृत संगठित संस्थाहरुको कुल रु. ४५ अर्ब ६४ करोड २४ लाख १४ हजार २ सय १ बराबरको हकप्रद शेयर दर्ता गरेको थियो जसमा १७ वाणिज्य बैंक, ३७ विकास बैंक, १० वित्त कम्पनी, एक जलविद्युत कम्पनी र छ बीमा कम्पनी रहेका थिए । यसरी समीक्षा वर्षमा हकप्रद शेयर निष्काशन संख्यामा २७.६ प्रतिशत र हकप्रद शेयर निष्काशनमार्फत् भएको पूँजी परिचालनमा ४३.७ प्रतिशतले कमी आएको छ । आ.व. २०७३।७४ को हकप्रद निष्काशन विगत २५ वर्षकै सबैभन्दा ठूलो निष्काशन हो । यसअघि आ.व. २०६५।६६ मा रु. ११ अर्ब ६१ करोड बराबरको हकप्रद शेयरको ठूलो निष्काशन भएको थियो । विगत १० वर्षको हकप्रद शेयर निष्काशन चार्ट २.५ मा प्रस्तुत गरिएको छ । साथै, आ.व. २०७४।७५ मा भएको हकप्रद शेयरको दर्ता तथा निष्काशन अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।




**बोनस शेयर दर्ता**:सूचीकृत संगठित संस्थाले आफ्नो व्यवसाय विस्तार गर्न, चुक्ता पूँजी वृद्धि गर्न तथा शेयरधनीलाई प्रतिफल वितरण गर्ने उद्देश्यले वितरण गरिने बोनस शेयरमा समीक्षा वर्षमा वृद्धि आएको छ। यस वर्ष ११२ सूचीकृत कम्पनीबाट रु. ३३ अर्ब ८ करोड ६९ लाख ३९ हजार ९ सय ९९ बराबरको बोनस शेयर दर्ता भएको छ जुन गत वर्षको तुलनामा करिब पाँच प्रतिशतले कम हो। समीक्षा वर्षमा १७ वाणिज्य बैंकले रु. २३ अर्व ३३ करोड, २३ विकास बैंकले रु. ३ अर्व २ करोड, १० वित्त कम्पनीले रु. ४६ करोड, २० बीमा कम्पनीले रु. ३ अर्व ४४ करोड, छ जलविद्युत कम्पनीले रु. सात करोड, दुई होटलले रु. २२ करोड, २९ लघुवित्त कम्पनीले रु. १ अर्ब ४५ करोड, एक उत्पादनशिल तथा प्रशोधन कम्पनीले रु. २ करोड र अन्य समूहका दुई कम्पनीले रु. ३३ करोड बराबरको बोनस शेयर दर्ता गराएका छन्। गत वर्ष १६४ सूचिकृत कम्पनीले रु. ३४ अर्ब ७९ करोड ५९ लाख ९२ हजार ७ सय ६८ बराबरको बोनस शेयर बोर्डमा दर्ता गरेका थिए, जसमा २६ वाणिज्य बैंकको रु. २२ अर्व ७६ करोड, ८२ विकास बैंकको रु. ६ अर्व ८७ करोड, २८ वित्त कम्पनीको रु. १ अर्व ५९ करोड, २० बीमा कम्पनीले रु. २ अर्व ८० करोड, पाँच जलविद्युत कम्पनीको रु. ५९ करोड, दुई होटलले रु.१८ करोड र एक व्यापार कम्पनीको रु. १ करोड बराबरको बोनस शेयर रहेका छन्। आ.व. २०७४।७५ मा भएको बोनस शेयरको दर्ता सम्बन्धी विवरण अनुसूची-४ मा प्रस्तुत गरिएको छ।

**सामूहिक लगानी योजना दर्ता तथा निष्काशन**: समीक्षा वर्षमा चार संगठित संस्थाले रु. ४ अर्ब ८० करोड बराबरको सामूहिक लगानी योजना बोर्डमा दर्ता गरेका छन् जुन अघिल्लो वर्षको तुलनामा १२.९ प्रतिशतको वृद्धि हो। गत वर्ष चार संगठित संस्थाले रु. ४ अर्ब २५ करोड बराबरको सामूहिक लगानी योजना दर्ता गरेका थिए। यससँगै सामूहिक लगानी योजनाको संख्या हालसम्म १३ पुगेको छ। हाल नेपालमा बन्दमूखी प्रकृतिका सामूहिक लगानी योजनाहरु सञ्चालनमा रहेका छन्। आ.व. २०७४।७५ मा भएको सामूहिक लगानी योजना दर्ता तथा निष्काशन अनुमति सम्बन्धी विवरण अनुसूची-५ मा प्रस्तुत गरिएको छ। साथै विगत पाँच वर्षमा सामूहिक लगानी योजनाको दर्ता तथा निष्काशन चार्ट २.६ मा प्रस्तुत गरिएको छ।




### २.२.२ दोस्रो बजार

आ.व.२०७३।७४ मा धितोपत्रको दोस्रो बजारको स्थिति मिश्रित रहेतापनि समीक्षा वर्ष धितोपत्रको दोस्रो बजारका परिसूचकहरुमा शिथिलता आएको देखिन्छ। समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाको मर्जर तथा प्राप्तिका कारण सूचीकृत संगठित संस्थाको संख्यामा केही कमी आएको छ। यस वर्ष कारोवार रकममा भने उल्लेख्य ह्रास आएको छ। गत वर्ष कारोबार रकम तथा संख्यामा उल्लेख्य वृद्धि भएतापनि समीक्षा वर्षमा उक्त वृद्धिले निरन्तरता पाउन सकेन। आ.व. २०७३।७४ मा रु. २ खर्व ५ अर्वको कारोवार भएकोमा समीक्षा वर्षमा यस रकममा ४०.८ प्रतिशतले ह्रास आई रु. १ खर्व २१ अर्वको कारोवार भएको छ भने औषत दैनिक कारोवारमा समेत यस वर्ष ४१.६ प्रतिशतको गिरावट आई रु. ५२.१ करोड मात्र भएको छ। आ.व. २०७३।७४ मा औषत दैनिक कारोवार रु. ८९.१ करोड रहेको थियो। कूल बजार पूँजीकरणमा अघिल्लो वर्षको तुलनामा २२.७ प्रतिशतको गिरावट आई यस आ.व.मा रु. १४ खर्व ३५ अर्व पुगेको छ र फ्लोट बजार पूँजीकरणमा भने अघिल्लो वर्षको तुलनामा २४.६ प्रतिशतको कमी आई रु. ४ खर्व ८३ अर्व पुगेको छ। यस्तै, नेप्से सूचकांक पनि समीक्षा वर्षको अन्त्यमा २३.४ प्रतिशतले घटेर १२१२.३६ विन्दु कायम भएको छ भने आ.व. २०७३।७४ को अन्त्यमा ११६.१४ विन्दु रहेको फ्लोट सूचकांक यस अवधिको अन्त्यमा २५ प्रतिशतले ह्रास आई ८७.१५ विन्दु रहेको छ।

समीक्षा वर्षमा सूचीकृत संगठित संस्थाको हकप्रद तथा थप निष्काशनका कारण साधारण शेयरको आपूर्तिमा वृद्धि, तरलता समस्या, बैकिङ क्षेत्रमा ब्याजदर असन्तुलन, कर व्यवस्थासम्बन्धी अस्पष्टता, लगानीकर्ताको पर्ख र हेरको मनोविज्ञान जस्ता कारणहरुले धितोपत्रको दोस्रो बजारमा प्रभाव परेको अनुमान छ। विगत तीन आर्थिक वर्षको दोस्रो बजार तालिका-२.६ मा प्रस्तुत गरिएको छ।

**तालिका २.६**
**धितोपत्रको दोस्रो बजार**

| क्र.स. | विवरण | यूनिट | आर्थिक वर्ष | | | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७३/७४ | २०७४/७५ |
| १ | सूचीकृत संगठित संस्था | संख्या | २२९ | २०८ | १९६ | -९.२ | -५.८ |
| २ | धितोपत्रको वार्षिक कारोबार | रु. अर्बमा | १६४.६५ | २०५.०२ | १२१.४ | २४.५ | -४०.८ |
| ३ | औसत दैनिक कारोबार रकम | रु. करोडमा | ७०.६६ | ८९.१४ | ५२.१ | २६.२ | -४१.६ |
| ४ | कारोबार भएको कूल शेयर संख्या | करोडमा | ३०.३६ | ३९.२९ | २९.४ | २९.४ | -२५.२ |
| ५ | कारोबार संख्या | लाखमा | ८.३९ | १३.५७ | १३.११ | ६१.७ | -३.४ |
| ६ | सूचीकृत धितोपत्रको संख्या | करोडमा | २१०.५४ | २९६.५९ | ३५९.८७ | ४०.९ | २१.३ |
| ७ | सूचीकृत धितोपत्रको बजार पूँजीकरण | रु. अर्बमा | १८९०.१३ | १८५६.८२ | १४३५.१४ | -१.८ | -२२.७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | फ्लोट बजार धितोपत्रको बजार पूँजीकरण | रु. अर्बमा | ६३२.६६ | ६४१.६९ | ४८३.९ | १.४ | -२४.६ |
| ९ | बजार पूँजीकरणमा कारोबारको अनुपात | प्रतिशत | ८.७१ | ११.०४ | ८.५ | २६.८ | -२३.४ |
| १० | कुल गार्हस्थ उत्पादनमा बजार पूँजीकरणको अनुपात | प्रतिशत | ८४.१ | ७१.४४ | ४७.७ | -१५.१ | -३३.२ |
| ११ | कुल गार्हस्थ उत्पादनमा फ्लोट पूँजीकरणको अनुपात | प्रतिशत | २८.१५ | २४.६९ | १६.१ | -१२.३ | -३४.८ |
| १२ | नेप्से सूचकांक | विन्दु | १७१८.१५ | १५८२.६७ | १२१२.३६ | -७.९ | -२३.४ |
| १३ | नेप्से फ्लोट सूचकांक | विन्दु | १२५.४१ | ११६.१४ | ८७.१५ | -७.४ | -२५.० |

स्रोत : नेपाल स्टक एक्सचेञ्ज लि., आर्थिक सर्वेक्षण आ.व. २०७४।७५ नेपाल सरकार।

### २.२.२.१ दोस्रो बजारका परिसूचकहरु

धितोपत्रको दोस्रो बजारको अवस्था तथा प्रवृतिको विश्लेषण गर्नका लागि विभिन्न परिसूचकहरुको प्रयोग गरिन्छ। धितोपत्रको कारोबार, बजार पूँजीकरण, नेप्से सूचकांक, फ्लोट सूचकांक, सूचीकृत संगठित संस्थाहरु जस्ता प्रमुख परिसूचकहरुको आधारमा समीक्षा वर्षको धितोपत्रको दोस्रो बजारलाई देहाय बमोजिम विश्लेषण गरिएको छ।

**धितोपत्रको कारोबार**: गत आर्थिक वर्ष २०७३।७४ मा रु. २ खर्ब ५ अर्ब बराबरको धितोपत्रको कारोबार भएकोमा समीक्षा वर्षमा यस रकममा करिब ४०.८ प्रतिशतले ह्रास आई रु. १ खर्ब २१ अर्ब बराबरको धितोपत्र कारोबार भएको छ। यस्तै समीक्षा वर्षमा २३३ दिन कारोबार भएबाट दैनिक औसत कारोबार रु. ५२.१ करोड कायम भएको छ जुन गत वर्षको तुलनामा करिब ४१.६ प्रतिशतले कम हो। गत वर्षमा कारोबार भएको धितोपत्रको औषत दैनिक रकम रु. ८९.१ करोड रहेको थियो।

समूहगत कारोबारमा सबैभन्दा बढी वृद्धि व्यापार समूहमा (करिब २४ गुणा बढी) देखिएको छ भने न्यून वृद्धि जलविद्युत् समूहमा (करिब ९ प्रतिशत) देखिएको छ। यस्तै, कारोबारमा सबैभन्दा उच्च गिरावट वित्त कम्पनी समूहमा देखिएको छ भने न्यून गिरावट होटल समूहमा देखिएको छ। गत वर्ष सबैभन्दा उच्च गिरावट व्यापार समूहमा देखिएको थियो। समीक्षा वर्षमा बैंक तथा बीमा क्षेत्रको साधारण शेयर, म्युचुअल फण्ड र अग्राधिकार शेयरको कारोबारमा पनि कमी आएको छ भने प्रमोटर शेयरको कारोबार सीमान्त दरले वृद्धि भएको छ। विगत तीन आर्थिक वर्षमा दोस्रो बजारमा भएको धितोपत्र कारोबार सम्बन्धी विवरण तालिका २.७ मा प्रस्तुत गरिएको छ।

**तालिका २.७**
**धितोपत्रको दोस्रो बजारको कारोबार स्थिति(रु. दश लाखमा)**

| क्र.स. | विवरण | आर्थिक वर्ष | | | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७३/७४ | २०७४/७५ |
| १ | बैंक | ७०,७७१.९० | ९५,२२०.३० | ४१,८००.२८ | ३४.५ | -५६.१ |
| २ | विकास बैंक | २४,९४३.६० | २८,१२५.३० | १४१२३.८७* | १२.८ | - |
| ३ | वित्त कम्पनी | ४,५७९.०० | ५,५९५.१० | २,२२०.९५ | २२.२ | -६०.३ |
| ४ | लघुवित्त कम्पनी | - | - | १०,११४.३४ | - | - |
| ५ | बीमा | ३८,९८५.१० | ५०,८१७.०० | २७,५०४.८५ | ३०.३ | -४५.९ |
| ६ | जलविद्युत | १०,१८५.७० | ७,६९७.८० | ८,३९५.०३ | -२४.४ | ९.१ |
| ७ | उत्पादन तथा प्रशोधन | २३२.१ | ३९६.३ | ५५८.४ | ७०.७ | ४०.९ |
| ८ | व्यापार | १४.१ | ४.९ | ११९.९२ | -६५.२ | २३४७.३ |
| ९ | होटल | १,११६.४० | १,५९२.५० | १,४०८.३२ | ४२.६ | -११.६ |
| १० | अन्य समूह | ९१४.३ | २,७१७.८० | ३,३१८.०५ | १९७.३ | २२.१ |
| ११ | म्युचुअल फण्ड | १,११३.७० | १,८८६.९० | ९४२.६२ | ६९.४ | -५०.० |
| १२ | अग्राधिकार शेयर | ७८.२ | ५२.२ | २७.६५ | -३३.२ | -४७.० |
| १३ | प्रमोटर शेयर | ११,०२३.७० | १०,६८०.९० | १०,७६५.२२ | -३.१ | ०.८ |
| जम्मा | | १६३,९५७.८० | २०४,७८७.०० | १२१,२९९.०० | २४.९ | -४७.७ |

* विकास बैंक मात्र समावेश गरिएको। स्रोतः नेपाल स्टक एक्सचेञ्ज लि.।

विगत १० वर्षमा धितोपत्रको दोस्रो बजारमा भएको धितोपत्रको कारोबार प्रवृति चार्ट २.७ मा प्रस्तुत गरिएको छ।

**चार्ट २.७**
**वार्षिक कारोबार**




**बजार पूँजीकरण**:गत आर्थिक वर्षको अन्तमा रु. १८ खर्ब ५६ अर्ब रहेको बजार पूँजीकरण यस वर्षको अन्त्यमा २२.७ प्रतिशतले कमी आई रु.१४ खर्ब ३५ अर्ब कायम भएको छ। नेपाल स्टक एक्सचेन्ज लि.(नेप्से) ले "क" वर्गमा वर्गीकरण गरेको कम्पनीहरुको बजार पूँजीकरण भने रु. १२ खर्ब ४१ अर्व रहेको छ जुन अघिल्लो वर्षको तुलनामा करिब २१.७ प्रतिशतले कम हो । यस्तैगरी, सर्वसाधारणलाई जारी गरिएको धितोपत्रको आधारमा गणना गरिने फ्लोट बजार पूँजीकरणमा भने गत वर्षको तुलनामा २४.६ प्रतिशतले ह्रास भई रु. ४ खर्ब ८३ अर्ब कायम भएको छ जुन गत वर्ष रु. ६ खर्ब ४१ अर्ब रहेको थियो।

बजार पूँजीकरणमा कुल कारोबार रकमको अनुपात अघिल्लो वर्षको तुलनामा करिब २३.४ प्रतिशतले गिरावट आई उक्त अनुपात ८.५ प्रतिशत रहेको छ जुन गत वर्ष ११ प्रतिशत रहेको थियो। यस्तै फ्लोट बजार पूँजीकरणको आधारमा यो अनुपातमा समीक्षा वर्षमा करिब २१.५ प्रतिशतले गिरावट आई २५.१ प्रतिशत कायम भएको छ। उक्त अनुपात गत आर्थिक वर्षमा ३१.९ प्रतिशत रहेको थियो। विगत १० वर्षको कुल बजार पूँजीकरण र फ्लोट बजार पूँजीकरणको प्रवृत्ति चार्ट २.८ मा प्रस्तुत गरिएको छ।

**चार्ट २.८**
**कुल बजार पूँजीकरण र फ्लोट बजार पूँजीकरण**




कुल बजार पूँजीकरणमा सवैभन्दा बढी हिस्सा वाणिज्य बैंकको (करिब ५३ प्रतिशत) रहेको छ भने सवैभन्दा कम हिस्सा व्यापार समूह (१ प्रतिशतभन्दा कम) रहेको छ। आ.व. २०७३।७४ को क्षेत्रगत बजार पूँजीकरण चार्ट २.९ मा प्रस्तुत गरिएको छ।




**नेप्से सूचकांक**:आर्थिक वर्ष २०७३।७४ को अन्त्यमा १५८२.६७ विन्दु रहेको नेप्से सूचकांकमा २३.४ प्रतिशतको कमी आई आर्थिक वर्ष २०७४।७५ आषाढ मसान्तमा १२१२.३६ विन्दु कायम भएको छ। आर्थिक वर्ष २०७४।७५ को अवधिमा २०७४ साउन २३ गतेका दिन नेप्से सूचकांक सबैभन्दा उच्च १६६७.९४ बिन्दुमा पुगेको र सोही अवधिमा सबैभन्दा न्यून २०७४चैत १२ मा ११६८.५५ बिन्दु कायम भएको थियो।

**फ्लोट सूचकांक**:त्यस्तै समीक्षा अवधिमा फ्लोट सूचकांक करिब २५ प्रतिशतले ह्रास आई ८७.१५ बिन्दुमा झरेको छ। उक्त सुचकांक गत वर्षको अन्त्यमा ११६.१४ बिन्दुमा रहेको थियो। नेप्से सूचकांक र नेप्से फ्लोट सूचकांकको विगत १० वर्षको वार्षिक प्रवृत्ति चार्ट २.१० मा प्रस्तुत गरिएको छ।




**सूचीकृत संगठित संस्था**:समीक्षा वर्षमा नेप्सेमा सूचीकृत कम्पनीको संख्यामा करिब ५.८ प्रतिशतले कमी आई १९६ पुगेको छ। गत वर्ष उक्त संख्या २०८ रहेको थियो। यस वर्ष थप ११ संगठित संस्था (छ लघुवित्त र पाँच जलविद्युत् कम्पनी) नेप्सेमा सूचीकृत भएतापनि मर्जर तथा प्राप्तिले २३ कम्पनी सूचीकरणबाट हटेका कारण सूचीकृत कम्पनीको संख्यामा कमी आएको हो।

नेप्सेले सूचीकृत कम्पनीलाई विभिन्न १० क्षेत्रहरुमा विभाजन गरेको छ। समीक्षा वर्षमा नेप्सेमा सूचीकृत कुल १९६ कम्पनीहरुमध्ये २७ वाणिज्य बैंक, ३४ विकास बैंक, ३७ लघुवित्त कम्पनी, २७ वित्त कम्पनी, २२ बीमा कम्पनी, १९ जलविद्युत, चार होटल, १८ उत्पादन तथा प्रशोधन कम्पनी, चार व्यापार कम्पनी र चार अन्य कम्पनीहरु रहेका छन्। सूचीकृत कम्पनीहरुको क्षेत्रगत विवरण तालिका २.८ मा प्रस्तुत गरिएको छ।

**तालिका २.८**
**सूचीकृत संगठित संस्थाको क्षेत्रगत संरचना**

| क्र. सं. | क्षेत्र | सूचीकृत संगठित संस्थाको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | वाणिज्य बैंक | २७ | १३.७८ |
| २ | विकास बैंक | ३४ | १७.३५ |
| ३ | वित्त कम्पनी | २७ | १३.७८ |
| ४ | लघुवित्त कम्पनी | ३७ | १८.८८ |
| ५ | बीमा कम्पनी | २२ | ११.२२ |
| ६ | उत्पादन तथा प्रशोधन | १८ | ९.१८ |
| ७ | होटल | ४ | २.०४ |
| ८ | व्यापार कम्पनी | ४ | २.०४ |
| ९ | जलविद्युत | १९ | ९.६९ |
| १० | अन्य | ४ | २.०४ |
| **जम्मा** | | १९६ | १०० |

स्रोतः नेपाल स्टक एक्सचेञ्ज लि.

साथै, आ.व. २०७४।७५ मा ११० वटा कम्पनीहरु 'क' वर्गमा वर्गीकृत भएका छन्, जसमा वाणिज्य बैंक समूहबाट २७, विकास बैंक समूहबाट २१, वित्त समूहबाट ११, बीमा समूहबाट १६, जलविद्युत समूहबाट पाँच, होटल समूहबाट दुई, लुघवित्त समूहबाट २६, अन्य समूहबाट दुई कम्पनी रहेका छन् ।

**धितोपत्र सूचीकरण**ःआ.व. २०७४।७५ मा धितोपत्रको दोस्रो बजारमा २ करोड ९४ लाख ४ हजार कित्ता बराबरको प्राथमिक निष्काशनको साधारण शेयर, ६६ लाख ९९ हजार कित्ता बराबरको थप निष्काशित शेयर, ३८ करोड १७ लाख कित्ता बराबरको हकप्रद शेयर, ३३ करोड ८५ लाअ ९३ हजार कित्ता बराबरको बोनस शेयर, ४० करोड १४ लाखको सरकारी ऋणपत्र, ३० लाखको संस्थागत ऋणपत्र र ५७ करोड ५ लाख २० हजार इकाई म्युचुयल फण्ड सूचीकृत भएका छन् ।

**सूचीकृत धितोपत्रको चुक्ता मूल्य**ः गत वर्ष सूचीकृत धितोपत्रको चुक्ता मूल्यरु. २८९ अर्ब ५९ करोडबाट करिब २१.५८ प्रतिशतले वृद्धि भई समीक्षा वर्षमा उक्त मूल्य रु. ३५२ अर्ब ९ करोड पुगेको छ।

## २.२.२.२ धितोपत्र बजार विकास तथा सुधारका पहलहरु

नेपालको धितोपत्र बजारमा हालसालका वर्षहरुमा संरचनात्मक सुधारहरू भएका छन् । धितोपत्र बजारको नियमन निकायको रूपमा रहेको नेपाल धितोपत्र बोर्डले खासगरी लगानीकर्ताले भोगेको समस्या समाधान गर्ने, नियमन र सुपरिवेक्षण कार्यलाई सुदृढ गर्ने र बजारको विकास गर्नमा केन्द्रित भई धितोपत्र बजार विकास र सुधारका लागि विशेषरुपमा कार्य गर्दै आईरहेको छ। पछिल्लो समय थप प्रविधिमैत्री हुँदै गएको नेपालको धितोपत्र बजारको प्रभावकारी नियमन तथा सुपरिवेक्षणका लागि बोर्डको क्षमता विकास एवं प्रभावकारी बनाउन निरन्तर प्रयासरत बोर्डले समयसापेक्ष रुपमा नियमावली तथा निर्देशिकाहरूको तर्जुमा तथा संशोधन गर्दै आएको छ। सरकारको आवधिक योजना, नीति तथा कार्यक्रम, वित्तीय नीति, मौद्रिक नीति तथा विकासका रणनीतिहरूमा समेत यस बजारको विकास तथा विस्तारको लागि आवश्यक कार्यक्रम तथा योजनाहरू स्पष्ट रूपमा समावेश भएका कारण धितोपत्र बजार अझ स्वच्छ, पारदर्शी र प्रभावकारी रूपमा विकसित हुँदै गएको छ। बजार विकास तथा सुधारको क्रममा हालसाल देहायका कार्यहरु भएका छन् ।

- वि.स. २०६४ मा धितोपत्र कारोबारमात्र स्वचालित गरिएकोमा वि.स. २०७२ माघबाट दोस्रो बजारको कारोबार पूर्ण रुपमा अभौतिकृत भएको,
- IOSCO र ANNA को सदस्यता प्राप्तिसँगै धितोपत्र बजारको अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार भएको,
- लगानीकर्ताहरूले बजारको गहिराई हेर्न पाउने भएको,
- धितोपत्रको प्राथमिक निष्काशनमा आस्वा तथा सि-आस्वा प्रणालीको सफल कार्यान्वयन भएको,
- सूचीकृत कम्पनीहरुले प्रदान गर्ने नगद लाभांश शेयरधनीको बैंक खातामा जम्मा हुने साथै बोनस तथा हकप्रद शेयर लगानीकर्ताको डिम्याट खातामा जम्मा हुने व्यवस्था भएको,

- धितोपत्र व्यवसायीको प्रभावकारी नियमन तथा सुपरिवेक्षणका लागि दिग्दर्शन बनाई लागू गरेको,
- ऐन नियम विपरित कार्य गर्ने धितोपत्र दलाल व्यवसायी तथा निक्षेप सदस्यलाई आर्थिक जरिवाना गरेको,
- देशव्यापी रुपमा लगानीकर्ता शिक्षा तथा सचेतना अभिवृद्धि कार्यक्रमहरु सञ्चालन गरेको,
- धितोपत्रको सार्वजनिक निष्काशन प्रकृयालाई थप व्यवस्थित गर्ने र धितोपत्र बजारमा हुन सक्ने सम्पत्ति शुद्धीकरण सम्बन्धी कार्यलाई रोक्न निर्देशिका जारी गरेको ।

यसरी माथि उल्लेखित महत्वपूर्ण सुधारहरु भई धितोपत्र बजार आधुनिकीकरणको चरणमा प्रवेश गरेको छ । समीक्षा वर्षमा बोर्डको पहलमा धितोपत्र बजार विकास तथा सुधारका लागि भएका कार्यहरु देहाय बमोजिम रहेका छन् ।

## प्राथमिक बजारमा भएका विकास तथा सुधार

समीक्षा वर्षमा धितोपत्रको प्राथमिक बजारमा संरचनात्मक परिवर्तन भएको छ। संगठित संस्थाले निष्काशन गर्ने धितोपत्रको प्राथमिक आवेदनमा घण्टौंसम्म लाइन बस्नुपर्ने अवस्थाको अन्त्य भई लगानीकर्ताले घरमै बसी अनलाइनमार्फत् आवेदन दिन सक्ने व्यवस्था भएको साथै धितोपत्रको बाँडफाँड तथा सूचीकरण गर्न लाग्ने समयमा समेत उल्लेख्य कमी आएका कारण धितोपत्र बजारमा तरलता अभिवृद्धि हुनुका साथै लागतमा पनि कमी आएको छ।

**(क) पूँजी बजारमा संरचनात्मक सुधार गर्न धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ लागू** :बोर्डले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुसार २०७४ जेष्ठ १२ देखि धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ लागू गरेको छ । उक्त निर्देशिकाले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को कार्यान्वयनका साथै वास्तविक क्षेत्रका संगठित संस्थाहरुको बजारमा प्रवेश, धितोपत्रको प्रिमियम मूल्य निर्धारण, धितोपत्र निष्काशन गरी सूचीकरण हुन लाग्ने विगतको करिव ६ महिनाको समयावधि उल्लेख्य रुपमा घटाउने सहितका व्यवस्था तथा आस्वा अनिवार्य लागू भएपश्चात पूँजी बजारमा बढी भन्दा बढी लगानीकर्ताको पहुँच बढाउन सम्भव भएसम्म दरखास्त दिने सवैलाई धितोपत्र बाँडफाँडहुने लगायतका व्यवस्थाहरु समावेश गरेको छ।

**(ख) मर्चेन्ट बैंकिङ्ग सम्बन्धी व्यवस्थामा सुधार**:बजारको विकाससँगै बढ्दो जिम्मेवारी अनुरूप मर्चेन्ट बैंकरको वित्तीय अवस्था सुदृढ बनाउन चुक्ता पूँजीमा तीन गुणा भन्दा बढीले वृद्धि गर्नुका साथै सङ्गठित संस्थाको संरचना हेरफेर, मूल्याङ्कन, व्यवसायिक योजना, लोन सिण्डिकेशन, वर्किङ क्यापिटल फाइनान्सिङ, भेञ्चर क्यापिटल, प्राइभेट इक्विटी, हेज फण्ड जस्ता कोष सञ्चालन तथा सम्पति व्यवस्थापन लगायतका विषयमा परामर्शदाताको रूपमा कार्य गर्न सक्ने गरी धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ मा पहिलो संशोधन गरी २०७४ साउन ३ गते देखि लागू गरिएको छ । उक्त नियमावलीले मुख्य रुपमा मर्चेन्ट बैंकरको कार्य क्षेत्रमा संस्थागत परामर्शदाताको कार्य थप, चुक्ता पूँजी तीन गुणा भन्दा बढीले बृद्धि, प्रत्याभुति (अण्डरराइटिङ्ग) वा लगानी व्यवस्थापन गरिने रकमको सीमा, मुख्य कम्पनी मर्जर तथा एक्विजिसन भएमा एक मात्र सहायक कम्पनी कायम गरी मर्चेन्ट बैंकिङ्ग व्यवसाय, मर्चेण्ट बैंकरको शेयर बिक्री वा हस्तान्तरण प्रक्रियालाई व्यवस्थित, मर्चेण्ट बैंकरमा स्वामित्व वा कुनै लाभको पद ग्रहण गरेको व्यक्तिले अन्य धितोपत्र व्यवसायी संस्थामा स्वामित्व वा कुनै लाभको पद ग्रहण गर्न नपाईने लगायतका व्यवस्था गर्ने गरेको छ।

त्यसैगरी बोर्डको निर्देशन अनुसार प्राथमिक निष्काशनमा आवेदन दिँदा डिम्याट खाता अनिवार्य गरिएको सन्दर्भमा हितग्राही खाता खोल्दा अनिवार्य रुपमा बैंक खाता नम्बर राख्ने व्यवस्था, हकप्रद शेयर बापत प्राप्त हुने खण्डित शेयरलाई पूर्ण मान्ने व्यवस्था गर्न, हकप्रद शेयर भर्दा भौतिक तथा अभौतिक जुन रुपमा कायम भएतापनि एउटै मात्र आवेदनमार्फत् दरखास्त दिने व्यवस्था गर्न, सार्वजनिक निष्काशनमा चेक लिदा नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप मात्र क्लियरिङ्ग शुल्क लिने व्यवस्था साथै मर्चेन्ट बैंकरले प्रदान गर्ने सेवा तथा अन्य कार्यहरुसमेत उल्लेख गरी वडापत्र राख्नुपर्ने र नाफाको निश्चित प्रतिशत कर्मचारीको तालिम तथा विकासमा खर्च गर्नुपर्ने व्यवस्था भएको छ।

धितोपत्र निष्काशन कार्यलाई थप व्यवस्थित र पारदर्शी बनाउन मर्चेन्ट बैङ्करले आफू आधारभूत शेयरधनी रहेको तथा आफ्नो मुख्य कम्पनीको धितोपत्रको निष्काशन तथा विक्री प्रबन्ध सम्बन्धी कार्य गर्दा र उक्त धितोपत्रको प्रत्याभूति गर्दा स्वार्थ बाभिन सक्ने अवस्थालाई दृष्टिगत गरी आफ्नो मुख्य कम्पनीको र आफू आधारभूत शेयरधनी रहेको कम्पनीको धितोपत्रको निष्काशन तथा विक्री प्रबन्ध सम्बन्धी कार्य गर्न नपाउने व्यवस्था मिति २०७४ मंसिर ३ मा गरिएको छ। साथै, निष्काशन तथा विक्री प्रबन्धकले आफूले निष्काशन तथा विक्री प्रबन्धको कार्य गरेको धितोपत्रको सार्वजनिक निष्काशनमा उक्त धितोपत्रको प्रत्याभूति समेत गर्न नपाउने व्यवस्था बोर्डले गरेको छ।

**(ग) धितोपत्रको हकप्रद निष्काशनमा नयाँ व्यवस्था**ः बोर्डले धितोपत्रको हकप्रद निष्काशनमा समेत आस्वा प्रणाली मार्फत आवेदन गर्न सक्ने व्यवस्थाका लागि परिपत्र गरेको छ। कम्पनीले हक प्रद निष्काशन गर्दा विक्री हुन नसकेको हकप्रद शेयरको लिलाम प्रक्रियामा उपत्यका बाहिरका इच्छुक लगानीकर्ताहरुले आवेदन दिन वञ्चित भएकोले सो प्रक्रियामा सबै लगानीकर्ताले समेत समान अवसर प्राप्त गर्न माग भई आएको कारण बिक्री नभएको हकप्रद शेयरको लिलाम प्रक्रियामा उपत्यका बाहिरका लगानीकर्ताले समेत आवेदन दिन सक्ने व्यवस्था गर्न बोर्डले सम्पूर्ण मर्चेन्ट बैंकर र आस्वा सदस्यहरुलाई २०७४ कार्तिक १२ मा निर्देशन दिएको छ।

**(घ) नयाँ धितोपत्र सार्वजनिक निष्कासनको केन्द्रीकृत विद्युतीय सेवा कार्य सञ्चालन (C-ASBA) निर्देशिका स्वीकृत**ः सार्वजनिक निष्काशन कार्यलाई आस्वामार्फत् थप सरल र व्यवस्थित बनाउने उद्देश्य बमोजिम सिडिएससीले प्रस्तुत गरेको धितोपत्र सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ बोर्डबाट मिति २०७४ कार्तिक १९ मा स्वीकृत गरिएको छ। निष्काशन तथा विक्री प्रबन्धक र अनुमति प्राप्त बैंक तथा वित्तीय संस्थाका लागि धितोपत्र खरिद सम्बन्धी दरखास्तको आवश्यक जाँचबुझ तथा हितग्राही खाता रुजु गर्नुका साथै सम्पूर्ण निष्काशन प्रक्रियामा संलग्न निकायहरुले प्रदान गर्ने सेवामा एकरुपता कायम गर्ने उद्देश्यले उक्त निर्देशिका तयार गरिएको छ। यसले धितोपत्रको प्राथमिक बजारलाई स्वचालित बनाउन आवश्यक व्यवस्था गरेको छ।

**(ङ) सी-आस्वा सेवाको प्रभावकारी कार्यान्वयन** ः बोर्डबाट अनुमति प्राप्त गरेका बैंक तथा वित्तीय संस्थाका कतिपय शाखा कार्यालयबाट प्रदान गरिने सेवा प्रभावकारी नरहेको, लगानीकर्ताहरुको खातामा धितोपत्र खरिद आवेदनमा उल्लेख भए बमोजिम यथेष्ट रकम उपलब्ध भए नभएको एकिन नगरिकनै आवेदन बुझिलिने गरेको, चेक समेत बुझिलिने गरेको जस्ता गुनासाहरु बोर्डमा प्राप्त भएको सन्दर्भमा उक्त सेवालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन सार्वजनिक निष्काशनमा शेयर खरिदका लागि प्राप्त आवेदन सि-आस्बा सफ्टवेयरमा रुजु गरी ग्राहकको पहिचान यकिन गरेपश्चात् मात्र बुझिलिने, आवेदनकर्ताको खातामा आवेदन गर्दाको बखत आवश्यक रकम उपलब्ध भएमा माग आवेदन स्वीकार गरी आवेदन रकम रोक्का गर्ने, सेवाग्राहीलाई सि-आस्बा सेवा सम्बन्धमा जानकारी प्रदान गर्न पर्याप्त प्रचार प्रसार गर्ने तथा सि-आस्बा सेवा अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्न सम्बन्धित कर्मचारीहरुलाई तालिम प्रदान गर्ने विषयहरुमा ध्यान दिन बोर्डबाट सम्पूर्ण आस्वा सदस्यहरुलाई परिपत्र जारी गरेको छ।

**(च) ग्राहक विवरण फाराम** (KYC) **फाराम समयसापेक्ष बनाएको**ः धितोपत्र बजारको कारोबारलाई थप व्यवस्थित र पारदर्शी बनाई धितोपत्र बजारमा हुने जोखिम न्यूनीकरण गर्ने उद्देश्य बमोजिम बोर्डले प्रचलित ग्राहक विवरण फाराम (KYC) लाई मिति २०७४ माघ ८ मा परिमार्जित र विस्तृत बनाएको छ। नयाँ KYC फारममा ग्राहकको परिवारका सदस्यहरुको विवरण, पेशागत विवरण, ग्राहकको वसोवास गर्ने स्थानको नक्शा, इन्भेष्टमेन्ट कम्पनीमा संग्लन भए नभएको विवरण, धितोपत्र खरिदका लागि प्रयोग गर्ने रकम सम्पत्ति शुद्धीकरण सम्बन्धी प्रचलित कानून विपरीत आर्जन नगरेको उद्घोषण, कम्पनी र संस्थाको हकमा दर्ता सम्वन्धी विस्तृत विवरण तथा कम्पनी र संस्थाको पहिलो तथा दोस्रो सम्पर्क व्यक्तिको तीन पुस्ते विवरण जस्ता थप विवरणहरु समावेश गरिएको छ।

**(छ) वित्तीय स्थिति सन्तोषजनक नरहेका संगठित संस्थाको सार्वजनिक निष्काशनका सम्बन्धमा थप व्यवस्था**ः बोर्डले वित्तीय अवस्था सन्तोषजनक नरहेको संगठित संस्थाले धितोपत्रको सार्वजनिक निष्काशन गर्दा विवरणपत्रमा थप विवरण खुलाउनुपर्ने व्यवस्था मिति २०७४ पुष १९ मा गरेको छ। धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षणका लागि धितोपत्रको सार्वजनिक निष्काशनका सम्बन्धमा लगानीकर्ताहरुलाई सुसूचित गराउनका साथै सार्वजनिक निष्काशन प्रकृयालाई थप व्यवस्थित तथा पारदर्शी बनाउनका लागि उक्त व्यवस्था गरिएको हो। यस व्यवस्था अन्तर्गत संगठित संस्थाको पछिल्लो लेखापरिक्षण भएको वित्तीय विवरण बमोजिम प्रति शेयर खुद सम्पत्ति प्रति शेयर अङ्कित मूल्य भन्दा कम भएका र सबैभन्दा न्यून रेटिङ्ग प्राप्त गरेका वित्तीय अवस्था सन्तोषजनक नरहेका मुख्यतः जलविद्युत कम्पनीहरुले धितोपत्रको सार्वजनिक निष्काशन गर्दा तल मञ्जुषा (Box)मा उल्लेख भए बमोजिमका विवरणहरु खुलाउनुपर्ने व्यवस्था थप गरेको छ।

**वित्तीय स्थिति सन्तोषजनक नरहेका संगठित संस्थाले सार्वजनिक निष्काशन गर्दा विवरणपत्रमा थप खुलाउनुपर्ने विवरणहरु :**

(१) सार्वजनिक निष्काशनका लागि तयार गरिने विवरणपत्रको मुखपृष्ठमा स्पष्ट देखिने गरी देहाय बमोजिमको विवरणहरु बक्समा प्रस्तुत गर्ने ।

- सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको वित्तीय विवरण बमोजिम प्रति शेयर खुद सम्पत्ति, प्रति शेयर आम्दानी ।
- जलविद्युत आयोजना भएमा प्रति मेगावाट लागत, विद्युत उत्पादन अनुमतिको बाँकी अवधि, लगानी फिर्ता हुने अवधि (Pay Back Period)।
- क्रेडिट रेटिङ्गको ग्रेड ।

(२) प्रक्षेपित वित्तीय विवरण प्रमाणित गर्दा निष्काशनकर्ता संस्थाको लेखापरीक्षकले प्रक्षेपित वित्तीय विवरण ठिक रहेको भनी स्पष्ट रुपमा प्रमाणित गर्ने ।

(३) संगठित संस्थाले विवरण पत्रमा प्रक्षेपण गरेको विवरणहरु तथा वास्तविक विवरण तुलनात्मक रुपमा बार्षिक प्रतिवेदनमा तालिकामा प्रस्तुत गर्नुपर्ने । साथै प्रक्षेपित विवरण भन्दा वास्तविक विवरण फरक पर्न गएमा सोको कारण खुलाई आफ्नो बार्षिक प्रतिवेदनमा प्रक्षेपित अवधिसम्म प्रत्येक बर्ष प्रस्तुत गर्नुपर्ने ।

(४) धितोपत्रको सार्वजनिक निष्काशनका लागि तयार गरिने विवरणपत्र निष्काशनकर्ता कम्पनीको वेबसाइटमा कम्तिमा वित्तीय विवरण प्रक्षेपण गरिएको अवधिसम्म अनिवार्यरुपमा राख्नुपर्ने, निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइटमा धितोपत्रको बाँडफाँड नभएसम्म राख्नुपर्ने र आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाको अनलाइन आवेदन गर्ने स्थानमा विवरणपत्रको लिङ्क निष्काशन अवधिसम्म राख्ने ।

(५) सर्वसाधारण लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरण पत्र अध्ययन गरी आफ्नो स्वविवेकले दरखास्त दिएको हो भन्ने उद्घोषण गराउने व्यवस्था गर्ने ।

(६) क्रेडिट रेटिङ्ग कम्पनीले सार्वजनिक निष्काशन गर्ने धितोपत्रलाई न्यून ग्रेड प्रदान गरेमा र सङ्गठित संस्थाको पछिल्लो लेखापरिक्षण भएको वित्तीय विवरण बमोजिम प्रति शेयर खुद सम्पत्ति प्रति शेयर अङ्कित मूल्यभन्दा कम भएमा त्यस सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनीले सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्ने आह्वानपत्र लगायत अन्य सूचनाहरुमा स्पष्ट देखिने गरी ठूलो अक्षरमा उल्लेख गर्नुपर्ने ।

**(ञ) धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ संशोधन गरी समसामयिक बनाईएको**: धितोपत्र वजारलाई समावेशी वनाउन तथा बढी भन्दा बढी लगानीकर्ताले धितोपत्र प्राप्त गर्न सक्ने व्यवस्थाको लागि बोर्डद्वारा धितोपत्रको सार्वजनिक निष्काशनमा सकेसम्म सबै आवेदकलाई दश कित्ताको दरले धितोपत्र बाँडफाँड गर्नुपर्ने व्यवस्था समावेश गरी मिति २०७४ जेठ १२ मा लागू गरेको धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ लाई मिति २०७५ असार ५ मा संशोधन गरी धितोपत्रको निष्काशन कार्यलाई थप गतिशील, चुस्त, सहज र कम खर्चिलो बनाउने प्रयास गरेको छ। यस अनुसार धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा २१ को उपदफा (२) तथा उपदफा (६) मा देहाय बमोजिम संशोधन गरिएको छ :

- धितोपत्रको सार्वजनिक निष्काशनको खरिदका लागि दरखास्त दिन सकिने अधिकतम सीमा विवरण पत्रमा उल्लेख भए बमोजिम हुने ।
- प्रिमियम मूल्य सहित जारी गरिएको शेयर भएमा वा विवरणपत्रमा सर्वसाधारणलाई निष्काशन गरिएको समयावधि भित्र सम्पूर्ण शेयर बिक्री नभएमा संगठित संस्था वा प्रचलित कानून बमोजिम स्थापना भएका संस्थाले त्यस्तो शेयर खरिद गर्न सक्ने ।

**(झ) मर्चेन्ट बैंकरको अनुमतिपत्र खारेज** : धितोपत्र व्यवसाय (मर्चेन्ट वैंकिङ्ग) अर्न्तगत लगानी व्यवस्थापकको कार्य गर्न बीड इन्भेष्ट लि., कृष्ण गल्ली, ललितपुरलाई बोर्डवाट प्रदान गरिएको धितोपत्र व्यवसाय (मर्चेन्ट वैंकर) को अनुमतिपत्र उक्त लि. ले धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा ६१ व्यवस्था बमोजिम नवीकरण नगरेकोले खारेज गरिएको छ।

## दोस्रो बजारमा भएका विकास तथा सुधार

धितोपत्र दोस्रो बजारलाई सुदृढ बनाई विश्वसनीय धितोपत्र बजारको विकास तथा सुधारका लागि यस अवधिमा भएका मुख्य गतिविधिहरु देहाय बमोजिम रहेका छन् :

**(क) मार्जिन कारोबार सम्बन्धी नीतिगत व्यवस्था**ः अन्तर्राष्ट्रिय धितोपत्र बजारमा उपलब्ध भैरहेका सेवाहरुलाई नेपालको धितोपत्र बजारमा समेत उपलब्ध गराई यस बजारलाई अन्तर्राष्ट्रियस्तरको बनाउने तथा आ.व. २०७४।७५ को धितोपत्र सम्बन्धी नीति तथा कार्यक्रममा समेत उल्लेख भए अनुसार धितोपत्र दलाल व्यवसायीको कार्यक्षेत्र विस्तार गर्न बोर्डले मार्जिन कारोबार सम्बन्धी नेप्से र धितोपत्र दलाल व्यवसायीलाई निर्देशन दिदैं सो सम्बन्धी केही नीतिगत व्यवस्थाहरु गरेको छ। यसको कार्यान्वयन गर्न कार्यविधि बनाई पेश गर्न धितोपत्र बजार तथा धितोपत्र दलाल व्यवसायीहरुलाई मार्जिन कारोबार सुविधा सम्बन्धी निर्देशन, २०७४ बोर्डले जारी गरेको छ। बोर्डबाट नेपाल स्टक एक्सचेञ्ज लि. (नेप्से) लाई यससम्बन्धी कार्यविधि बनाउन निर्देशन दिइएकोमा नेप्सेबाट बोर्डमा पेश भएको कार्यविधिमा आवश्यक परिमार्जन गरी कार्यान्वयन गर्न बोर्डले मिति २०७५ जेठ ४ मा उक्त लि. लाई निर्देशन दिइएको छ।

**(ख) नियम परिपालना प्रतिवेदन बोर्डमा पेश गर्नुपर्ने व्यवस्था**ः धितोपत्र व्यवसायीको नियम परिपालनाको स्थितिलाई सुदृढ बनाउन नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरीङ्ग लि., धितोपत्र दलाल व्यवसायी र मर्चेन्ट बैंकरले अर्धवार्षिक रुपमा लेखा परीक्षकबाट प्रमाणित नियम परिपालना प्रतिवेदन (Compliance Report) बोर्डमा पेश गर्नुपर्ने व्यवस्था बोर्डले मिति २०७४ कार्तिक १४ मा गरेको छ।

**(ग) मर्चेन्ट बैंकर र धितोपत्र दलाल व्यवसायीलाई सचेत गराएको**ः मर्चेन्ट बैंकर तथा धितोपत्र दलाल व्यवसायी आवद्ध पदाधिकारी तथा कर्मचारीहरुबाट समय समयमा विभिन्न छापा, अनलाइन एवं अन्य सञ्चार माध्यमार्फत् शेयर मूल्य घटबढ हुँदैछ भन्ने प्रकारका अभिव्यक्ति, अन्तर्वार्ता, लेख तथा समाचार सम्प्रेषण गर्ने गराउने तथा सो मार्फत् अस्वाभाविक रुपमा शेयर बजार घटबढ गराउन अनुचित सहयोग गरेको भन्ने बारे बोर्डमा प्राप्त गुनासाहरुको सम्बोधन गर्दै यस प्रकारका कार्यहरु नगर्न र नगराउन बोर्डले मिति २०७४ कार्तिक २७ मा निर्देशन दिएको छ।

**(घ) सम्पत्ति शुद्धीकरण निवारण ऐन तथा धितोपत्र सम्बन्धी ऐन अनुसार धितोपत्र दलाल व्यवसायीहरुलाई कारवाही**ः सूचीकृत जलविद्युत कम्पनीको नक्कली शेयर कारोबार भएको सम्बन्धमा बोर्डबाट भएको तहकिकातको प्रतिवदेन अनुसार धितोपत्र दलाल व्यवसायी श्री अग्रवाल सेक्युरिटिज प्रा.लि. र श्री श्रीहरि सेक्युरिटिज प्रा.लि. लाई सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ अनुसार क्रमशः रू. १०/१० लाख जरिवाना गर्नुका साथै ग्राहकको पूर्ण विवरण सहितको अभिलेख नराखेको पाइएकोले धितोपत्र सम्बन्धी ऐन बमोजिम माथि उल्लेखित दुवै दलाल व्यवसायीका सम्बन्धित कार्यकारी प्रमुखलाई रू.५०/५० हजार जरिवाना गरिएको छ।

साथै ग्राहकको पूर्ण विवरण सहितको अभिलेख नराखेकोमा श्री सिप्रबी सेक्युरिटिज प्रा. लि. लाई समेत रू. ५० हजार जरिवाना गरिएको छ भने सो संस्थाका सम्बन्धित कार्यकारी प्रमुखलाई उक्त अभिलेख राख्न ध्यान नपुर्याएकोमा नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४ को व्यवस्था बमोजिम सचेत गराइएको छ। साथै, व्यावसायिक आचरण पालना नगरेको पाइएकोले धितोपत्र दलाल व्यवसायी श्री प्रज्ञान सेक्युरिटिज प्रा.लि. लाईबोर्डबाट धितोपत्र सम्बन्धी ऐन, २०६३ अनुसार रू.७५ हजार जरिवाना गरिएको छ।

**(ङ) इन्टरनेटमार्फत खरिद बिक्री आदेश दिन सक्ने व्यवस्था गर्न निर्देशन**ः लगानीकर्ताको हितलाई दृष्टिगत गरी धितोपत्रको कारोबार प्रकृयालाई थप सहज, पारदर्शी, सरल, छिटो, छरितो र लगानीकर्ता मैत्री बनाउन तथा धितोपत्र दलाल व्यवसायीको कार्यालयमा रहने कारोबार सम्बन्धी अभिलेखलाई अझ व्यवस्थित र सुदृढ गर्न हाल उपयोग गरिरहेको ब्रोकर व्याक अफिस सफ्टवेरमा इन्टरनेटमार्फत प्राप्त धितोपत्र कारोवार गर्न खरिद बिक्री आदेश दिने व्यवस्था मिति २०७५ वैशाख १ बाट गरिएको छ। उक्त व्यवस्थालाई थप परिमार्जन र सुधार गर्दै जाने क्रममा बोर्डद्वारा धितोपत्र दलाल व्यवसायी, हाल प्रयोगमा रहेको ब्रोकर व्याक अफिस प्रणाली प्रदायक कम्पनीहरु तथा लगानीकर्ता संघहरुसँग विभिन्न चरणमा विस्तृत छलफल गरिएको र उक्त छलफलमा प्राप्त सुझाव अनुरुप हाल प्रयोगमा रहेको ब्रोकर व्याक अफिस सफ्टवेरमा आवश्यक सुधार गरी उक्त सुविधा समावेश गरिएको जानकारी बोर्डमा प्राप्त भएको सन्दर्भमा इच्छुक लगानीकर्ताहरुका लागि २०७५ सालको शुरु देखि इन्टरनेटमार्फत धितोपत्र खरिद बिक्रीको लागि आदेश दिन सक्ने व्यवस्था गर्न धितोपत्र दलाल व्यवसायीलाई परिपत्र गरिएको छ। यस अनुसार केही धितोपत्र दलाल व्यवसायीहरुले तोकिएको समयदेखि नै सो सेवा लगानीकर्तालाई दिन शुरु गरेका छन्।

**(च) हितग्राही तथा ग्राहक परिचय विवरणमा त्रुटि गर्ने निक्षेप सदस्य-धितोपत्र दलाललाई आर्थिक जरिवाना:** धितोपत्र दलालले ग्राहकको लागि कारोबार गर्नु अघि व्यक्ति वा संस्थागत ग्राहकको क्रमशः पूर्ण विवरण सहितको अभिलेख राख्नुपर्ने, निक्षेप सदस्यले हितग्राहीसँग सम्झौता गरेपछि मात्र धितोपत्र खाता खोल्ने, हितग्राही खाता खोल्नुभन्दा अगाडि बोर्ड/केन्द्रीय निक्षेप कम्पनीले निर्धारण गरे बमोजिमको लगानीकर्ता पहिचान प्रकृया पूरा गर्नु पर्ने तथा ग्राहकको सही रुपमा पहिचान तथा सो को सम्पुष्टि भरपर्दो स्रोतवाट कागजात तथ्याङ्क वा जानकारीका आधारमा खाता खोल्ने वा व्यवसायीक सम्वन्ध स्थापना गर्नु पर्नेमा धितोपत्र दलाल/निक्षेप सदस्य लिन्च स्टक मार्केट लि. ले झुठा विवरणको आधारमा डिपि एकाउन्ट खोली शेयर कारोवार गरेको सम्बन्धमा बोर्डमा उजुरी परी बोर्डबाट सो सम्बन्धमा छानविन गरिएको थियो। छानविन पश्चात लिन्च स्टक मार्केट लि. ले हितग्राही खाता खोल्दा प्राप्त विवरण तथा कागजातको आवश्यक जाँचवुझ गरेको नदेखिएको र ग्राहक परिचय विवरणमा त्रुटि देखिएकोले धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा १०१ को उपदफा (४) व्यवस्था पालना गरेको नदेखिएकोले सो कम्पनीलाई बोर्डबाट मिति २०७५ वैशाख ४ मा ५० हजार रुपैयाँ जरिवाना गरिएको छ।

**(छ) धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा मर्चेन्ट बैंकर) सुपरिवेक्षण दिग्दर्शन, २०७४ लागू:**धितोपत्र बजारको सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी, व्यवस्थित र अन्तर्राष्ट्रिय मूल्य मान्यता अनुरूप बनाउन बोर्डले मिति २०७४ भाद्र ४ बाट धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा मर्चेन्ट बैंकर) सुपरिवेक्षण दिग्दर्शन, २०७४ लागू गरेको छ। उक्त दिग्दर्शनमा मुख्य रूपमा गैरस्थलगत र स्थलगत सुपरिवेक्षणको प्रकृया, सुपरिवेक्षण सम्बन्धी विषयवस्तुहरू, सुपरीवेक्षकको काम, कर्तव्य, अधिकार, जिम्मेवारी तथा उत्तरदायित्वका साथै सुपरीवेक्षकको आचारसहिंता समावेश गरिएको छ।

**(ज) सूचीकृत संगठित संस्थालाई सजग गराइएको:** धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (५) बमोजिम धितोपत्रको बजार मूल्यमा असर पार्न सक्ने सूचना तीन दिन भित्र यस बोर्डमा पेश गर्नुपर्नेमा नेपाल टेलिकम (नेपाल दूरसञ्चार कम्पनी लि.) ले आ.व. २०७३।०७४ को लाभांस वितरण सम्बन्धी कम्पनीको संचालक समितिको निर्णय बोर्डमा ढिलो पेश गरी नियमावलीको व्यवस्था पालना नगरेकोले मूल्य संवेदनशील सूचना प्रवाह गर्दा धितोपत्र सम्बन्धी ऐन, नियम तथा निर्देशिकामा भएको व्यवस्थाहरुको पूर्ण पालना गर्न ध्यानाकर्षण गराउँदै प्रथम पटकका लागि नेपाल दूरसञ्चार कं. लि.लाई मिति २०७४ पुष १८ मा सजग गराइएको छ। साथै, नेपाल दूरसञ्चार कं. लि.को दशौं साधारण सभाका लागि दाखिल खारेज मितिमा संशोधन भएको विषयमा तथा संगठित संस्थाहरुको मूल्य संवेदनशील सूचना प्रवाहका सम्बन्धमा नियमको पालना गर्नु/गराउनु नेप्सेको समेत दायित्व रहेकोले सो सम्बन्धमा बोर्डले नेप्सेसँग आवश्यक जानकारी माग गरेको थियो। त्यस्तै, नेपाल इन्भेष्टमेन्ट बैंक लि. ले नगद लाभांश र बोनस शेयरको दर घोषणा गर्दा गरेको लापरवाही सम्बन्धमा बोर्डले उक्त लि. लाई सचेत गराएको छ।

**(झ) सूचीकृत संगठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी निर्देशिका,** २०७४ **जारी तथा लागू** :बोर्डलेसूचीकृत संगठित संस्थाहरूको कामकारवाहीलाई नियमित तथा व्यवस्थित गरी शेयरधनी लगायत सम्पूर्ण सरोकारवालाहरू प्रति सम्बन्धित संस्थालाई उत्तरदायी बनाई धितोपत्र बजारलाई थप व्यवस्थित, पारदर्शी र जवाफदेही बनाउन मिति २०७५ श्रावण १ बाट लागू हुने गरी मिति २०७४ माघ २५ मा सूचिकृत संगठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ जारी गरेको थियो। उक्त निर्देशिका जारी भएको मितिले छ महिनाको समय दिई बोर्डले निर्देशिकामा भएका व्यवस्थाहरुको बारेमा सूचीकृत कम्पनीलाई अभिमुखीकरण गर्ने तथा निर्देशिकामा भएका व्यवस्थाहरुको परिपालना गर्दा हुन सक्ने व्यवहारिक कठिनाई बुझ्ने र अन्य सरोकारवाला पक्षहरुको राय र सुझाव लिने उद्देश्य लिई सूचीकृत कम्पनीका प्रमुख कार्यकारी अधिकृत र प्रमुख वित्तीय अधिकृतहरु तथा अन्य सरोकारवाला पक्षहरुका प्रतिनिधिहरुसँग मिति २०७५ असार २६ मा छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको थियो। उक्त कार्यक्रममा प्राप्त रचनात्मक सुझाव तथा प्रतिक्रियाहरुको आधारमा निर्देशिकामा आवश्यक संशोधन गरी लागू गरिएको छ।

**(ञ) "धितोपत्र सूचीकरण तथा कारोवार नियमावली, २०७५" लागू** :धितोपत्रको सूचीकरण तथा कारोवार प्रक्रियालाई थप व्यवस्थित, प्रविधि तथा वजारमैत्री र समसामयिक वनाउन धितोपत्र सम्वन्धी ऐन, २०६३ को व्यवस्था वमोजिम वोर्डले "धितोपत्र सूचीकरण तथा कारोवार नियमावली, २०७५" तर्जुमा गरी नेपाल सरकारको स्वीकृतिमा २५ वर्ष पुरानो धितोपत्र कारोबार नियमावली, २०५० लाई विस्थापन गरी २०७५ श्रावण १ गते देखि लागू हुने गरी बोर्डले जारी गरेको छ। नेपालको धितोपत्र बजारमा व्यापक परिवर्तन आएसँगै सूचीकरण तथा कारोबार प्रणालीमा पनि सोही अनुरुपको बनाउनका लागि यो नियमावली लागू गरिएको हो।

**(ट) धितोपत्र सूचीकरण विनियमावली, २०७५ र धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ स्वीकृति** :बोर्डको "धितोपत्र सूचीकरण तथा कारोवार नियमावली, २०७५" अन्तर्गत रही नेप्सेबाट स्वीकृतिका लागि बोर्डमा पेश भएको धितोपत्र सूचीकरण विनियमावली, २०७५रधितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ लाई बोर्डले मिति २०७५ असार २७ मा स्वीकृति प्रदान गरेको छ।

**अन्य सुधार तथा विकास गतिविधिहरुः** यस अवधिमा बोर्डले गरेका अन्य सुधार तथा विकास गतिविधिहरु देहाय बमोजिम रहेका छन्ः

**(क) बोर्ड सदस्यको आचारसंहिता लागू** :बोर्डले बोर्ड सदस्यका लागि आचरण तथा व्यवहार, इमान्दारिता तथा गोपनीयता, वित्तीय अनुशासन, पदको दुरुपयोग, सञ्चार माध्यमसँगको सम्बन्ध जस्ता विषयमा स्पष्ट गर्दै कार्य जिम्मेवारी अनुसार कार्य सम्पादन गर्नुपर्ने, शेयरमा लगानी गर्न नहुने, बोर्डको कामकाज वा समाचार प्रकाशन गर्न नहुने लगायतका व्यवस्थाहरु समावेश गरी मिति २०७४ श्रावण २० मा "नेपाल धितोपत्र बोर्डका बोर्ड सदस्यको आचारसंहिता, २०७४" तर्जुमा गरी लागु गरेको छ। यसअघि बोर्डले आफ्ना कर्मचारीहरुको लागि आचारसंहिता लागू गरिसकेको थियो।

**(ख) विश्व लगानीकर्ता सप्ताह सञ्चालन**:बोर्ड धितोपत्र नियमन निकायहरुको अन्तराष्ट्रिय संस्था आइएस्को (IOSCO) को एशोसियट सदस्य भैसकेको परिप्रेक्ष्यमा IOSCO ले २०१७ अक्टोबरमा परिक्षण विश्व लगानीकर्ता सप्ताह (Pilot World Investors Week) मनाउन आव्हान गरे अनुरुप बोर्डले पहिलो पटक लगानीकर्ता सप्ताह मनाउने क्रममा लगानीकर्ताहरुका लागि विभिन्न पाँच राष्ट्रिय दैनिक पत्रपत्रिका तथा एक अनलाइन सञ्चार माध्यममार्फत् सन्देशमुलक सामग्रीहरुको प्रकाशन, सञ्चार माध्यममार्फत् धितोपत्र बजार सम्बन्धमा बोर्ड अध्यक्ष, धितोपत्र बजार विज्ञ तथा लगानीकर्ता वीच दुई वटा अन्तर सम्वाद कार्यक्रम र एक वटा लगानीकर्ता प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरी लगानीकर्ताहरूलाई सुसूचित गराई सशक्तिकरण गर्ने कार्य गरेको छ।

**(ग) नेपाल धितोपत्र बोर्ड र नेपाल राष्ट्र बैंक बीच सूचना आदान प्रदान सम्झौता**:बोर्डले २०७४ कार्तिक २० मा बैंकिङ्ग सूचना आदान प्रदान तथा पारस्परिक सहयोगसम्बन्धी नेपाल राष्ट्र बैंकसँग द्विपक्षीय समझदारी तथा सहयोग सम्झौता गरेको छ। IOSCO को सिद्धान्त तथा अन्तर्राष्ट्रिय अभ्यास बमोजिम IOSCO को एशोसियट सदस्य भैसकेको बोर्डले साधारण सदस्यता प्राप्त गर्न धितोपत्र बजारमा हुने कारोबार तथा अन्य गतिविधि सम्बन्धी कसुरको खोज तथा अनुसन्धानका लागि बैकिङ्ग अभिलेखमा पहुँच हुनुपर्ने प्रावधान भएकोले बोर्ड र नेपाल राष्ट्र बैंक बीच उक्त समझदारी भएको हो। यसबाट धितोपत्र सम्बन्धी कसूरहरुको अनुसन्धान (Investigation) र कानूनी प्रवलीकरण कार्य सहज् एवं तथ्ययुक्त भई धितोपत्र बजार थप स्वच्छ, पारदर्शी र विश्वसनीय हुने साथै यस सम्झौताबाट IOSCO को साधारण सदस्यता लिने कार्यमा केही सहजता हुने भएको छ।

**(घ) वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ लागूः** नेपाल सरकारले मिति २०७४।०५।११ मा लागू गरेको वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ कार्यान्वयनका लागि बोर्डले तीन महिनाभित्र यस सम्बन्धी नियमावली बनाउनुपर्ने व्यवस्था अनुरुप बोर्डले नेपाल सरकारको स्वीकृतिमा मिति २०७४ मंसिर ९ मा वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ बनाई लागू गरेको छ। यस नियमावलीमा वस्तु बजार सञ्चालन गर्न चाहने संस्थाले बोर्डबाट अनुमति लिनुपर्ने, उक्त संस्थाको पूँजी, पूर्वाधार, शेयरधनीको योग्यता, कारोबार हुने वस्तुहरू,लगानीकर्ता संरक्षण कोष र सेटलमेन्ट ग्यारेन्टी फण्ड स्थापनाका साथै वस्तु विनिमय बजारको अनुमति पत्र निलम्बन, खारेजी, नगद वा कैद जरिवाना सम्मको विभिन्न व्यवस्थाहरू राखिएको छ।

**(ङ) नयाँ क्रेडिट रेटिङ्ग संस्थालाई सञ्चालन अनुमति प्रदान**:धितोपत्र बजारमा हुने क्रेडिट रेटिङ्ग व्यवसायलाई प्रतिस्पर्धी बनाई यस क्षेत्रको व्यवसायिकता अभिवृद्धि गर्ने क्रममा बोर्डले मिति २०७४।०७।३० मा भारतको केयर रेटिङ्ग लि. का ५१ प्रतिशत स्वामित्व समेत रहेको रु. ५ करोड चुक्ता पूँजी भएको श्री केयर नेपाल लि. लाई क्रेडिट रेटिङ्ग व्यवसाय सञ्चालन गर्न अनुमति प्रदान गरेको छ। यसरी नेपालमा क्रेडिट रेटिङ्ग व्यवसाय संचालनका लागि अनुमति प्राप्त गर्ने संस्थाको संख्या दुई पुगेको छ।

**(च) गैर कानूनी ढंगवाट धितोपत्र सार्वजनिक निष्काशन नगर्न तथा सोमा लगानी नगर्न लगानीकर्तालाई सचेत**:बोर्डबाट धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा २७ ले संगठित संस्थाले आफूले निष्काशन गर्ने धितोपत्र निष्काशन गर्नु अघि बोर्डमा दर्ता गराउनु पर्ने स्पष्ट व्यवस्था भएकोमा कतिपय जलविद्युत कम्पनीहरुले बोर्डमा दर्ता नगरी शेयरमा लगानी गर्न सार्वजनिक रुपमा सूचना प्रकाशित गरेको पाइएकोले धितोपत्र सम्वन्धी प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा नगरी सर्वसाधारण समक्ष धितोपत्र विक्री गर्ने कार्य गैरकानूनी भएकोले बोर्डमा दर्ता गरी विवरणपत्र प्रकाशन गरेर मात्र धितोपत्रको सार्वजनिक निष्काशन गर्न सम्वन्धित सम्पूर्ण सगठित संस्थाहरुलाई संचारमाध्यममार्फत मिति २०७४ चैत १९ मा सूचित गरिएको छ।

साथै यसरी गैरकानूनी ढंगवाट सार्वजनिक निष्काशन गरिएका धितोपत्रहरुमा लगानी गर्दा लगानीकर्ताहरुको लगानी जोखिममा पर्न सक्ने हुनाले यस्ता धितोपत्रहरुमा लगानी नगर्न नगराउनको लागि लगानीकर्तालाई सतर्क गराउँदै विगतमा समेत गैर कानूनी ढंगवाट सार्वजनिक रुपमा धितोपत्र निष्काशन गर्न लागेका संगठित संस्थाहरुलाई धितोपत्र निष्काशन गर्न रोक लगाएको समेत जानकारी गराईएको छ।

**(छ) सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०७४ लागू**:धितोपत्र व्यवसायमा

संलग्न सवैलाई जिम्मेवार बनाई सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीलाई निरुत्साहित तथा नियन्त्रण गर्ने उद्देश्यले साविकको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०६९ खारेज गरी बोर्डबाट मिति २०७४ चैत २९ मा जारी भएको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०७४ मिति २०७५ वैशाख १ गतेबाट लागू गरिएको छ।

**(ज) आर्थिक वर्ष २०७५।७६ को धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम सार्वजनिक**:धितोपत्र बजारको विकास तथा विस्तारका लागि बोर्डले प्रत्येक वर्ष तर्जुमा तथा कार्यान्वयन गर्दै आएको नीति तथा कार्यक्रमलाई रजत जयन्ती बर्षको अवसरमा आ.व. २०७४।७५ को धितोपत्र सम्बन्धी नीति तथा कार्यक्रमको प्रकाशन यसै आर्थिक वर्षदेखि शुरु गरी एउटा नयाँ व्यवस्थाको थालनी गरेको छ।

यस व्यवस्थामा अझ सुधार गरी आगामी वर्ष अर्थात आर्थिक वर्ष २०७५।७६ को धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम पनि पहिलेकै आर्थिक वर्ष २०७४।७५ अर्थात २०७५ असार भित्र नै प्रकाशन गरेको छ। यस नीति तथा कार्यक्रमलाई यो बर्षदेखि दुई भागमा प्रस्तुत गर्दै पहिलो भागमा समीक्षा वर्ष २०७४।७५ को धितोपत्र बजार र बोर्डको नीति तथा कार्यक्रमको प्रगति समीक्षा गरिएको छ भने दोस्रो भागमा आगामी आर्थिक वर्ष २०७५।७६ को धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी बोर्डको नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ। साथै, यसमा बोर्डको विकासात्मक कार्यक्रमहरुलाई विभिन्न सात उप-शीर्षकमा स्पष्ट हुने गरी नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु र उद्देश्य तथा लक्ष्यहरुलाई समेत समावेश गरिएको छ।

आ.व. २०७४।७५ को नीति तथा कार्यक्रममा लक्षित अधिकांश नीति तथा कार्यक्रमहरु सम्पन्न भएको पृष्ठभूमिमा नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट बक्तव्य, नेपाल सरकारका वित्तीय क्षेत्र विकास रणनीति, नेपाल सरकारको १४ औं योजना, वस्तु विनिमय बजारसम्बन्धी ऐन तथा यससम्बन्धी नियमावली, २०७४, चालू आ.व. को नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था, पहिलो पूँजी बजार प्रदर्शनी, देशव्यापीरुपमा संचालन गरिएका लगानीकर्ता प्रशिक्षण तथा जनचेतना अभिबृद्धि कार्यक्रम, आगामी वर्षको नीति तथा कार्यक्रम र अन्य सम्बन्धित विषयमा सरोकारवालाहरुसँगको छलफल/अन्तरक्रिया तथा प्राप्त सुझाव, देशको वर्तमान प्रादेशिक संरचना र बजार नियमनसम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्तहरुलाई मुख्य आधार बनाई उक्त नीति तथा कार्यक्रम तयार गरिएको हो।

प्रस्तुत २०७५।७६ नीति तथा कार्यक्रमले नेपालको धितोपत्र बजार र वस्तु विनिमय वजारलाई विकास तथा विस्तार गर्दै स्वस्थ, पारदर्शी, प्रतिस्पर्धी र प्रभावकारी बनाई सर्वसाधारणको पहुँच बढाउने उद्देश्य लिई विभिन्न लक्ष्यहरुसमेत तोकेको छ। आ.व. २०७५।७६ को विकासात्मक नीति तथा कार्यक्रममा कानूनी संरचनाको विकास तथा सुदृढीकरण, बोर्डको संस्थागत तथा नियमन क्षमता अभिबृद्धि, बजार पूर्वाधारमा सुधार तथा विकास, बजार सुपरिवेक्षण व्यवस्थामा सुधार, बजार सहभागीहरुको व्यवसायिकता तथा स्तर अभिबृद्धि, अध्ययन/अनुसन्धान र प्रशिक्षण तथा जनचेतना अभिबृद्धिलाई प्राथमिकता दिई उक्त उपशीर्षकमा विभाजन गर्नुका साथै नियमित कार्यक्रमहरुलाई पनि विभिन्न चार उपशीर्षकमा समावेश गरिएको छ।

**(झ) बोर्डद्वारा आर्थिक सहयोग तथा भौतिक सामाग्री वितरण**: २०७४ भाद्रमा तराईमा आएको वर्षा र बाढीका कारण पूर्व तराई क्षेत्रमा धेरै धनजनको क्षति भएको अवस्थालाई दृष्टिगत गरी बोर्डले २०७४ भाद्र १८ गते प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग स्वरुप रु. ३० लाख प्रदान गरेको छ। प्रधानमन्त्री निवास वालुवाटारमा एक कार्यक्रमवीच  बोर्ड अध्यक्षले बोर्डका सञ्चालकसहित बोर्डका उच्च पदाधिकारीहरुको उपस्थितिमा तत्कालीन प्रधानमन्त्री शेर बहादुर देउवासमक्ष बाढी पहिरो पीडितको राहत तथा उद्धारका लागि उक्त रकम बराबरको चेक हस्तान्तरण गरिएको छ।

यसअघि २०७२ वैशाख १२मा आएको महाभुकम्पका कारण भएको व्यापक जनधनको क्षति भएको समयमा पनि बोर्डले रु. ५५ लाख बराबरको रकम सहयोग गरेको थियो। यस्तै, बोर्ड आर्थिक वर्ष २०७४।७५ मा विभिन्न सामाजिक संघ संस्थाहरुलाई करिब रु. सात लाख बराबरको भौतिक सामाग्री सहितको विभिन्न किसिमको सहयोग गरेको छ।

**(ञ) प्रथम पूँजी बजार सम्बन्धी प्रदर्शन-२०७५ सम्पन्न**:पूँजी बजारको विकास तथा प्रवर्द्धन गर्ने उद्देश्य अनुरुप बोर्डले रजत जयन्ती वर्षको अवसरमा मिति २०७५ वैशाख २६ र २७ गते आयोजना गरेको प्रथम पूँजी बजारसम्बन्धी प्रदर्शनी, २०७५ सम्पन्न भएको छ। नेपालको धितोपत्र बजारको इतिहासमा पहिलोपटक आयोजना गरिएको उक्त प्रदर्शनीमा धितोपत्रको प्राथमिक तथा दोस्रो बजारसम्बन्धी विविध जानकारी, धितोपत्र व्यवसायी सेवा एवं अन्य सम्बन्धित सेवा सम्बन्धी विस्तृत जानकारी, धितोपत्र तथा धितोपत्र बजारसम्बन्धी विविध अध्ययन सामाग्रीहरुको निशुल्क वितरण, धितोपत्र बजार पूर्वाधार, बजार संचालन व्यवस्था, बजार सुधार तथा विकास र आगामी प्राथमिकता सम्बन्धमा छलफल, अन्तरक्रिया तथा लगानीकर्ता सचेतना अभिबृद्धि कार्यक्रम संचालन गरिएका थिए। यसमा बोर्ड, बीमा समिति, नेपाल स्टक एक्सचेञ्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि., शाख मूल्यांकन संस्था, मर्चेण्ट बैंकर व्यवसायी, धितोपत्र दलाल व्यवसायी, केन्द्रीय निक्षेप सदस्य, आस्वा आवद्ध बैंक तथा वित्तीय संस्था,

सूचीकृत कम्पनीहरु, धितोपत्र बजारसम्बन्धी सफ्टवेयर कम्पनीहरु, आर्थिक विद्युतीय संचार माध्यम गरी कुल ११९ स्टलहरु रहेका थिए। प्रदर्शनीमा अवलोकनकर्ताहरुको उत्साहवर्द्धक उपस्थिति रहेको थियो।

कार्यक्रममा पूँजी बजारसम्बन्धी अधिकांश विषय वस्तु समिटिने गरी धितोपत्र बजार तथा बजार पूर्वाधार, मर्चेण्ट बैकिङ्ग सेवा तथा शाखमूल्यांकन सेवा, धितोपत्र बजार सुधारका प्रयास एवं आगामी प्राथमिकता र धितोपत्र दलाल व्यवसाय सेवा विषय शीर्षकमा आयोजित चार प्राविधिक सत्रहरुमा बोर्डका वर्तमान अध्यक्ष, बोर्डका पूर्व अध्यक्षहरु तथा बोर्डका पूर्व सदस्य, नेपाल स्टक एक्सचेञ्जका पूर्व अध्यक्ष, सिडिएस एण्ड क्लियरिङ्ग लि.का प्रमुख कार्यकारी अधिकृत, मर्चेण्ट बैंकर एशोसिएसनका अध्यक्ष, स्टक ब्रोकर एशोसिएसनका अध्यक्ष, बैंकर, शाख मूल्यांकन संस्थाका प्रमुख कार्यकारी अधिकृत, अनुसन्धानकर्ता, विश्वविद्यालयका प्राध्यापक, लगानीकर्ता संघहरुका अध्यक्षहरुले प्राविधिक सत्रहरुको अध्यक्षता, कार्यपत्र प्रस्तुती, टिप्पणीकर्ताको महत्वपूर्ण भूमिका पूरा गर्नु भएको थियो जसबाट लगानीकर्ताहरुलाई थप सुसूचित हुने अवसर प्राप्त भएको थियो।

**(ट) बोर्डको रजत जयन्ती वर्ष समापन तथा २६ औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न**:मिति २०५० जेठ २५ मा स्थापित बोर्डले २०७५ जेठ २५ मा रजत जयन्ती वर्षको समापन गर्दै २६ औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न गरेको छ।कार्यक्रममा रजत जयन्ती वर्षको अवसर पारी बोर्डले प्रकाशन गरेको विभिन्न महत्वपूर्ण पुस्तकहरुको विमोचन गरिएको थियो भने बोर्डले रजत जयन्तीको अवसर पारी शुरुवात गरेका पूँजी बजार पत्रकारिता पुरस्कार यस वर्ष न्यू विजनेश एज प्रा.लि. को प्रकाशन अभियान राष्ट्रिय दैनिकलाई प्रदान गरिएको छ। साथै, बोर्डले विश्वविद्यालय स्तरमा पूँजी बजार तथा कमोडिटी डेरिभेटिभ्स् सम्बन्धी अध्ययन अनुसन्धानलाई प्रोत्साहित गर्नका लागि रजत जयन्ती वर्षको अवसरमा विभिन्न विश्वविद्यालयमा स्नातकोत्तर तथा एम.फिल. तहको अध्ययन गरी धितोपत्र बजार तथा कमोडिटी फ्यूचर्स वजार बिषय शीर्षकमा शोधपत्र लेख्ने उत्कृष्ट तीन शोधपत्रलाई पुरस्कृत गरेको छ।

बोर्डमा २० वर्ष सेवा अवधि पुरा गरेका का.मु निर्देशक श्री कृष्ण प्रसाद घिमिरे, का.मु. उप निर्देशक श्री अनुज कुमार रिमाल र वरिष्ठ चालक श्री नहकुल भट्टराईलाई बोर्डले दीर्घ सेवा पदक र कदरपत्र वितरण गरेको थियो। यससँगै,नेपाल धितोपत्र वोर्ड कर्मचारी युनियनको समन्वय तथा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय रक्तसंचार सेवा बालकुमारी, ललितपुरको सहयोगमा मिति २०७५ जेठ २३ गते वोर्डको कार्यालय परिसरमा रक्तदान कार्यक्रम आयोजना गरेको थियो। उक्त रक्तदान कार्यक्रममा बोर्ड, नेप्से, सिडिएस एण्ड क्लियरिङ्ग लि. धितोपत्र व्यवसायी (मर्चेन्ट वैंकर, धितोपत्र दलाल, निक्षेप सदस्य) लगायतका निकायका पदाधिकारी एवं कर्मचारीहरु समेत गरी ८७ जनाबाट रक्तदान भएको थियो।

**(ठ) बोर्डको सूचना प्रविधि नीति सम्बन्धमा**: सूचना प्रविधिको स्तरीय प्रयोगमार्फत् धितोपत्र तथा वस्तु विनिमय बजार नियमन तथा बजार गतिविधिलाई प्रभावकारी एवं विश्वसनीय बनाउनका लागि पहिलो पटक तयार गरिएको नेपाल धितोपत्र बोर्ड सूचना प्रविधि नीति, २०७४ मिति २०७४ आषाढमा बोर्ड सञ्चालक समितिमा पेश गरिएकोमा अध्ययन तथा आवश्यक परिमार्जन गरी बोर्डले यथाशीघ्र जारी गर्ने क्रममा रहेको छ।

### २.२.२.३ ओटिसी बजार कारोबार

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११७ ले दिएको अधिकार प्रयोग गरी धितोपत्र बजार संचालन नियमावली, २०६४ को नियम २३ को प्रयोजनका लागि बोर्डको स्वीकृति लिई नेपाल स्टक एक्सचेञ्ज लि.ले ओटिसी बजार संचालन विनियमावली, २०६५ मिति २०६५।०२।२२ देखि लागू गरेको थियो। तत्पश्चात् नेपाल बैंक लि. लगायत अन्य एक दुई कम्पनीको कारोवार भएतापनि लामो समयदेखि निष्कृय रहेको उक्त बजारमा समीक्षा वर्षमा बोर्डले मिति २०७२।०९।०६ मा नेपाल स्टक एक्सचेन्ज लि.मा सूचीकृत नभएका पब्लिक कम्पनीहरुको धितोपत्रको खरिद विक्री ओटिसी बजारमा गर्न सकिने जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयमा दिनुको साथै बोर्डले नेपाल स्टक एक्सचेन्ज लि.लाई ओटिसी बजार व्यवस्थित गर्न निर्देशित गरेकोमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७२।१०।१८ मा धितोपत्र बजारमा सूचीकरण नभएका कम्पनी, धितोपत्र बजारबाट सूचीकरण खारेज गरिएका तथा सूचीकरणका लागि आवश्यक शर्तहरु पूरा गर्न नसकी सूचीकरण हुन नसकेका पब्लिक लिमिटेड कम्पनीहरुको शेयर नामसारी ओटिसि बजारमार्फत् गर्न सकिने सूचना प्रकाशन भएपश्चात् उक्त बजारले गति पाउन थालेको हो। समीक्षा वर्षमा बोर्डले ओटिसी बजारको कारोवार शुल्क समेत ९० प्रतिशतसम्म कटौती गरेपश्चात् यो बजारमा गतिशिलता आएको छ। समीक्षा वर्षको ओटिसि बजारमा ५४ संगठित संस्थाको कुल १ करोड ३० लाख कित्ता शेयर कुल रु. १ अर्ब ३० करोड मूल्यमा कारोबार भएको छ। गत वर्ष यस बजारमा २५ संगठित संस्थाको २१ लाख ९० हजार १ सय ८३ कित्ता शेयर कुल रु. २३ करोड ६२ लाख मूल्यमा कारोबार भएको थियो।

### २.२.२.४ केन्द्रीय निक्षेप सेवा

धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ बमोजिम २०६८ सालमा स्थापित सिडिएस एण्ड क्लियरिङ्ग लि. ले

आर्थिक वर्ष २०७४।७५ मा थप आठ वटा कम्पनीहरुलाई निक्षेप सदस्यताको रुपमा दर्ता गरी कुल ६८ वटा निक्षेप सदस्यमार्फत् ७३ वटा जिल्लामा निक्षेप सेवा प्रदान गर्दै आएको छ। समीक्षा वर्षमा ४ लाख २१ हजार ५ सय २३ डिम्याट खाता खोलिएकाले कुल डिम्याट खाता संख्या १२ लाख ९२ हजार ३ सय ७५ पुगेको छ। गत वर्ष ८ लाख ७५ हजार ४९ डिम्याट खाता खोलिएका थिए। यस्तै समीक्षा वर्षमा १ अर्ब २० करोड ८५ लाख ८२ हजार २ सय ३४ कित्ता धितोपत्र अभौतिकीकरण भई अभौतिकृत धितोपत्रको संख्या कुल ३ अर्ब ७७ करोड १३ हजार १ सय ८७ कित्ता पुगेको छ, जुन गत वर्षको तुलनामा दुई गुणाको वृद्धि हो। विगत पाँच वर्षको धितोपत्र अभौतिकीकरणको प्रवृतिलाई चार्ट २.११ मा प्रस्तुत गरिएको छ।




विगत ५ वर्षको धितोपत्र बजारको अभौतिकीकरण तालिका २.९ मा प्रस्तुत गरिएको छ।

**तालिका २.९**
**धितोपत्र अभौतिकीकरण**

| क्र.स. | विवरण | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
| १ | निक्षेप सदस्यको संख्या | ८ | १० | ४४ | ५६ | ६० | ६८ |
| २ | दर्ता कम्पनीको संख्या | १२ | १६ | ११३ | २०५ | २२८ | १९२ |
| ३ | हितग्राही डिम्याट खाताको संख्या | २५६ | ५३४ | ४०,९३४ | ३९२,३५९ | ८७०,७०२ | १,२९२,३७५ |
| ४ | अभौतिकृत धितोपत्रको संख्या | ६,५६१ | १८०,४६७ | २२,६३३,३८२ | ९०७,७६६,२७३ | १,०५९,४६३,२९९ | ३,७७०,०१३,१८७ |

स्रोतः सिडिएस एण्ड क्लियरिङ्ग लि.

धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट कार्यमा सहजता प्रदान गर्न सिडिएससिले काठमाडौंभित्र हरेक राफसाफ सदस्यलाई दुई वटा Work Station प्रदान गर्दै आएको छ भने उपत्यका बाहिरका लागि थप एक वटा Work Station गरी जम्मा तीन वटा Work Station प्रदान गर्दै आएको छ। यस्तै विगतमा एक राफसाफ बैंकबाट राफसाफ सम्बन्धी कार्य गराउँदै आएकोमा बोर्डको निर्देशन अनुरुप सिडिएससिले थप तीन वाणिज्य बैंकलाई राफसाफ बैंकको रुपमा कार्य गर्न अनुमति प्रदान गरेको छ। साथै मिति २०७४।०३।१८ देखि नेप्सेमा सम्पन्न भएको कारोबारको राफसाफ तथा फछ्र्यौट Multiple Clearing Bank मार्फत् Net Settlement प्रणालीको आधारमा गरिदै आएको छ। यस्तै उक्त लि. ले लगानीकर्तालाई आफ्नो खाताको विवरण अनलाइन मार्फत् उपलब्ध गराउनका लागि मेरो शेयर नामक एप्लीकेशनको विकास गरेकोमा उक्त सेवाको प्रयोग गर्ने हितग्राहीको संख्या ६३ हजार ३ सय ७६ पुगेको छ।

## २.२.२.५ क्रेडिट रेटिङ्ग सेवा

क्रेडिट रेटिङ्ग व्यवसायलाई थप प्रतिस्पर्धात्मक एवं व्यवसायिक बनाउन बोर्डले मिति २०७४ कात्तिक ३० मा भारतको केयर

रेटिङ्ग लि. को समेत ५१ प्रतिशत स्वामित्व रहेको रु. ५ करोड चुक्ता पूँजी भएको केयर नेपाल लि. नामक क्रेडिट रेटिङ्ग संस्थालाई सञ्चालनका लागि अनुमतिपत्र प्रदान गरेको छ। यससँगै क्रेडिट रेटिङ्ग गर्ने संस्थाको संख्या दुई पुगेको छ। यो वर्ष केयर नेपाल लि. को रेटिङ्ग सम्बन्धी गतिविधिहरु न्यून रहेका छन्।

क्रेडिट रेटिङ्ग नियमावली, २०६८ बमोजिम २०६९ सालमा स्थापित इक्रा नेपाल लि.ले मुख्यतः कम्तिमा तीन करोड रुपैयाँ भन्दा बढी मूल्यको शेयरको सार्वजनिक तथा हकप्रद शेयर निष्काशन, ऋणपत्र निष्काशन, अग्राधिकार शेयर निष्काशन, थप निष्काशनहरुको क्रेडिट रेटिङ्ग गर्नुपर्ने व्यवस्था रहेकोमा आगामी दिनमा बैक तथा वित्तीय संस्थाहरुले रु. ५० करोड वा सो भन्दा बढीको कर्जा उपयोग गर्ने ऋणीलाई कर्जा प्रवाह गर्दा वा नवीकरण गर्दा सो संस्थाको क्रेडिट रेटिङ्ग एजेन्सीबाट गरिएको रेटिङ्गलाई कर्जा मूल्याङ्कनको आधारको रुपमा लिनुपर्ने व्यवस्था समेत भएको छ।

आ.व. २०६९।७० बाट रेटिङ्ग/ग्रेडिङ्ग सेवा प्रदान गर्न थालेको इक्रा नेपाल लि. ले आ.व. २०७३।७४ सम्म २२० रेटिङ्ग/ग्रेडिङ्ग सेवा प्रदान गरेको छ। उक्त लि. ले आ.व. २०७४।७५ मा जम्मा ५५ रेटिङ्ग/ग्रेडिङ्ग सेवा प्रदान गरेको छ जुन गत आ.व. मा प्रदान गरेका ५१ रेटिङ्ग/ग्रेडिङ्ग सेवाको तुलनामा करिब ८ प्रतिशतले बढी हो। यसका अतिरिक्त उक्त लि. ले विगतमा रेटिङ्ग गरिएका मध्ये १६ बाट रेटिङ्गको अनुगमन कार्य समेत समीक्षा वर्षमा सम्पन्न गरेको छ। इक्रा नेपाल लि. ले विगत ५ वर्षमा प्रदान गरेको रेटिङ्ग/ग्रेडिङ्ग सेवाको कार्य तालिका २.१० मा प्रस्तुत गरिएको छ।

**तालिका-२.१०**

**रेटिङ्ग सेवा**

| क्र.सं | विवरण | २०६९।७० | २०७०।७१ | २०७१।७२ | २०७२।७३ | २०७३।७४ | २०७४।७५ |
|---|---|---|---|---|---|---|---|
| १ | ऋणपत्रको रेटिङ्ग | ३ | ३ | ६ | १ | – | २ |
| २ | जारीकर्ता कम्पनीको रेटिङ्ग | १ | ३ | १ | २ | २ | १ |
| ३ | कोष व्यवस्थापनको गुणस्तर रेटिङ्ग | – | ३ | १ | २ | २ | १ |
| ४ | थप निष्काशन | – | – | – | ३ | ९ | २ |
| ५ | प्राथमिक निष्काशन | ३ | ६ | ७ | १४ | १३ | १७ |
| ६ | हकप्रद निष्काशन | २ | ७ | १९ | २७ | २५ | ३२ |
| | जम्मा | ९ | २२ | ३४ | ४९ | ५१ | ५५ |

स्रोतः ईक्रा नेपाल लि.।

## २.३ धितोपत्र बजार सम्बन्धी नीति तथा कार्यक्रम

धितोपत्र बजारको विकास तथा विस्तारका लागि नेपाल सरकारले विभिन्न आर्थिक वर्षहरुमा देहाय बमोजिमको नीति तथा कार्यक्रमहरु घोषणा गर्दै आएको छ।

क) आर्थिक वर्ष २०७२।७३ को बजेट बक्तव्यमा धितोपत्र बजार सम्बन्धमा देहाय अनुसारका कार्यक्रमहरु घोषणा भएका थिए।

- पूँजीबजारको संस्थागत विकासका लागि धितोपत्रको दोस्रो बजार प्रभावकारी बनाउन नागरिक लगानी कोषलाई सक्रिय गराइने छ।
- वित्तीय क्षेत्र विकास रणनीति आर्थिक वर्ष २०७२।७३ देखि कार्यान्वयनमा ल्याइने छ।

ख) आर्थिक वर्ष २०७३।७४ मा बजेट बक्तव्यमा धितोपत्र बजार सम्बन्धमा देहाय अनुसारको कार्यक्रमहरु समावेश भएका छन्।

- व्यवस्थापिका-संसद्मा विचाराधीन कमोडिटी बजार सम्बन्धी विधेयक आगामी आर्थिक वर्षमा व्यवस्थापिका-संसद्मा प्रस्तुत गरिनेछ।
- पूँजी बजारमा उत्पादनमुलक कम्पनीहरुलाई सूचिकृत हुन प्रोत्साहित गर्न पब्लीक कम्पनीको रुपमा स्थापना हुने उद्योग व्यवसायलाई आयकरमा १५ प्रतिशत छुट दिने व्यवस्था मिलाइएको छ।

साथै, राष्ट्रपतिद्वारा संबोधन गरिएको आर्थिक वर्ष २०७३।७४ को नेपाल सरकारको नीति तथा कार्यक्रममा पहिलोपटक धितोपत्र बजार सम्बन्धी देहाय अनुसारको कार्यक्रमहरु समावेश भएको छ :

- पूँजी बजारलाई देशको आर्थिक विकासको महत्वपूर्ण संयन्त्रको रुपमा विकास गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बचत तथा

लगानीलाई आकर्षित गर्न आधुनिक र विश्वसनीय पूँजी बजारको विकास गरिने छ।

ग) आ.व. २०७४।७५ को बजेट बक्तव्यको बुँदा नं. १८२ मा धितोपत्र बजार सम्बन्धमा देहाय अनुसारको कार्यक्रमहरु समावेश भएको छ।

- पूँजी बजारको विकास र स्थायित्वका लागि नीतिगत र संस्थागत व्यवस्था गरिनेछ। उत्पादनमूलक कम्पनीहरूलाई पूँजी बजारमा प्रवेश गर्न प्रोत्साहन गरिने छ। धितोपत्र कारोबारलाई पारदर्शी र पूर्ण स्वचालित बनाइने छ। धितोपत्र नियमन सम्बन्धी अन्तर्राष्ट्रिय संस्थाको सदस्यता प्राप्त गरिने छ।

घ) आर्थिक वर्ष २०७५।७६ को बजेट वक्तव्यमा धितोपत्र बजारको विकास तथा विस्तारका लागि देहाय बमोजिमको कार्यक्रम समावेश गरिएको छ।

- वित्तीय क्षेत्रमा नियमनकारी निकायहरुको क्षमता अभिवृद्धि गर्न धितोपत्र ऐनमा समयानुकुल संशोधन गरिनेछ।
- एक अर्व वा सो भन्दा बढीको पूँजीमा स्थापित सबै उत्पादनमूलक कम्पनीहरुलाई पब्लिक लिमिटेड कम्पनीमा रुपान्तरण भई पूँजी बजारमा सूचीकृत हुनुपर्ने व्यवस्था गरिनेछ। प्राइभेट इक्विटी, भेञ्चर फण्ड र हेज फण्ड लगायतका नयाँ संस्थाहरुलाई पूँजी बजारमा प्रवेश गराइनेछ। नेपालको क्रेडिट रेटिङ्ग गराई विदेशी लगानी र ऋण प्रवाहलाई सहजीकरण गरिनेछ।
- पचास करोड रुपैयाँ वा सो भन्दा बढी चुक्ता पूँजी भएका प्राइभेट लिमिटेड कम्पनीहरुलाई पब्लिक लिमिटेड कम्पनीमा रुपान्तरण हुन प्रोत्साहन स्वरुप तीन वर्षका लागि आयकरमा १० प्रतिशत छुट दिने व्यवस्था गरिनेछ।

**कार्यान्वयन स्थितिः** आ.व. २०७२।७३ मा बजेट बक्तव्य मार्फत घोषित धितोपत्र बजारसम्बन्धी कार्यक्रमको कार्यान्वयन गर्ने सम्बन्धमा बजारमा स्थायित्व कायम गर्ने उद्देश्यले नागरिक लगानी कोषलाई संस्थागत लगानीकर्ताको रुपमा दोश्रो बजारमा सहभागी गराउने सन्दर्भमा नेपाल सरकार अर्थ मन्त्रालयको समेत प्रतिनिधित्वमा प्राविधिक पक्षको अध्ययन गर्न बोर्डद्वारा एक प्राविधिक समिति गठन गरिएकोमा सो समितिले सुझावसहित प्रतिवेदन पेश गरेको छ। साथै, सोही बजेट वक्तव्यमा घोषणा भएअनुसार मिति २०७३।०९।२२ मा नेपाल सरकार, मन्त्रीपरिषद्बाट स्वीकृत वित्तीय क्षेत्र विकास रणनीति (२०७३।७४-२०७७।७८) मा उल्लेख भएको पूँजी बजार सम्बन्धी रणनीति तथा योजनाहरु कार्यान्वयनको लागि बोर्डले कार्ययोजना तयार गरी सो को चरणबद्ध कार्यान्वयन गर्दै लगेको छ। नेपाल सरकारले आ.व. २०७४।७५ मा वस्तु विनिमय बजारसम्बन्धी ऐन, २०७४ लागू गरेसँगै बोर्डले पनि वस्तु विनिमय बजारसम्बन्धी नियमावली, २०७४ लागू गरिसकेको छ भने प्राइभेट इक्विटी, भेञ्चर फण्डलाई पूँजी बजारमा प्रवेश गराउनका लागि वैकल्पिक लगानी कोष नियमावलीको मस्यौदालाई अन्तिम रुप दिने चरणमा रहेको छ। त्यस्तै एक अर्व वा सो भन्दा बढीको पूँजीमा स्थापित सबै उत्पादनमूलक कम्पनीहरुको लगत तयार गर्न कम्पनी रजिष्ट्रारको कार्यालयसँग आवश्यक समन्वय भैरहेको छ।

## २.४ वस्तु विनिमय बजार

विगत करिब १० वर्षदेखि बिना नियमन सञ्चालन भैरहेको वस्तु विनिमय वजारको विकास तथा सञ्चालन, लगानीकर्ताको हित संरक्षण, वस्तुको कारोवार, राफसाफ तथा फछ्र्यौट र वेयर हाउस सञ्चालन सम्वन्धी व्यवसायलाई नियमन गर्न नेपाल सरकारबाट वस्तु विनिमय बजार सम्वन्धी ऐन, २०७४ मिति २०७४ भाद्र ११ मा जारी भएको थियो। उक्त ऐनको कार्यान्वयनको लागि ऐन प्रमाणिकरण भएको ९१ औं दिन अर्थात मिति २०७४ मंसिर ९ देखि लागू हुने गरी नेपाल सरकारको स्वीकृतिमा बोर्डले वस्तु विनिमय वजार सम्बन्धी नियमावली, २०७४ जारी गरिएको छ। यस सँगै वस्तु विनिमय बजारको विकास र विस्तार गर्ने जिम्मेवारी समेत बोर्डमा आएको छ।

बोर्डबाट वस्तु विनिमय बजारसम्बन्धी व्यवसाय सञ्चालन गर्न चाहने संगठित संस्थाले बोर्डको अनुमति लिएर मात्र उक्त व्यवसाय गर्न गराउन मिति २०७४ मंसिर १२ मा सूचना प्रकाशन गर्नुका साथै सञ्चालनमा रहेका बजारहरुलाई नयाँ करारको कारोबारमा रोक लगाइएको थियो। यस अनुसार पूर्व स्वीकृतिका लागि बोर्डमा पाँच कम्पनीहरुको निवेदन प्राप्त भएकोमा बोर्डबाट मिति २०७५ वैशाख ३ गते २१ दिने सूचना जारी गरी मुलुकको अर्थतन्त्रको आकार, औद्योगिक व्यवसायको विकास, वस्तु कारोबारको संभाव्यता तथा लगानीकर्ताको हित संरक्षण समेतलाई दृष्टिगत गरी वस्तु विनिमय बजार संचालन गर्ने अनुमतिपत्र प्रदान गर्नुपर्ने व्यवस्था समेतलाई मध्यनजर गरी वस्तु विनिमय बजार संचालन गर्न पूर्व स्वीकृतिका लागि निवेदन लिने कार्य स्थगित गरिएको छ। समीक्षा वर्षमा वस्तु विनिमय बजार सञ्चालन पूर्व स्वीकृतिका लागि तालिका २.११ बमोजिमका पाँच संगठित संस्थाहरुले बोर्डमा निवेदन पेश गरेकोमा यस सम्बन्धमा बोर्डबाट प्राप्त निवदेनहरुमा अध्ययन भैरहेको छ।

**तालिका २.११**

**बोर्डमा निवेदन दिने प्रस्तावित वस्तु विनिमय बजार**

| क्रस | प्रस्तावित संगठित संस्थाको नाम | प्रस्तावित चुक्ता पूँजी |
|---|---|---|
| १ | नेपाल कमोडिटी एक्सचेन्ज लि. | रु. ५४ करोड ६० लाख |
| २ | नेपाल मर्कन्टाइल एक्सचेन्ज लि | रु. ५० करोड |

# भाग ३
## नेपाल धितोपत्र बोर्डको प्रशासनिक तथा वित्तीय अवस्था

### ३.१ बोर्डको स्थापना

२०४६ सालपछि नेपालले अवलम्वन गरेको आर्थिक उदारीकरणको नीति पश्चात् पूँजी बजारमा निजी क्षेत्रको प्रवेश शुरु भयो जसले गर्दा धितोपत्र खरिद बिक्री केन्द्र आफैले बजार व्यवस्थापन र नियमनको कार्य गर्दा स्वार्थ बाफिन सक्ने स्थिति (Conflict of Interest) समेतलाई ध्यानमा राखी २०४९ सालमा धितोपत्र कारोवार ऐन, २०४० लाई संशोधन गरी धितोपत्र बजारको स्वायत्त नियमन निकायको रुपमा नेपाल सरकारबाट २०५० साल जेष्ठ २५ गते नेपाल धितोपत्र वोर्डको स्थापना भएको हो।

२०६३ सालमा धितोपत्र कारोवार ऐन, २०४० खारेज गरी देशको आर्थिक विकासका लागि पूँजीबजारको विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्न धितोपत्रको निष्काशन, खरिद, बिक्री, वितरण तथा विनिमयलाई व्यवस्थित वनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरुको काम कारवाहीलाई नियमित तथा व्यवस्थित गर्ने उद्देश्यसहित धितोपत्र सम्वन्धी ऐन, २०६३ जारी गरियो। तत्पश्चात नयाँ ऐन बमोजिम नेपाल धितोपत्र वोर्डले नियमन निकायको रुपमा समग्र धितोपत्र बजारको नियमन कार्य गर्दै आइरहेकोमा नेपाल सरकारबाट मिति २०७४ भाद्र ११ देखि वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ जारी भए पश्चात् वस्तु विनिमय बजारको नियमन गर्ने जिम्मेवारी समेत पाएको छ।

### ३.२ बोर्डको काम, कर्तव्य र अधिकारहरु

(क) धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम बोर्डको मुख्य काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम रहेका छन् :

- धितोपत्र सार्वजनिक रुपमा निष्काशन गर्न सक्ने गरी स्थापना भएको संगठित संस्थाको धितोपत्र दर्ता गर्ने।
- धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिने विवरणपत्र स्वीकृत गर्ने।
- धितोपत्र बजार संचालन गर्न चाहने संगठित संस्थालाई धितोपत्र बजार संचालन गर्न अनुमति दिने।
- धितोपत्र बजार तथा धितोपत्र व्यवसायीका काम कारबाहीको नियमन गर्ने।
- धितोपत्र व्यवसाय संचालन गर्न चाहने कम्पनी वा संस्थालाई धितोपत्र व्यवसाय संचालन गर्न अनुमतिपत्र दिने।
- सामूहिक लगानी कोष संचालन गर्न स्वीकृति दिने।
- धितोपत्र सम्बन्धी आवश्यक नियम, विनियम तथा निर्देशिकाहरु बनाउने।
- धितोपत्र विनिमय बजार, धितोपत्र व्यवसायी, धितोपत्र कारोबार तथा समग्र धितोपत्र बजारको सुपरिवेक्षण गर्ने।
- नियमन व्यवस्थाको पालना नगर्ने संस्थाहरुलाई ऐन, नियम अनुसार कारवाही अगाडि बढाउने।
- धितोपत्र बजार सम्बन्धमा अध्ययन, अनुसन्धान गरी आवश्यक निर्देशन दिने तथा चेतना अभिवृद्धिमूलक कार्यक्रम सञ्चालन गर्ने।
- धितोपत्र बजारसँग सम्बन्धित विषयमा नीति तथा कार्यक्रम तर्जुमा गर्न नेपाल सरकारलाई आवश्यक परामर्श दिने।
- धितोपत्र तथा धितोपत्र बजार विकासका सम्बन्धमा आवश्यक अन्य कार्यहरु गर्ने गराउने

(ख) वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ बमोजिम बोर्डका मुख्य काम, कर्तव्य र अधिकारहरु रहेका छन :

- वस्तु विनिमय बजार तथा वस्तु कारोबारको विकाससँग सम्बन्धित विषयमा नेपाल सरकारलाई राय/सुझाव दिने।
- वस्तु विनिमय बजारको विकासको लागि दीर्घकालीन तथा अल्पकालीन योजना तथा नीति स्वीकृत गर्ने।
- वस्तु विनिमय बजार सञ्चालन सम्बन्धी सम्भाव्यता अध्ययन गर्ने।
- वस्तु विनिमय बजारमा कारोबार गर्न सकिने वस्तु तथा वस्तु करारको दर्ता गर्ने।
- कुनै वस्तु सूचीकरण गराउन वा सूचीकरणबाट हटाउन वा कुनै कारोबार रोक्का गर्न सम्बन्धित वस्तु विनिमय बजारलाई निर्देशन दिने।
- वस्तु विनिमय बजारको विद्युतीय कारोबार प्रणालीमा कुनै समस्या देखिएमा वा सुधार गर्नुपर्ने देखिएमा त्यस्तो सुधार नगरेसम्मका लागि कारोबार स्थगन गर्न आदेश दिने।
- बोर्डमा दर्ता भएको वस्तु तथा वस्तु करारको खरिद, बिक्री, हस्तान्तरणलाई नियमित तथा व्यवस्थित गर्ने।

- अनुमतिपत्र प्राप्त संस्था तथा कारोबारमा संलग्न पक्षको काम कारबाहीको नियमन तथा अनुगमन गर्ने तथा अनुमतिपत्र प्राप्त संस्थाको विनियम स्वीकृत गर्ने ।
- लगानीकर्ताको हित संरक्षण गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई विनियममा आवश्यक व्यवस्था गर्न निर्देशन दिने ।
- वस्तु वा वस्तु करार सम्बन्धी विषयमा सुपरिवेक्षण तथा नियमन गर्न अन्य नियमनकारी निकायसँग समन्वय गर्ने तथा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(ग) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन (दोस्रो संशोधनसमेत), २०६४ बमोजिम नियमनकारी निकायको रुपमा बोर्डको मुख्य काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम रहेका छन :

- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन वा उक्त ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दिइएको निर्देशनको पालना गर्ने वा गराउने,
- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन वा उक्त ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दिइएको निर्देशन वा आदेशको व्यवस्था पालना भए नभएको सम्बन्धमा नियमनका लागि सूचक संस्थाको रुपमा बोर्डबाट अनुमतिपत्र प्राप्त व्यवसायीलाई तोकिएको र त्यस्तो सूचक संस्थाको आवश्यकता अनुसार स्थलगत निरीक्षण तथा गैरस्थलगत सुपरिवेक्षण वा अनुगमन गर्ने,
- सूचक संस्थाले गर्ने कुनै व्यवसाय वा पेशा दर्ता गर्दा वा व्यवसायको लागि अनुमतिपत्र वा इजाजतपत्र दिँदा पेशा वा व्यवसाय सञ्चालन गर्ने व्यक्तिले ऐन बमोजिमको काम कारबाही तथा दायित्व पूरा गर्नु पर्ने शर्त तोक्ने,
- सूचक संस्थाको व्यवसायगत सुपरिवेक्षण (प्रुडेन्सियल सुपरभिजन) सम्बन्धी आधारभूत मान्यतामा अन्तरनिहित सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्थाको परिपालना गराउने,
- सूचक संस्थाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दिइएको निर्देशन बमोजिमको दायित्व परिपालना गराउन सूचक संस्थामा रहेको जुनसुकै प्रकारको सूचना, जानकारी तथा कागजात उपलब्ध गराउन आदेश दिने तथा कसूरको अनुसन्धान सम्बन्धी कार्यमा आवश्यक सहयोग पुर्‍याउने लगायतका अधिकार रहेका छन ।

## ३.३ सञ्चालक बोर्ड

नेपाल धितोपत्र बोर्डमा विभिन्न सरकारी तथा निजी क्षेत्रका निकायहरुको प्रतिनिधित्व रहने गरी ७ सदस्यीय संचालक बोर्ड हुने व्यवस्था रहेको छ । बोर्डमा नेपाल सरकारद्वारा नियुक्त कार्यकारी अध्यक्षका साथै नेपाल सरकार, अर्थ मन्त्रालयका सह-सचिव, नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सह-सचिव, नेपाल राष्ट्र बैंकका प्रतिनिधि (कार्यकारी निर्देशक), नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि (उपाध्यक्ष) र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका प्रतिनिधि (उपाध्यक्ष) तथा नेपाल सरकारले मनोनयन गर्ने पूँजी बजार विज्ञ सदस्य रहने व्यवस्था रहेको छ । समीक्षा वर्षमा बोर्डको बैठक ३३ पटक बसेको छ जबकि गत वर्ष सञ्चालक बोर्डको बैठक ४३ पटक बसेको थियो । आ.व. २०७४।७५ मा बोर्डको सञ्चालक बोर्डमा रहनुभएका सदस्यहरुको परिवर्तन र यससम्बन्धी विवरण तालिका ३.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.१**

**आ.व. २०७४।७५ मा बोर्डको सञ्चालक बोर्डका सदस्यहरु**

| क्र.स. | नाम | संस्था | देखि | सम्म |
|---|---|---|---|---|
| १ | डा. रेवत बहादुर कार्की-अध्यक्ष | | २०७२।०६।३० | हालसम्म |
| २ | श्री आनन्दराज ढकाल-सदस्य | सह-सचिव, अर्थ मन्त्रालय | २०७२।११।०५ | २०७४।०६।२१ |
| | श्री उत्तर कुमार खत्री-सदस्य | सह-सचिव, अर्थ मन्त्रालय | २०७४।१०।२२ | २०७५।०४।१० |
| ३ | श्री तोयानाथ अधिकारी-सदस्य | सह-सचिव, कानून, न्याय तथा संसदीय मामिला व्यवस्था मन्त्रालय | २०७३।११।०५ | २०७५।०२।०६ |
| | श्री फणीन्द्र गौतम-सदस्य | सह-सचिव, कानून, न्याय तथा संसदीय मामिला व्यवस्था मन्त्रालय | २०७५।०२।०७ | हालसम्म |
| ४ | श्री नर बहादुर थापा-सदस्य | कार्यकारी निर्देशक (प्रतिनिधि), नेपाल राष्ट्र बैंक | २०७३।०२।१० | हालसम्म |

| | | | | |
|---|---|---|---|---|
| ५ | श्री जगन्नाथ उपाध्याय (निरौला) | उपाध्यक्ष (प्रतिनिधि), नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्था | २०७४।०४।०१ | २०७५।०३।३२ |
| ६ | श्री दिनेश श्रेष्ठ-सदस्य | उपाध्यक्ष (प्रतिनिधि), नेपाल उद्योग वाणिज्य महासंघ | २०७१।०२।२२ | २०७४।०२।०२ |
| | श्री शेखर गोल्छा-सदस्य | वरिष्ठ उपाध्यक्ष (प्रतिनिधि), नेपाल उद्योग वाणिज्य महासंघ | २०७४।०२।०३ | हालसम्म |
| ७ | श्री निल बहादुर सारु मगर | विज्ञ सदस्य | २०७२।१२।०५ | हालसम्म |

साथै, नेपाल सरकार, अर्थ मन्त्रालयका सह-सचिव श्री हरिशरण पुडासैनी मिति २०७५ श्रावण ११ देखि र नेपाल चाटर्ड एकाउण्टेण्ट्स संस्थाका उपाध्यक्ष श्री कृष्ण प्रसाद आचार्य मिति २०७५ श्रावण २ देखि बोर्ड सदस्यको रुपमा प्रतिनिधित्व गरिरहनुभएको छ।

## ३.४ संगठन संरचना तथा जनशक्ति व्यवस्थापन

धितोपत्र बजारको दायरा दिन प्रति दिन बढ्दै गईरहेको परिप्रेक्ष्यमा धितोपत्र बजार, सूचीकृत संगठित संस्था, धितोपत्रको केन्द्रीय निक्षेप कम्पनी, निक्षेप सदस्य, सामूहिक लगानी कोष, क्रेडिट रेटिङ्ग कम्पनी, धितोपत्र दलाल तथा मर्चेण्ट बैंकर र शेयर रजिष्ट्रार गरी ४०० भन्दा बढी कम्पनीको नियमन तथा सुपरिवेक्षण गर्नुपर्ने जिम्मेवारी बोर्डले पूरा गर्दै आएको छ। आफ्नो जिम्मेवारी प्रभावकारी रुपमा सम्पन्न गर्नका लागि बोर्डले आफ्नो संस्थागत क्षमतामा समयानुकूल अभिवृद्धि गर्नु पर्ने कुरालाई मध्यनजर गर्दै विद्यमान संगठन संरचनाको ढाँचामा पुनरावलोकन गरी नयाँ संगठन संरचना लागू गरेको छ। उक्त संगठन संरचना अनुसार संवैधानिक व्यवस्था अनुरुप लोक सेवा आयोगको सामान्य सिद्धान्त अनुरुप समीक्षा वर्षमा अधिकृत तथा सहायक श्रेणीमा थप १३ कर्मचारीको स्थायी नियुक्ति गरेको छ। बोर्डमा हाल जम्मा ५५ जना कर्मचारीहरु कार्यरत रहेका छन्। समीक्षा वर्षमा बोर्डमा कार्यरत कर्मचारीको विवरण तालिका ३.२ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.२**

**कर्मचारी संख्याको विवरण**

| क्र.स. | पद | संख्या |
|---|---|---|
| १ | कार्यकारी निर्देशक | २ |
| २ | निर्देशक | ४ |
| ३ | का.मु. निर्देशक | १ |
| ४ | उपनिर्देशक | ७ |
| ५ | का. मु. उपनिर्देशक | ३ |
| ६ | अधिकृत | १८ |
| ७ | का.मु.अधिकृत | २ |
| ८ | वरिष्ठ सहायक | ७ |
| ९ | सहायक | ४ |
| १० | सवारी चालक | २ |
| ११ | सहयोगी कर्मचारी | ५ |
| **जम्मा** | | **५५** |

बोर्डको नयाँ संगठन संरचना अनुसूची-६ मा प्रस्तुत गरिएको छ।

## ३.५ समितिहरु

बोर्डको काम कारवाही प्रभावकारी रुपमा सम्पादन गर्न तथा आवश्यक सहयोगका लागि बोर्डमा विभिन्न स्थायी प्रकृतिका समितिहरू कार्यरत रहेका छन्। यी समितिहरुले आर्थिक वर्ष २०७४।७५ मा गरेका कामकारवाहीहरु निम्नानुसार रहेका छन् :

### ३.५.१ कानून तथा प्रवलीकरण समिति

बोर्डबाट तयार गर्नुपर्ने विभिन्न नियमावली, निर्देशिका तथा अन्य कानूनी व्यवस्थाहरुको मस्यौदा तयार गर्न तथा बोर्ड समक्ष पेश भएका जटिल कानूनी विषयका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गरी परामर्श दिनको साथै धितोपत्र सम्बन्धी ऐन नियमको पालनालाई प्रभावकारी गराउने जस्ता काम कारबाहीको लागि नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट प्रतिनिधित्व गर्नु हुने बोर्ड सदस्य संयोजक रहेको कानून तथा प्रवलीकरण समिति रहेको छ। उक्त समितिमा बोर्डको नियमन तथा व्यवस्थापन विभागका प्रमुख तथा कानून तथा प्रबलीकरण महाशाखाका प्रमुख सदस्य तथा एक वाह्य विज्ञ सदस्य हुनुहुन्छ। आर्थिक वर्ष २०७४।७५ मा उक्त समितिले निम्न कार्यहरु गरेको छ :

- नेपाल धितोपत्र बोर्डका बोर्ड सदस्यको आचारसंहिता, २०७४ को मस्यौदालाई पुनरावलोकन गरी अन्तिम रुप प्रदान गरेको,
- धितोपत्र व्यवसायी (धितोपत्र दलाल एवं मर्चेन्ट बैंकर)हरुको सुपरिवेक्षण दिग्दर्शन, २०७४ लाई आवश्यक पुनरावलोकन गरी सुधार सहित अन्तिम रुप दिएको,
- सूचीकृत संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को मस्यौदालाई पुनरावलोकन गरी अन्तिम रुप दिएको,
- सम्पति शुद्धीकरण निवारण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०७४ को मस्यौदालाई पुनरावलोकन गरी अन्तिम रुप दिएको,
- सूचीकरण तथा कारोबार नियमावली, २०७५ को मस्यौदालाई आवश्यक पुनरावलोकन गरी सुधारसहित अन्तिम रुप दिएको,
- नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावलीको तेश्रो संशोधनका लागि व्यवस्थापनबाट तयार गरिएको मस्यौदामा आवश्यक पुनरावलोकन गरी अन्तिम रुप दिएको,
- नेपाल स्टक एक्सचेञ्ज लि. बाट बोर्डको स्वीकृतिका लागि प्राप्त धितोपत्र सूचीकरण विनियमावली र धितोपत्र कारोबार नियमावलीलाई पुनरावलोकन तथा सुधार गरी अन्तिम रुप दिएको,
- धितोपत्रको केन्द्रीय निक्षेप सेवा विनियमावलीमा प्रस्तावित संशोधनको पुनरावलोकन गरेको।

### ३.५.२ वित्तीय प्रशासन तथा सूचना विश्लेषण समिति

बोर्डको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी अन्तिम रुप दिन, वार्षिक बजेट तथा खर्चको आवधिक रुपमा पुनरावलोकन गर्न तथा लेखापरीक्षकबाट प्राप्त लेखापरीक्षण प्रतिवेदन अध्ययन गरी अन्तिम रुप दिने तथा वित्तीय सूचना विश्लेषण र वित्तीय प्रशासन सम्बन्धी अन्य कार्यहरु गर्न बोर्डमा वित्तीय प्रशासन तथा सूचना विश्लेषण समिति रहेको छ। उक्त समितिमा नेपाल चार्टड एकाउन्टेन्टस् संस्थाबाट बोर्डमा प्रतिनिधित्व गर्नुहुने बोर्ड सदस्यको संयोजकत्वमा बोर्डको नियमन तथा व्यवस्थापन विभागका प्रमुख सदस्य र बोर्डको वित्तीय व्यवस्थापन शाखा प्रमुख सदस्य सचिव रहेका छन्। आर्थिक वर्ष २०७३।७४ मा उक्त समितिको संयोजनमा देहाय बमोजिमको कार्यहरु भएका छन् :

- बोर्डको आर्थिक वर्ष २०७५।७६ को नीति तथा कार्यक्रम र बजेटको तयारी,
- लेखापरीक्षकबाट प्राप्त आर्थिक वर्ष २०७३।७४ को लेखापरीक्षण प्रतिवेदनको अध्ययन गरी सोको प्रत्युत्तर तयारी,
- बोर्डको रहेको लगानीयोग्य रकमलाई विभिन्न बैंकहरुमा राख्नका लागि सिफारिश।

### ३.५.३ लेखापरीक्षण समिति

बोर्डको वित्तीय विवरणको पुनरावलोकन सम्बन्धमा संचालक समितिलाई सहयोग गर्न, बोर्डको नियम पालनाको अवस्थाको पुनरावलोकन सम्बन्धमा संचालक समतिलाई सहयोग पुऱ्याउन, आर्थिक पारदर्शिता र संस्थागत सुशासनलाई मजबुत बनाउन, आन्तरिक लेखापरीक्षकको नियुक्ति गर्न, पारिश्रमिक तथा सुविधा निर्धारण गर्न, स्वतन्त्र लेखापरीक्षकको लेखापरीक्षण प्रकृया निर्धारण गर्न तथा मूल्याकंन गर्ने जस्ता कार्यहरु गर्नका लागि नेपाल चाटर्ड एकाउन्टेन्टस् संस्थाबाट बोर्डमा प्रतिनिधित्व गर्नुहुने बोर्ड सदस्यको संयोजकत्वमा नेपाल राष्ट्र बैंकको तर्फबाट बोर्डमा प्रतिनिधित्व गर्नुहुने बोर्ड सदस्य तथा बोर्डको कानून महाशाखाका प्रमुख सदस्य सचिव रहने गरी लेखापरीक्षण समिति रहेको छ।

समीक्षा अवधिमा यस समितिले आर्थिक वर्ष २०७४।७५ को बोर्डको आन्तरिक लेखापरीक्षण कार्य गर्नको लागि श्री शंकर एशोसियट्स चार्टर्ड एकाउण्टेन्टस् नियुक्ति गरेको र सो लेखापरीक्षकबाट प्राप्त लेखापरीक्षण प्रतिवेदन पुनरावलोकन गरी व्यवस्थापनलाई आवश्यक निर्देशन दिइएको छ।

### ३.६ बोर्डको वित्तीय अवस्था

आर्थिक वर्ष २०७३।७४ मा बोर्डको वासलातको आकार रु. ७२ करोड २० लाख ८६ हजार रहेकोमा समीक्षा वर्षमा उक्त वासलातको आकार ३४.१७ प्रतिशतले वृद्धि भई रु. ९६ करोड ८८ लाख पुगेको छ। बोर्डको आयको सम्बन्धमा आर्थिक वर्ष २०७३।७४ मा विगतदेखिअसुल हुन बाँकी रकमलाई सोही वर्ष नै असुल उपर गरिएको, सूचीकृत संगठित संस्थाको हकप्रद तथा बोनस शेयर निष्काशनमा भएको उल्लेख्य वृद्धि तथा धितोपत्र कारोबारमा भएको वृद्धि जस्ता कारण अघिल्लो वर्षको रु. १७ करोड ६३ लाख ७० हजारको तुलनामा १५३.६१ प्रतिशतको बढोत्तरी भई रु. ४४ करोड ७२ लाख ९८ हजार पुगेकोले सो आर्थिक वर्ष

विशेष वर्षको रुपमा रहेको थियो । यसरी गत वर्ष २०७३।७४ आयको हिसाबले विशेष वर्षको रुपमा रहेको हुनाले सो वर्षको दाँजोमा समीक्षा वर्षमा उक्त आम्दानी केही घटी रु.४० करोड ५० लाख ७८ हजार पुगेको छ। तर यो आय पनि अन्य सामान्य वर्षको आयको तुलनामा समीक्षा वर्षमा उच्च नै रहेको देखिन्छ। मुख्यतः सूचीकृत संगठित संस्थाहरुको हकप्रद तथा बोनस शेयर निष्काशनमा कमी आउनु तथा धितोपत्र बजार कारोवारमा आएको ह्रासका कारण बोर्डले प्राप्त गर्ने कारोवार शुल्कमा भएको कमी जस्ता कारणले यस अवधिमा बोर्डको आम्दानी केही घट्न गएको हो । यद्यपि बैंकको व्याजदरमा भएको बृद्धिका कारण बोर्डले लगानीको रुपमा बैंक तथा वित्तीय संस्थाका मुद्दति खातामा राखेको रकमको व्याज आम्दानीमा बृद्धि भएको छ। साथै, गत आर्थिक वर्षको अन्त्यमा बोर्डको कर्मचारी संख्यामा वृद्धि भएसँगै समीक्षा वर्षमा कर्मचारी खर्चमा वृद्धि तथा अन्य प्रशासकीय खर्चमा वृद्धि भएका कारण कुल व्यय १५.९४ प्रतिशतले बढेर रु.१० करोड ८८ लाख ८७ हजार पुगेको छ। गतआर्थिक वर्षमा बोर्डको व्यय रु.९ करोड ३९ लाख १४ हजार मात्र रहेको थियो ।

बोर्डले आम्दानीतर्फ विशेषत धितोपत्र दर्ता तथा निष्काशनका लागि स्वीकृति प्रदान, सामूहिक लगानी योजना स्वीकृति, क्रेडिट रेटिङ्ग, सिडिएस एण्ड क्लियरिङ्ग कम्पनी तथा धितोपत्र बजार अनुमति पत्र, मर्चेन्ट बैकिङ्ग तथा ब्रोकर प्रमाणपत्र नवीकरण, धितोपत्र कारोबार दस्तुर, आवेदन शुल्क, विवरणपत्र प्रशोधन शुल्क र अनुमति पत्र शुल्कबाट रु.३२ करोड ५९ लाख ५७ हजार आम्दानी (कुल आयको ८०.४६ प्रतिशत) गरेको छ भने व्याज आम्दानीबाट रु.७ करोड ६३ लाख ९ हजार (कुल आयको १८.८४ प्रतिशत) र विविध आयतर्फ रु.२८ लाख ११ हजार (कुल आयको ०.६९ प्रतिशत) प्राप्त गरेको छ। खर्चतर्फ समीक्षा वर्षमा कर्मचारी खर्च रु. ५ करोड १४ लाख ९४ हजार, अन्य प्रशासकीय खर्च तर्फ रु. ५ करोड २० लाख ८० हजार खर्च भएको छ भने ह्रासकट्टी खर्च रु.५३ लाख १३ हजार गरी कूल रु. १० करोड ८८ लाख ८७ हजार भएको देखिन्छ।

गत वर्ष रु.३५ करोड ३३ लाख ८३ हजार बचत भएकोमा समीक्षा वर्षमा सो रकममा १६.१८ प्रतिशतले कमी आई वचत रु.२९ करोड ६१ लाख ९० हजार पुगेको छ। आ.व. २०७४।७५ को अपरिष्कृत वासलात, आय-व्यय विवरण तथा नगद प्रवाह विवरण क्रमशः अनुसूची-७, ८ र ९ मा प्रस्तुत गरिएको छ।

## ३.७ अन्तर्राष्ट्रिय सम्बन्ध

बोर्डबाट हालसाल नेपालको धितोपत्र बजारको विकास, विस्तार तथा सुधारका कार्यहरु भएसँगै धितोपत्र बजार नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था (International Organisation of Securities Commissions - IOSCO) को सदस्यता लिनको लागि उच्च स्तरीय सर्वेक्षण (High Level Survey) को प्रत्युत्तर सम्लग्न गरी निवेदन प्रक्रिया अगाडि बढाइएकोमा। OSCO ले बोर्डको निवेदन स्वीकार गरी २०१६ जुलाईमा वोर्डलाई एशोसियट सदस्यता प्राप्त भएको छ। यसबाट नेपालको नियमन निकायले अन्तर्राष्ट्रिय मान्यता पाई अब नेपालको धितोपत्र बजारलाई अन्तर्राष्ट्रिय स्तर अनुरुप विकास गर्नुपर्ने जिम्मेवारी बोर्डमा थपिएको छ। IOSCO मा हाल १२६ साधारण सदस्य, २३ एशोसियट सदस्य र ६५ अफिलियट सदस्य रहेका छन् ।

समीक्षा वर्षमा धितोपत्र नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था (IOSCO)को साधारण सदस्यता प्राप्त गर्नको लागि IOSCO को Multilateral Memorandum of Understanding (MMoU) मा हस्ताक्षर गर्ने सम्बन्धमा MMoU सँग सम्बन्धित प्रश्नावली तयार पार्ने, IOSCO सँग MMoU मा हस्ताक्षर गर्ने सम्बन्धमा आवश्यक विषयहरुको जानकारीको लागि पत्राचार गर्ने, IOSCO को MMoU टोलीसँगको समन्वयमा MMoU को प्रश्नावलीको जवाफ तयार गर्ने कार्य भैरहेको छ।

त्यस्तै, नेपालको धितोपत्र बजारको अन्तर्राष्ट्रियकरण गरी स्तर अभिबृद्धि गर्ने उद्देश्य अनुरुप वोर्डको समन्वयमा नेपालको तर्फबाट सिडिएस एण्ड क्लियरिङ्ग लि. लाई Association of National Numbering Agencies (ANNA) को सदस्य बन्नका लागि अधिकार प्रत्यायोजन गरेकोमा आर्मेनियामा २०१६, जुन २ र ३ मा भएको ANNA को साधारण सभाबाट उक्त लि. ले ९२ औं सदस्यता प्राप्त गरेको हो। ANNA मा हाल नेपाल लगायत ९३ पूर्ण सदस्य तथा अन्य २७ पार्टनर रहेका छन् ।

सन् २०१० मा स्थापित Asia Forum for Investor Education (AFIE) को संस्थापक सदस्यको रुपमा बोर्डले सोही अनुरुपको भूमिका निर्वाह गर्दै आइरहेको छ। बोर्ड सार्क क्षेत्रका नियमन निकायहरुको संघ (South Asian Securities Regulators Forum- SASRF) को सदस्यको रुपमा अन्य सदस्य नियामक निकायहरुसँग निरन्तर सम्बन्ध राख्दै आवश्यक ज्ञान तथा सूचनाहरु आदान प्रदान गर्नुका साथै सहयोग र समन्वय गर्दै आइरहेको छ।

त्यस्तै IOSCO, OECD, बिश्व बैक, एशियाली विकास बैक, Asia-Pacific Economic Cooperation (APEC), Toronto Centre तथा बिभिन्न देशका धितोपत्र बजारको नियमन निकायहरुले आयोजना गर्ने पूँजी बजार सम्बन्धी कार्यक्रमहरुमा बोर्डको सहभागिता रहँदै आएको छ।

■■■

# भाग ४
# बोर्डका कामकारवाहीहरु

बोर्डले हालका वर्षहरुमा बजारमा संरचनात्मक सुधार तथा विकास गर्दै नियमित कार्यहरुमा पनि सञ्चालन तथा सुधार गर्दै आएको छ। यस क्रममा समीक्षा वर्षमा पनि यी कार्यहरुलाई अगाडि बढाउँदै लगेको छ। धितोपत्र बजार, धितोपत्र व्यवसायी, सामूहिक लगानी कोष, डिपोजिटरी, निक्षेप सदस्य, क्रेडिट रेटिङ्ग तथा अन्य धितोपत्र व्यवसाय गर्न प्राप्त निवेदनहरुको अध्ययन गरी अनुमतिपत्र/दर्ता प्रमाणपत्र प्रदान गर्ने तथा नवीकरण गर्ने, संगठित संस्थाहरुको धितोपत्रहरु दर्ता गर्ने, विवरणपत्र, बिक्री प्रस्ताव, हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरण पुस्तिका स्वीकृत गर्ने र विवरण पुस्तिका प्रकाशन गर्न संगठित संस्थाहरुलाई स्वीकृति प्रदान गर्ने, वजार, सूचिकृत कम्पनी, सामूहिक लगानी कोष, निक्षेप सेवा, क्रेडिट रेटिङ्ग एजेन्सी तथा धितोपत्र व्यवसायीको गैरस्थलगत सुपरिवेक्षण गर्ने, धितोपत्र बजारमा कारोवार हुने सूचीकृत कम्पनी, कारोवार रकम, कारोवार हुने धितोपत्र आदि सम्बन्धमा नेपाल स्टक एक्सचेञ्जमा हुने धितोपत्र कारोवारको Real Time Surveillance गर्ने, समग्र धितोपत्र बजारको स्थलगत/गैरस्थलगत सुपरिवेक्षण गर्ने, धितोपत्र सम्बन्धी कानून समसामयिक बनाउने, प्राप्त गुनासोहरुको सम्बोधन गर्ने, कानूनी व्यवस्थाहरुको उल्लंघन सम्बन्धमा कानून प्रवलीकरण गर्ने, धितोपत्रमा लगानी गर्ने लगानीकर्ताहरुको सचेतनाको स्तर अभिवृद्धि गर्न देशका विभिन्न स्थानहरुमा लगानीकर्ता प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रमहरु संचालन गर्ने लगायतका विभिन्न नियमित कार्यहरु सम्पन्न गरेको छ। आर्थिक वर्ष २०७४।७५ मा सम्पन्न प्रमुख कार्यहरु संक्षिप्तमा देहाय अनुसार रहेका छन्।

### ४.१ अनुमतिपत्र प्रदान तथा नवीकरण

धितोपत्र सम्बन्धी सेवा प्रदान गर्ने विभिन्न बजार सहभागीहरुले आर्थिक वर्ष २०७४।७५ मा कार्य गर्न अनुमतिपत्र नवीकरणको लागि निवेदन दिए अनुसार बोर्डले सुधार गर्न यी संस्थाहरुलाई ध्यानाकर्षण गराउदै निम्न संस्थाहरुको अनुमतिपत्र नवीकरण गरेको छ।

#### ४.१.१ नेपाल स्टक एक्सचेन्ज लिमिटेडको अनुमतिपत्र नवीकरण

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा धितोपत्र बजार संचालन नियमावली, २०६४ को व्यवस्था अनुसार नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट अनुमतिपत्र नवीकरणका लागि बोर्डमा निवेदन पेश भएकोमा उक्त लिमिटेडको अनुमतिपत्र नवीकरण गरेको छ।

#### ४.१.२ केन्द्रीय निक्षेप कम्पनीको अनुमतिपत्र नवीकरण

धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम ८ को व्यवस्था बमोजिम केन्द्रीय निक्षेप कम्पनीको रुपमा रहेको सिडिएस एण्ड क्लियरिङ्ग लि.बाट अनुमतिपत्र नवीकरणका लागि बोर्डमा निवेदन पेश भएकोमा उक्त लिमिटेडको अनुमतिपत्र नवीकरण गरेको छ।

#### ४.१.३ मर्चेन्ट बैंकर अनुमतिपत्र प्रदान र नवीकरण

समीक्षा वर्षमा बोर्डले चार संस्थालाई मर्चेन्ट बैंकर (लगानी व्यवस्थापक) को कार्य गर्न अनुमति प्रदान गरेको छ। यसरी अनुमति पाउने संस्थाहरुमा आकाश क्यापिटल, आर्कस क्यापिटल एडभाइजर्स लि., वेल्थ म्यानेजमेन्ट एण्ड मर्चेन्ट बैकिङ्ग लि. र केसीएल अस्ट्यूट क्यापिटल लि. रहेका छन्। साथै, बोर्डले समीक्षा वर्षमा २२ मर्चेन्ट बैंकरको अनुमतिपत्र नवीकरण समेत गरेको छ।समीक्षा वर्षमा बोर्डले बिड इन्भेष्ट लि. को अनुमतिपत्र खारेज गरेसँगै नेपालमा मर्चेण्ट बैंकरको संख्या २५ मात्र रहेको छ। बोर्डबाट अनुमतिपत्र प्राप्त मर्चेन्ट बैंकर सम्बन्धी विवरण अनुसूची-१० मा प्रस्तुत गरिएको छ।

#### ४.१.४ धितोपत्र दलाल व्यवसायीहरुको अनुमतिपत्र नवीकरण

आर्थिक वर्ष २०७३।७४ मा धितोपत्र दलाल व्यवसायीको संख्या ५० रहेकोमा समीक्षा वर्षमा पनि उक्त व्यवसायीको संख्या यथावत रहेको छ। धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को नियम ८ मा रहेको व्यवस्था बमोजिम ५० धितोपत्र दलाल व्यवसायीहरुबाट अनुमतिपत्र नवीकरणका लागि बोर्डमा निवेदन प्राप्त भएकोमा बोर्डले सम्पूर्ण धितोपत्र दलाल व्यवसायीहरुको अनुमतिपत्र नवीकरण गरेको छ। अनुमतिपत्र नवीकरण गरेका धितोपत्र दलाल व्यवसायीहरूको नामावली अनुसूची-११ मा प्रस्तुत गरिएको छ।

#### ४.१.५ निक्षेप सदस्य दर्ता तथा प्रमाणपत्र नवीकरण

समीक्षा वर्षमा बोर्डले छ कम्पनीलाई निक्षेप सदस्यको रुपमा दर्ता गरी दर्ता प्रमाणपत्र प्रदान गरेको छ। यसरी दर्ता प्रमाणपत्र प्राप्त गर्ने कम्पनीहरुमा महालक्ष्मी विकास बैंक लि.,कैलाश विकास बैंक लि., गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि., युनाइटेड

फाइनान्स लि., गोर्खाज फाइनान्स लि., आइसिएफसि फाइनान्स लि. रहेका छन् । साथै, धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम २२ को व्यवस्था बमोजिम समीक्षा वर्षमा ६५ निक्षेप सदस्यहरुले दर्ता प्रमाणपत्र नवीकरणका लागि बोर्डमा निवेदन दिएकोले उक्त निक्षेप सदस्यहरुको दर्ता प्रमाणपत्र नवीकरण गरिएको छ ।समीक्षा वर्षमा एक मर्जरका कारण निक्षेप सदस्यको कुल संख्या ७० पुगेको छ। बोर्डबाट निक्षेप सदस्यता प्रमाणपत्र प्राप्त गर्ने संस्थाको विवरण अनुसूची-१२ मा प्रस्तुत गरिएको छ।

### ४.१.६ क्रेडिट रेटिङ्ग कम्पनीको अनुमतिपत्र प्रदान तथा नवीकरण

समीक्षा वर्षमा बोर्डले भारतको केयर रेटिङ्ग लि. को समेत ५१ प्रतिशत शेयर स्वामित्व रहने गरी रु. ५ करोड चुक्ता पूँजी भएको केयर नेपाल लि.लाई शाख मूल्याङ्कन संस्था (क्रेडिट रेटिङ्ग) को रुपमा कार्य गर्न मिति २०७४ कार्तिक ३० मा अनुमति प्रदान गरेको छ। साथै, क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को व्यवस्था बमोजिम पहिलो क्रेडिट रेटिङ्ग कम्पनीको रुपमा स्थापित इक्रा नेपाल लि. को क्रेडिट रेटिङ्गको अनुमतिपत्र नवीकरण गरिएको छ। क्रेडिट रेटिङ्ग व्यवसायमा नयाँ कम्पनी थपिएसँगै रेटिङ्ग व्यवसाय प्रतिस्पर्धी एवं व्यवसायिक हुने देखिएको छ।

### ४.१.७ योजना व्यवस्थापक तथा डिपोजिटरीको अनुमतिपत्र नवीकरण

आर्थिक वर्ष २०७३।७४ मा योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्य गर्ने संस्थाको संख्या नौं रहेकोमा समीक्षा वर्षमा पनि उक्त संख्यामा कुनै परिवर्तन भएको छैन। समीक्षा वर्षमा बोर्डबाट उक्त नौं वटै संस्थाको अनुमतिपत्र नवीकरण गरिएको छ। योजना व्यवस्थापक तथा डिपोजिटरीको विवरण तालिका ४.१ मा प्रस्तुत गरिएको छ।

**तालिका-४.१**
**योजना व्यवस्थापक तथा डिपोजिटरी**

| क्र.सं. | योजना व्यवस्थापक तथा डिपोजिटरी |
|---|---|
| १ | नबिल इन्भेष्टमेन्ट बैकिङ्ग लि. |
| २ | सिद्धार्थ क्यापिटल लि. |
| ३ | एनएमबि क्यापिटल लि. |
| ४ | एनआइबिएल क्यापिटल लि. |
| ५ | लक्ष्मी क्यापिटल लि. |
| ६ | ग्लोबल आइएमई क्यापिटल लि. |
| ७ | सिविआइएल क्यापिटल लि. |
| ८ | सानिमा क्यापिटल लि. |
| ९ | एनआइसी एशिया क्यापिटल लि |

### ४.१.८ आस्वा सदस्यको अनुमतिपत्र नवीकरण

समीक्षा वर्षमा धितोपत्रको प्राथमिक बजारमा आस्वासम्बन्धी सेवा प्रदान गर्नका लागि थप २४ बैंक तथा वित्तीय संस्थालाई आस्वा सदस्यको अनुमति प्रदान गरेको छ। साथै, बोर्डले ४१ आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाको अनुमति पत्र नवीकरण समेत गरेको छ। यसरी आस्वासम्बन्धी कार्य गर्ने बैक तथा वित्तीय संस्थाको संख्या ६५ पुगेको छ। उक्त आस्वा सदस्यहरुले देशको ७७ जिल्लामा नै २५०० भन्दा बढी शाखाहरुमार्फत् प्राथमिक बजारको सेवा प्रदान गर्दै आएका छन्। बोर्डबाट आस्वा सदस्यको प्रमाणपत्र प्राप्त गर्ने संस्थाको विवरण अनुसूची-१३ मा प्रस्तुत गरिएको छ।

### ४.२ कानूनी व्यवस्था, कानून प्रवलीकरण तथा राय सुझाव

समीक्षा वर्षमा बोर्डले धितोपत्र बजारको विकास तथा विस्तार गर्नको लागि कानूनी व्यवस्था तथा प्रवलीकरणलाई थप सुदृढीकरण गरेको छ।

### ४.२.१ कानूनी व्यवस्था

समीक्षा वर्षमा ऐन, नियमावली तथा निर्देशिका सम्बन्धमा देहाय बमोजिमका कार्यहरु बोर्डले गरेको छ :

- सूचीकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४, बोर्डको मिति २०७४।१०।२२ को निर्णयबाट स्वीकृत भै मिति २०७५।०४।०१ देखि लागू भएको।

- वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ बमोजिमको वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत भै मिति २०७४।०८।०८ देखि लागू भएको।
- धितोपत्रको सूचीकरण तथा कारोबार नियमावली, २०७५ लाई २०७५ श्रावण १ बाट लागू हुने गरी मिति २०७५ असार २७ मा बोर्डले स्वीकृत गरेको।
- धितोपत्र दलाल व्यवसायीमार्फत् मार्जिन कारोबार सुविधा प्रदान गर्न सक्ने व्यवस्थासहित २०७४ कार्तिक २० मा "मार्जिन कारोबार सुविधा सम्बन्धी निर्देशन, २०७४" जारी गरेको र नेप्सेलाई यससम्बन्धी कार्यविधि बनाउन निर्देशन दिइएकोमा नेप्सेबाट बोर्डमा पेश भएको कार्यविधिमा आवश्यक परिमार्जन गरी कार्यान्वयन गर्न बोर्डले मिति २०७५ जेठ ४ मा नेप्सेलाई निर्देशन दिएको।
- प्राइभेट इक्विटी, भेञ्चर क्यापिटल र हेज फण्ड सम्बन्धी वैकल्पिक लगानी कोष नियमावली, २०७५ को मस्यौदा गरी सरोकारवाला तथा विज्ञहरुसँग छलफल तथा अन्तरक्रिया गरी अन्तिम रुप दिने तयारी भैरहेको।

समीक्षा वर्षमा बोर्डमा प्राप्त विनियमावली स्वीकृति तथा संशोधनका सम्बन्धमा देहाय बमोजिमका कार्यहरु भएका छन् :

- साविकको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०६९ खारेज गरी बोर्डबाट मिति २०७४ चैत २९ मा जारी भएको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०७४ यही २०७५ वैशाख १ गतेबाट लागू गरेको।
- नेपाल स्टक एक्सचेञ्ज लि.बाट स्वीकृतिका लागि बोर्डमा पेश भएको धितोपत्रको कारोबार विनियमावली, २०७५ र धितोपत्रको सूचीकरण विनियमावली, २०७५ लाई स्वीकृति प्रदान गरेको छ।

### ४.२.२ कानून प्रवलीकरण

आ.व. २०७४।७५ मा बोर्डले कानून प्रवलीकरणमा विशेष जोड दिदै देहाय बमोजिमका विभिन्न कार्यहरु गरेको छ।

**(क) गुनासो समाधानतर्फ**

- लगानीकर्ताबाट बोर्डमा (लिखित, फोन तथा इमेल मार्फत) प्राप्त ४३ वटा गुनासाहरुको सम्बन्धमा आवश्यकता अनुसार छानविन गर्ने तथा आवश्यक निर्देशन जारी गरी समाधान गरिएको छ।

**(ख) मुद्दामामिला, कारवाही तथा आर्थिक जरिवाना**

- सर्वोच्च अदालतमा तीन वटा रिट निवेदन विचाराधिन अवस्थामा रहेको।
- धितोपत्र बजार तथा व्यवसायीहरुको गतिविधिहरु प्रभावकारी सुपरिवेक्षणका लागि धितोपत्र व्यवसायी (धितोपत्र दलाल, मर्चेन्ट बैंकर) सुपरिवेक्षण दिग्दर्शन, २०७४ जारी गरी २०७४ श्रावणबाट लागू भएको,
- बोर्डले तीन जलविद्युत कम्पनीको नक्कली शेयर कारोबार भएको सम्बन्धमा अग्रवाल सेक्युरिटिज प्रा.लि. र श्रीहरि सेक्युरिटिज प्रा.लि. गरी दुई धितोपत्र दलाल व्यवसायीलाई सम्पति शुद्धीकरण निवारण ऐन, २०६४ अनुसार रु. १०/१० लाख र धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम थप रु. ५० हजार आर्थिक जरिवाना गरेको। साथै, ग्राहकको पूर्ण विवरण सहितको अभिलेख नराखेकोमा धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम दुवै दलाल व्यवसायीको सम्बन्धित कार्यकारी प्रमुखलाई रु. ५०/५० हजार जरिवाना गरिएको।
- त्यस्तै, ग्राहकको पूर्ण विवरण सहितको अभिलेख नराखेकोमा धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम धितोपत्र दलाल व्यवसायी सिप्रवी सेक्युरिटिज प्रा.लि. लाई रु. ५० हजार जरिवाना गरेको छ। साथै, उक्त अभिलेख राख्न ध्यान नपुऱ्याएकोमा सो दलाल व्यवसायीको कार्यकारी प्रमुखलाई नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४ अनुसार सचेत गराइएको।
- व्यवसायिक आचरण पालना नगरेकोमा धितोपत्र दलाल व्यवसायी प्रज्ञान सेक्यूरिटिज प्रा.लि लाई धितोपत्र सम्बन्धी ऐन, २०६३ अनुसार मिति २०७४ पुष १४ मा बोर्डले रु. ७५ हजार जरिवाना गरिएको।
- हितग्राही खाता तथा ग्राहक परिचय विवरणमा त्रुटि गर्ने निक्षेप सदस्य लिञ्च स्टक मार्केट प्रा.लि. लाई बोर्डबाट रु. ५० हजार आर्थिक जरिवाना गरिएको।

### ४.२.३ राय सुझाव

धितोपत्र दलाल व्यवसायी तथा मर्चेन्ट बैंकर संस्थाको प्रबन्धपत्र तथा नियमावलीको संशोधन सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट ६ वटा कम्पनीलाई राय प्रतिक्रिया उपलब्ध गराइएको छ।

## ४.३ सुपरिवेक्षण तथा अनुगमन

धितोपत्र बजारको बढ्दो आकार र कारोबारको आयतन तथा बोर्डले धितोपत्रको नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था आइएस्को (IOSCO)को एशोसियट सदस्यतासमेत लिइसकेको परिप्रेक्ष्यमा सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाउन बोर्डले धितोपत्र बजारमा हुने सम्पूर्ण गतिविधीहरुको नियमित सुपरिवेक्षण तथा अनुगमन गर्दै आएको छ।

### ४.३.१ धितोपत्र बजारको सुपरिवेक्षण

स्वच्छ, पारदर्शी तथा प्रभावकारी धितोपत्र बजार विकास गरी लगानीकर्ताको हित संरक्षण गर्न तथा बोर्डले जारी गरेका निर्देशनहरुको अनुपालनाको स्थितिको प्रभावकारी अनुगमन गर्न बोर्डले धितोपत्र बजार सुपरिवेक्षण कार्यलाई आ.व. २०७४।७५ मा थप प्रभावकारी बनाएको छ। साथै, बोर्डले सुपरिवेक्षण म्यानुअल बनाई संचालक बोर्डबाट पारित गरी लागु गरिसकेको छ। समीक्षा वर्षमा भएका सुपरिवेक्षणसम्बन्धी विवरण देहाय बमोजिम रहेका छन्।

- धितोपत्र दलाल व्यवसायीहरुको पूर्वाधार,सेवाको अवस्था, राफसाफ, ग्राहक पहिचान लगायतका विषयमा यस अवधिमा ३८ वटा (७६ प्रतिशत) धितोपत्र दलाल व्यवसायीहरुको स्थलगत सुपरिवेक्षण गरिएको जसमध्ये १५ धितोपत्र दलाल व्यवसायीहरुको शाखा कार्यालयहरुको समेत स्थलगत सुपरिवेक्षण गरिएको र सुपरिवेक्षणबाट प्राप्त प्रतिवेदनको आधारमा आठ धितोपत्र दलाल व्यवसायीहरुलाई कारवाहिको लागी सिफारिश गरिएको तथा तीन धितोपत्र दलाल व्यवसायीहरुलाई स्पष्टिकरण माग गरिएको तथा एक धितोपत्र दलाल व्यवसायीलाई सजग गराईएको । निरीक्षणबाट देखिएका कमी कमजोरीहरुको अवस्थाका सम्बन्धमा पुन निरीक्षण गरिदा सामान्य सुधार भएको देखिएको छ।
- सार्वजनिक निष्काशन, हकप्रद निष्काशन, धितोपत्र बाँडफाँड तथा मर्चेन्ट बैंकरको कामकारवाहीको निरीक्षण गर्ने क्रममा समीक्षा वर्षमा १२ (५० प्रतिशत) मर्चेन्ट बैंकरको स्थलगत निरीक्षण गरिएको छ।
- आ.व. २०७४।७५ मा काठमाडौं उपत्यकामा र उपत्यका बाहिर गरी २४ (३७ प्रतिशत) निक्षेप सदस्यहरुको निक्षेप सेवा सम्बन्धमा भए/गरेका कामकारवाहीको स्थलगत अनुगमन गरिएको छ। निक्षेप सेवाका सम्बन्धमा देखिएका समस्या तथा उक्त सेवालाई थप व्यवस्थित गर्न आवश्यक निर्देशन दिइएको छ।

### ४.३.२ प्राथमिक निष्काशनको अनुगमन

धितोपत्रको सार्वजनिक निष्काशन कार्यको गैर-स्थलगत अनुगमन अर्न्तगत धितोपत्र सम्बन्धी नियमावली तथा निर्देशिकामा भएको व्यवस्थाअनुसार समीक्षा वर्षमा बोर्डबाट देहायको विषयमा अनुगमन गरिएको छ।

- आवेदन फारम संख्या तथा संकलित रकमको विवरण तोकिएको समयभित्र पेश भए/नभएको।
- संकलन केन्द्रबाट प्राप्त विवरण तथा निष्काशन तथा बिक्री प्रबन्धकबाट बोर्डमा पेश गरिएको पछिल्लो विवरणमा फरक भए/नभएको।
- बिक्री बन्द भएको १५ दिनभित्रमा ड्राफ्ट सम्बन्धी विवरण बोर्डमा पेश भए/नभएको।
- संकलित रकम बिक्री बन्द भएपछि तोकिएको समयभित्र तोकिएको समयसम्मका लागि नेपाल राष्ट्र बैंकमा जम्मा गरे/नगरेको।
- धितोपत्र बाँडफाँडको नमूना बाँडफाँड गर्नुभन्दा तीन कार्य दिन अघि बोर्डमा पेश गरे/नगरेको।
- धितोपत्रको बाँडफाँड तथा फिर्ता भुक्तानी तोकिएको समयभित्र गरे/नगरेको।
- संकलित रकम निष्काशन बैंकमा जम्मा गरेको सम्बन्धी विवरण बोर्डमा पेश भए/नभएको।
- तोकिएको समयभित्र शेयरको सूचीकरणका लागि निवेदन दिए/नदिएको।
- सार्वजनिक निष्काशनमा रकम फिर्ता भुक्तानी गर्दा निष्काशन तथा बिक्री प्रबन्धकले दरखास्तवालाहरुलाई निजले दरखास्त फाराममा उल्लेख गरेको खातामा अनिवार्य रुपमा फिर्ता भुक्तानी गरे/नगरेको।
- दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फाराम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तावालाले आफ्नै एकाउन्ट पेयी चेकमार्फत रकम जम्मा गरे/नगरेको।

- धितोपत्र निष्काशनको क्रममा बोर्डबाट स्वीकृत भएको विवरणपत्र, हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु, विवरण पुस्तिका, बिक्री प्रस्तावहरु लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने गरी त्यस्ता विवरणहरु सम्बन्धित निष्काशन तथा बिक्री प्रबन्धक तथा निष्काशनकर्ता कम्पनी प्रत्येकको वेबसाइटमा धितोपत्र बिक्री बन्द नभएसम्म राखे/नराखेको।

उपर्युक्त विषयहरुमा बोर्डबाट सार्वजनिक निष्काशन अनुमति पाई निष्काशन गरेका १०१ कम्पनीको निष्काशनको क्रममा मर्चेन्ट बैकर तथा आस्वा सदस्यको स्थलगत र गैर-स्थलगत अनुगमन गरिएको छ। समीक्षा वर्षमा धितोपत्रको प्राथमिक निष्काशनमा केही लगानीकर्ताको आवेदनहरुको सन्दर्भमा आस्वा सदस्यबाट भएको लापरवाही सम्बन्धमा बोर्डले २२ आस्वा सदस्यहरुलाई सजग गराइएको तथा छ मर्चेन्ट बैंकरलाई आवश्यक व्यवस्थाका लागि पत्राचार गरेको छ। आ.व. २०७४।७५ मा भएका धितोपत्र निष्काशनको विवरण तालिका ४.२ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.२**
**प्राथमिक निष्काशन**

| क.स. | विवरण | स्वीकृत संख्या | धितोपत्र निष्काशन संख्या | निष्काशन गरिएको शेयर संख्या | कुल जारी पुंजी (रु करोडमा) | कुल माग गरिएको रकम (रु करोडमा) | अधिक माग |
|---|---|---|---|---|---|---|---|
| १ | साधारण शेयर | ११ | १० | २९८.७५ | २९८.७५ | २,२०६.५० | ७.४ |
| २ | म्यूचुअल फण्ड | ४ | ४ | ४८०० | ४८० | ३५१ | ०.९ |
| ३ | स्थानीय | १० | ६ | ४०.७१४ | ४०.७१४ | ७५.८५ | १.९ |
| ४ | थप निष्काशन | ६ | ६ | ३५७.९९ | १,१६३.८५ | १,३४१.२२ | १.२ |
| ५ | हकप्रद शेयर | ५५ | ५५ | २,५४१.०४ | २,५४१.०४ | | |
| | **जम्मा** | ८६ | ८१ | ८,०३८.४९४ | ३,७१८.४९४ | | |

### ४.३.३ धितोपत्रको दोस्रो बजार कारोवार अनुगमन

धितोपत्रको दोस्रो बजार कारोबारलाई नियमित र व्यवस्थित गराउन बोर्डबाट नेपाल स्टक एक्सचेन्ज लि. सँग सिधा सम्पर्क स्थापित गरी विद्युतीय माध्यम मार्फत वास्तविक समय सुपरिवेक्षण प्रणाली (Real Time Surveillance System) विकास गरिएको छ। बोर्डबाट नियमित रुपमा कारोबारको अनुगमन तथा सुपरिवेक्षण गर्ने गरिएको छ र कारोबार भैरहेको विवरणको अध्ययन गरी शंकास्पद कारोबार नोट गर्ने तथा आवश्यकता अनुरुप सम्बन्धित धितोपत्र दलाललाई विवरण तथा आवश्यक कागजात माग गरी थप स्पष्ट गर्न लगाउने गरिएको छ। सो प्रणाली मार्फत बोर्डबाट प्रत्येक दिन धितोपत्र कारोबार गर्ने व्यक्ति तथा संस्था लगायत कारोबार भएको संगठित संस्था, कारोबार मूल्य र शेयर संख्या सम्बन्धमा अनुगमन गर्ने गरिएको छ।

समीक्षा वर्षमा सूचीकृत कम्पनीहरुको शेयर कारोबार विवरणको विश्लेषण गरी सोको आधारमा ग्रामिण विकास बैंक, हिमालयन डिस्टिलरी तथा नेपाल ईन्भेष्टमेन्ट बैंक लि. लाई पत्राचार गरी विवरण माग गरिरएको साथै धितोपत्र दलाल व्यवसायीहरु प्राइमो सेक्युरीटीज प्रा.लि., कालिका सेक्युरीटीज प्रा.लि.,सनी सेक्युरीटीज प्रा.लि., र लिन्च स्टक मार्केट लि. बाट मौखिक तथा लिखित रुपमा विवरण माग गरी अध्ययन गरेको छ।

धितोपत्रको दोस्रो बजार कारोबार अनुगमनका क्रममा दैनिक कारोबार सम्बन्धी संक्षिप्त प्रतिवेदन, साप्ताहिक कारोबारको संक्षिप्त प्रतिवेदन, म्यानुअल कारोबार सम्बन्धी प्रतिवेदन, साप्ताहिक रुपमा धितोपत्र दलालहरुको कुल कारोबार रकम सम्बन्धी संक्षिप्त विवरण, संस्थापक शेयर कारोबारको अभिलेख तयार गर्नुका साथै नियमित रुपमा सुपरिवेक्षण अभिलेख तयार गर्ने गरिएको छ।

### ४.३.४ धितोपत्र बजार सहभागीहरुको विवरण प्रवाहको अनुगमन

समीक्षा वर्षमा बोर्डले देहाय बमोजिमको बजार सहभागीहरुको विवरण प्रवाहको अनुगमन गरेको छ।

- **धितोपत्र बजारको विवरण प्रवाहको अनुगमन**:धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ ले धितोपत्र बजारले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र उक्त आर्थिक वर्षको लेखा परीक्षण भएको वित्तीय विवरण र वार्षिक प्रतिवेदन तथा प्रत्येक त्रैमासिक अवधि समाप्त भएको ३० दिनभित्र त्रैमासिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ। नेपाल

स्टक एक्सचेञ्ज लि.बाट आर्थिक वर्ष २०७३।७४ को वार्षिक प्रतिवेदन र वित्तीय विवरण बोर्डमा ढिलो गरी प्राप्त भएका छन् । यस लि.ले मिति २०७५ श्रावण ३० मा आ.व. २०७४।७५ को प्रोभिजिनल वित्तीय विवरण बोर्डमा पेश गरेको छ। साथै, आ.व. २०७४।७५ को प्रथम त्रैमासिक प्रतिवेदन तीन महिना ढिलो पेश गरेको नेप्सेले सोही आ.व. को दोस्रो र तेस्रो त्रैमासिक प्रतिवेदन समयमै पेश गरेतापनि चौथो त्रैमासिक प्रतिवेदन भने समयमा पेश गर्न सकेको छैन ।

- **धितोपत्रको केन्द्रीय निक्षेप कम्पनीको विवरण प्रवाहको अनुगमन**:धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ मा भएको व्यवस्था अनुसार केन्द्रीय निक्षेप कम्पनीले आफ्नो संचालनको आन्तरिक लेखा परीक्षण गर्ने व्यवस्था मिलाउनु पर्नेछ र सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र बोर्ड समक्ष पेश गर्नुपर्ने, आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र लेखा परीक्षण गराउनु पर्ने, लेखा परीक्षण सम्पन्न भएको एक महिनाभित्र वित्तीय विवरण बोर्ड समक्ष पेश गर्नुपर्ने, आफ्नो वार्षिक प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको छ महिनाभित्र बोर्ड समक्ष पेश गर्नुपर्ने, वार्षिक साधारण सभा सकिएको ३० दिनभित्र उक्त साधारण सभामा प्रस्तुत बिषय तथा भएका निर्णयसहितको विवरण बोर्डसमक्ष पेश गर्नुपर्ने, त्रैमासिक प्रगति प्रतिवेदन त्रैमासिक अवधि समाप्त भएको ३० दिनभित्र, निक्षेप सदस्यलाई कुनै कारवाही गरेमा त्यस्तो कारवाही गरेको सात दिनभित्र सम्बन्धित निक्षेप सदस्यको नाम, कारवाहीको विवरण तथा कारवाही गर्नुपरेको कारणसहितको विवरण र निक्षेप सदस्यको निरीक्षण गरेको अवस्थामा निरीक्षण समाप्त भएको ३० दिनभित्र तत्सम्बन्धी प्रतिवेदन बोर्डसमक्ष पेश गर्नुपर्नेमा समीक्षा वर्षमा सिडिएस एण्ड क्लियरिङ्ग लि.बाट आर्थिक वर्ष २०७४।७५ को त्रैमासिक विवरणहरु बोर्डमा पेश हुन आएको छ। साथै, उक्त लि. निरीक्षण सम्पन्न गरेको निक्षेप सदस्यहरुको निरीक्षण सम्बन्धी प्रतिवेदन बोर्डमा पेश गरेको छ।
- **मर्चेन्ट बैंकरको विवरण प्रवाहको अनुगमन**:धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०७४ मा भएको व्यवस्था बमोजिम आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफूले गरेको धितोपत्र कारोबारसहित नाफा नोक्सान हिसाव, वासलात तथा नगद प्रवाह विवरण सहितको वार्षिक प्रतिवेदन बोर्ड समक्ष पेश गर्नुपर्नेमा २० मर्चेन्ट बैंकरले आर्थिक वर्ष २०७३।७४ को वार्षिक प्रतिवेदन समयमै तथा दुई मर्चेन्ट बैंकरले ढिलो गरी बोर्डमा पेश गरेका छन् । आर्थिक वर्ष २०७४।७५ मा २२ मर्चेन्ट बैंकरले नियमानुसार पेश गर्नुपर्ने प्रथम अर्धवार्षिक विवरण तथा २१ मर्चेन्ट बैंकरले दोस्रो अर्धवार्षिक विवरण बोर्डमा पेश गरेका छन् ।
- **क्रेडिट रेटिङ्ग कम्पनीको विवरण प्रवाहको अनुगमन**:क्रेडिट रेटिङ्ग नियमावली, २०६८ मा भएको व्यवस्था बमोजिम प्रत्येक क्रेडिट रेटिङ्ग संस्थाले त्रैमासिक अवधि समाप्त भएको ३० दिनभित्र क्रेडिट रेटिङ्गसम्बन्धी विवरणहरु समावेश भएको त्रैमासिक प्रतिवेदन बोर्डसमक्ष पेश गर्नुपर्नेमा ईक्रा नेपाल लि. बाट आर्थिक वर्ष २०७४।७५ को त्रैमासिक प्रतिवेदनहरु तोकिएको समयमा बोर्डमा पेश भएको छ। साथै चालु आ.व. बाट अनुमतिपत्र प्राप्त गरेको केयर रेटिङ्ग नेपाल लि. ले पनि सबै त्रैमासिक प्रतिवेदनहरु समयमै बोर्डमा पेश गरेको छ।
- **सामूहिक लगानी कोषको विवरण प्रवाहको अनुगमन**:सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ४२ (३) मा व्यवस्था भए बमोजिम प्रत्येक योजना व्यवस्थापकले आफूले संचालन गरेको योजनाको त्रैमासिक प्रतिवेदन प्रत्येक त्रैमासिक अवधि समाप्त भएको ३० दिनभित्र कोष सुपरीवेक्षक तथा बोर्ड समक्ष पेश गर्नुपर्नेमा कोष व्यवस्थापकहरुले प्रत्येक त्रैमासको अन्तिम महिनाको मासिक विवरणलाई नै त्रैमासिक विवरणको रुपमा बोर्ड समक्ष पेश गर्दै आइरहेकोमा बोर्डबाट त्रैमासिक विवरण छुट्टै पेश गर्न निर्देशन दिइएको छ।
    - सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ४२ (६) मा कोष सुपरीवेक्षकले प्रत्येक अर्धवार्षिक अवधि समाप्त भएको ४५ दिन भित्र कोष सुपरिवेक्षणसम्बन्धी कामको अर्धवार्षिक प्रतिवेदन बोर्ड समक्ष पेश गर्नुपर्ने व्यवस्थानुसार नै आ. व. २०७४।७५ को प्रथम अर्ध वार्षिक प्रतिवेदन सबै कोष सुपरीवेक्षकहरुबाट समयमा नै प्राप्त भएको छ।
    - सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ४३ (१) मा व्यवस्था भए बमोजिम योजना व्यवस्थापकले प्रत्येक योजना सम्बन्धी आफूले गरेका कामको विवरणहरु प्रत्येक महिना समाप्त भएको १५ दिनभित्र कोष सुपरीवेक्षक र बोर्डलाई जानकारी गराई राष्ट्रियस्तरको पत्रिकामा कम्तिमा एक पटक प्रकाशन गर्नुपर्नेमा, सबै योजना व्यवस्थापकबाट उक्त बमोजिमको विवरण प्रकाशन भई बोर्डमा समयमा नै प्राप्त भएको छ। साथै योजना व्यवस्थापकले आफूले संचालन गरेका योजनाको रकम मध्ये बैक मुद्धती खातामा गरेको लगानी सम्बन्धमा विवरण मागिएकोमा, सम्पूर्ण योजना व्यवस्थापकहरुले यस सम्बन्धी विवरण पेश गरेका छन् ।
- **धितोपत्र दलाल व्यवसायीको विवरण प्रवाहको अनुगमन**:धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) (प्रथम संशोधन) नियमावली, २०७४ मा धितोपत्र दलाल व्यवसायीहरुले आफ्नो धितोपत्र कारोबार

लगायत नाफा नोक्सान हिसाव, वासलात, नगद प्रवाह विवरण सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र बोर्डसमक्ष पेश गर्नुपर्ने व्यवस्था बमोजिम नै समीक्षा वर्षमा बोर्डबाट अनुमति प्राप्त ५० धितोपत्र दलाल व्यवसायीहरुमध्ये ४३ व्यवसायीले आर्थिक वर्ष २०७४।७५ को वार्षिक विवरण बोर्ड समक्ष समयमै पेश गरेको र एक व्यवसायीले ढिलो गरी पेश गरेको छ भने बाँकी छ व्यवसायीले म्याद थपका लागि बोर्डमा निवेदन दिएका छन् । गत वर्ष ४६ धितोपत्र दलाल व्यवसायीले आ.व. २०७३।७४ को वार्षिक विवरण समयमा नै पेश गरेका छन् र बाँकी चार व्यवसायीले म्याद थपका लागि बोर्डमा निवेदन दिएका थिए ।

धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) (प्रथम संशोधन) नियमावली, २०७४ मा धितोपत्र दलाल व्यवसायीहरुले प्रत्येक त्रैमासिक अवधि समाप्त भएको ३० दिनभित्र त्रैमासिक प्रतिवेदन बोर्ड समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा सोही अनुसार आर्थिक वर्ष २०७४।७५ मा ५० मध्य ४९ धितोपत्र दलाल व्यवसायीले समयमै प्रथम र तृतीय त्रैमासिक प्रतिवेदन तथा ५० धितोपत्र दलाल व्यवसायीहरुले द्वितीय त्रैमासिक प्रतिवेदन तथा ४८ धितोपत्र दलाल व्यवसायीहरुले चौथो त्रैमासिक प्रतिवेदन बोर्ड समक्ष समयमै पेश गरेका छन् ।

- **सूचीकृत संगठित संस्थाको विवरण प्रवाहको अनुगमन**:धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को नियम २२ को उपनियम (१) बमोजिम बोर्डमा धितोपत्र दर्ता गरेका संगठित संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले पाँच महिनाभित्र वार्षिक प्रतिवेदन बोर्डसमक्ष पेश गर्नुपर्ने व्यवस्था बमोजिम समीक्षा वर्षमा १९६ सूचीकृत कम्पनीमध्ये ३१ सूचीकृत कम्पनीले आर्थिक वर्ष २०७३।७४ को वार्षिक प्रतिवेदन समयमै बुझाएका छन् भने ७८ सूचीकृत कम्पनीले ढिलो गरी बुझाएका छन् । विगत पाँच आ.व.मा सूचीकृत कम्पनीहरुले बोर्डलाई पेश गरेको वार्षिक प्रतिवेदनसम्बन्धी विवरण चार्ट ४.१ मा प्रस्तुत गरिएको छ ।




विगत पाँच वर्षको अवधीमा सूचीकृत कम्पनीको त्रैमासिक वित्तीय विवरण प्रवाहको अवस्था तालिका ४.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.३**
**सूचीकृत संगठित संस्थाहरुको विवरण प्रवाह**

| विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७०।७१ | २०७१।७२ | २०७२।७३ | २०७३।७४ | २०७४।७५ |
| पहिलो त्रैमासिक | १६८ | १७७ | ६४ | १५७ | १४० |
| दोस्रो त्रैमासिक | १८१ | १७५ | १६१ | १४६ | ११८ |
| तेस्रो त्रैमासिक | १८२ | १७५ | १५६ | १४० | १५९ |
| चौथो त्रैमासिक | १६३ | १६२ | १३५ | १३४ | १४० |

माथि प्रस्तुत प्रवृति हेर्दा सूचीकृत कम्पनीहरुलाई समयमा प्रतिवेदन बुझाउनमा विशेष सतर्क गराई विवरण प्रवाह स्थितिमा सुधार ल्याउनुपर्ने देखिन्छ ।

- **सूचीकृत संस्थाहरुको वार्षिक साधारण सभा**ः सूचीकृत संगठित संस्थाहरुले आर्थिक वर्ष समाप्त भएको मितिले छ महिना भित्र वार्षिक साधारण सभा गराउनुपर्ने व्यवस्था रहेको छ। सूचीकृत संगठित संस्थाले आर्थिक वर्ष २०७३।७४ को वार्षिक साधारण सभा तोकिएको समयभित्र गर्ने ८१ सूचीकृत संगठित संस्थाले साधारण सभा सम्बन्धी जानकारी जानकारी बोर्डमा पेश गरेका छन् ।

### ४.४ लगानीकर्ता प्रशिक्षण तथा तालिम कार्यक्रम

बोर्डद्वारा समीक्षा वर्षमा देशका विभिन्न स्थानहरुमा स्थानीय उद्योग वाणिज्य संघ, शैक्षिक संस्था, सामाजिक संघ संस्थाहरुसँग सहकार्य गरी देशका दुर्गम जिल्लाहरुसहित २२ जिल्लाका विभिन्न ठाउँहरुमा कुल ३१ लगानीकर्ता प्रशिक्षण कार्यक्रम सञ्चालन गरी करिब ४,००० स्थानीय लगानीकर्ता, उद्योगी व्यवसायी, प्राध्यापक तथा बिद्यार्थीहरुलाई पूँजी बजार तथा वस्तु विनियम बजारका विविध पक्षहरुको बारेमा जानकारी प्रदान गरिएको छ। आ.व. २०७४।७५ मा बाँके, दाङ्ग, सिन्धुली, रामेछाप, काभ्रे, हेटौंडा, चितवन, मकवानपुर, बारा, पर्सा, कैलाली, कञ्चनपुर, चैनपुर, डडेलधुरा, बाजुरा, संखुवासभा, भोजपुर, मनाङ, खोटाङ आदि स्थानहरुमा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो ।

### ४.५ छलफल तथा अन्तरक्रिया कार्यक्रम

पूँजी बजारको दिगो एवं विश्वसनीय विकासका लागि यस क्षेत्रका सम्बद्ध पक्ष अर्थ मन्त्रालय, नेपाल स्टक एक्सचेञ्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि., इक्रा नेपाल लि., नागरिक लगानी कोष, धितोपत्र व्यवसायीहरु, लगानीकर्ता संघहरु, लगानीकर्ताहरु तथा पत्रकाहरुसँग समीक्षा अवधिमा विभिन्न विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रमहरु संचालन गरिएको छ। समीक्षा वर्षमा सम्पन्न भएका छलफल तथा अन्तरक्रिया कार्यक्रमहरु सम्बन्धी विवरण तालिका ४.४ मा प्रस्तुत गरिएको छ।

**तालिका-४.४**
**धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी अन्तरक्रिया कार्यक्रम**

| मिति | कार्यक्रमको बिषय | सहभागीहरु |
|---|---|---|
| २०७४ श्रावण | वस्तु विनिमय बजार सम्बन्धी कानूनी व्यवस्था सम्बन्धमा छलफल | सरकारी प्रतिनिधि तथा वस्तु विनिमय बजार व्यवसायीहरु |
| २०७४।०५।०२ | धितोपत्र दलाल व्यसायीको नियम पालना अधिकृतको भूमिका सम्बन्धी छलफल कार्यक्रम | धितोपत्र व्यवसायीको नियम पालना अधिकृत |
| २०७४।०७।२१ | वस्तु विनिमय बजार नियमावली सम्बन्धमा अन्तरक्रिया कार्यक्रम | धितोपत्र बजार सरोकारवाला पक्षहरु |
| २०७४।०९।२८ | सर्वोच्च अदालतका न्यायाधीशको उपस्थितिमा धितोपत्र बजार नियमन तथा कानूनी व्यवस्था विषयक अर्न्तक्रिया कार्यक्रम | जिल्ला/पुनरावेदन अदालतका न्यायाधीश, कानूनविद् तथा कानून व्यवसायी |
| २०७४।०९।०४ | बोर्ड तथा एनआरएन पदाधिकारी बीच छलफल | एनआरएन पदाधिकारी |
| २०७५।०३।२९ | पूँजी बजार नियमन तथा विकासमा हालसालका सुधार र आर्थिक पत्रकारितासम्बन्धी अन्तरक्रिया | सेजनका पदाधिकारी र आर्थिक पत्रकार |

### ४.६ तालिम तथा सेमिनार

आर्थिक वर्ष २०७४।७५ मा बोर्डले कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिका लागि बोर्ड सदस्य, उच्च व्यवस्थापन तथा विभिन्न कर्मचारीहरुलाई US SEC ले आयोजना गरेको 2017 Thomas A. Biolsi International Institute for Compliance and Examination Study visit of Australian Securities and Investments Commission, Australian Commodities Exchange, Australian Stock Exchange and Central Securities Depository Company The Toronto Center and the Monetary Authority of Singapore ले संयुक्त रुपमा आयोजना गरेको 11th Regional Leadership Program for Securities Regulators, IOSCO ले आयोजना गरेको IOSCO Asia Pacific Hub inaugural Workshop on Leveraging Behavioral Economics for Investor Education and Protection, Asia Pacific Group on Money Laundering ले आयोजना गरेको Typologies Workshop 2017, IOSCOले आयोजना गरेको IOSCO AMERC Seminar Training Program on "Investment Funds Regulation and Supervision", Global Financial Partnership Center (GLOPAC), Financial Services Agency, the Government of Japan (JFSA) को GLOPAC Program, IOSCOले आयोजना गरेको Capacity Building for Self

Assessments Workshop, Basic Course on Stock Markets, Study Visit of The Multi Commodity Exchange of India Limited (MCX), Mumbai, India, OECD तथा ADB Institute ले संयुक्त आयोजन गरेको OECD-ADBI 18th Tokyo RoundTable on Capital Market and Financial Reform in Asia, US SEC ले आयोजना गरेको U.S. SEC's 28th Annual International Institute for Securities Market Growth and Development, ADB ले Bangko Sentral ng Pilipinas र Philippine Deposit Insurance Corporation को सहकार्यमा आयोजना गरेको Technology Operations and Risk Management, OECD International Network on Financial Education, Effective Financial Education for Sustainable and Inclusive Growth, Asian Development Bank/ State Securities Commission of Vietnam को सहकार्यमा आयोजना भएको APEC Financial Regulators Training Initiative: Regional Seminar on Risk-Based Supervision, IOSCO Growth and Emerging Markets (GEM) Committee Dialogue on Sustainable Financing लगायतका अन्तर्राष्ट्रिय स्तरमा आयोजित सेमिनार तथा तालिम कार्यक्रममा सहभागी गराएको छ। साथै कानून प्रवलीकरण, वित्तीय साक्षरता, सुपरिवेक्षण, नियम पालना तथा अनुगमन जस्ता विषय वस्तुहरुमा समेत अन्तर्राष्ट्रिय स्तरमा आयोजित कार्यक्रममा बोर्डका पदाधिकारी तथा कर्मचारीहरुलाई सहभागी गराएको छ।

बोर्डले समीक्षा वर्षमा वस्तु विनिमय बजारको नियमन जिम्मेवारीलाई प्रभावकारी रुपमा पूरा गर्न बोर्ड कर्मचारीको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले भारतको एमसिएक्स-इण्डियाको प्राविधिक सहयोगमा कमोडिटी डेरिभेटिभ्स बजार विषयक दुई दिने प्रस्तुति तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको छ।

**४.७ प्रकाशन तथा जानकारी प्रवाह**

धितोपत्र बजारको विकास तथा विस्तारको लागि बोर्डले चालेका कदम, धितोपत्र बजारको स्थिति तथा सर्वसाधारणमा धितोपत्र बजार सम्बन्धी चेतनाको स्तर अभिवृद्धि गर्ने उद्देश्यले बोर्डले हालसाल विभिन्न सूचना तथा जानकारीमूलक सामग्रीहरुको प्रकाशन तथा जानकारी प्रवाहमा विशेष जोड दिदै आएको छ। यस अनुसार समीक्षा वर्षमा बोर्डले यस कार्यलाई अझ तिव्रताका साथ अघि बढाएको छ।

- **धितोपत्र तथ्याङ्क व्यवस्थापन प्रणाली**:सूचीकृत कम्पनीहरुको बार्षिक प्रतिवेदनमा समावेश तथ्यांकहरु तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रका पूँजी बजार तथा अर्थतन्त्रसँग सम्बन्धित तथ्यांकहरु संकलन गरी धितोपत्रको केन्द्रीय तथ्याङ्क बैंक स्थापना गरिएकोमा उक्त प्रणालीमा रहेका विवरणहरु अध्यावधिक गरी सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइएको छ। यस प्रणालीबाट धितोपत्र बजारमा लगानी गर्न चाहने सर्वसाधारण लगानीकर्ताहरुले आफूले लगानी गर्न चाहेको सूचीकृत संगठित संस्थाहरुको वित्तीय विवरण प्राप्त गर्न सक्ने व्यवस्था रहेको छ। यस व्यवस्थाबाट पूँजी बजार सम्बन्धी अध्ययन तथा अनुसन्धानकर्ताहरुलाई समेत आवश्यक तथ्यांक तथा जानकारी उपलब्ध हुने गरेको छ।
- **वार्षिक प्रतिवेदन**:धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २६ ले गरेको व्यवस्था अनुसार धितोपत्र बजारमा भएका कामकारवाही, गतिविधि र बजार विकासका लागि भएका प्रयासहरु समावेश गरी बोर्डले आर्थिक वर्ष २०७३।७४ को वार्षिक प्रतिवेदनलाई विभिन्न सुधार गरी प्रकाशन गरेको छ। साथै बोर्डले आर्थिक वर्ष २०७२।७३ को वार्षिक प्रतिवेदन अङ्ग्रेजीमा प्रकाशन गरेको छ भने आर्थिक वर्ष २०७३।७४ को वार्षिक प्रतिवेदन अङ्ग्रेजीमा प्रकाशन गर्ने कार्य अन्तिम चरणमा रहेको छ।
- **नेपाल धितोपत्र बोर्ड, एक परिचय**:बोर्ड स्थापनाका उद्देश्यहरु, बोर्डको काम, कर्तव्य र अधिकार, कार्यक्षेत्र तथा रणनीति, सञ्चालक बोर्ड तथा संगठनात्मक स्वरुपका साथै धितोपत्र बजारको जानकारीका साथै बोर्डले बजारको विकास तथा विस्तारका लागि चालेका कदमहरुको समेत जानकारी दिने उद्देश्यले बोर्डले नेपाल धितोपत्र बोर्ड, एक परिचय को तेस्रो संस्करण प्रकाशन गरेको थियो। यस अघि सोही पुस्तक २०७३ मंसिरमा प्रथम प्रकाशन (१००० प्रति) र दोस्रो संस्करण २०७३ माघमा प्रकाशन (२००० प्रति) भएको थियो।
- **नेपाल धितोपत्र बोर्ड समाचार प्रकाशन**: बोर्डको गतिविधिहरुलाई सर्वसाधारणसमक्ष जानकारी प्रवाह गर्ने उद्देश्यले २०७३ पौष देखि नेपाल धितोपत्र बोर्ड समाचारको प्रकाशनलाई निरन्तरता दिइएको छ। आर्थिक वर्ष २०७४।७५ मा उक्त समाचारलाई द्वैमासिक रुपमा विभिन्न अङ्कहरुको प्रकाशन गरी सर्वसाधारण तथा सरोकारवालालाई वितरण गरिएको छ।
- **Quarterly Securities Market Indicators:**धितोपत्र बजारको अवस्था, धितोपत्र बजारको विकास तथा विस्तारका लागि बोर्डले चालेका पहलहरुको सन्दर्भमा त्रैमासिक रुपमा सर्वसाधारण लगानीकर्ता तथा सरोकारवालाहरुलाई जानकारी प्रदान गर्ने उद्देश्यले आर्थिक वर्ष २०७३।७४ बाट प्रकाशन शुरुवात गरिएको Quarterly Securities Market Indicators लाई समीक्षा वर्षमा समेत निरन्तरता दिदै यस प्रकाशनको छैटौ अङ्कसम्म प्रकाशन गरी सम्बन्धित पक्षहरुलाई

निःशुल्क वितरण गरिएको छ।

- **धितोपत्र बजार तथा वस्तु विनिमयबारे बारम्बार सोधिने प्रश्नहरु**:सर्वसाधारणलाई धितोपत्र तथा वस्तु विनिमय बजारका विविध पक्षहरुको बारेमा प्रश्नोत्तर शैलीमा जानकारी दिई पूँजी बजारमा अभिरुचि तथा साक्षरता अभिवृद्धि गर्ने उद्देश्यले समीक्षा वर्षमा धितोपत्र बजार तथा वस्तु विनिमयबारे बारम्बार सोधिने प्रश्नहरुको संस्करणलाई अझ व्यवस्थित र विस्तृत रुपमापरिमार्जन गरी विषय सूचीसहित प्रकाशन गरिएको छ।

- **आर्थिक वर्ष २०७५।७६ को धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रममा छलफल तथा प्रकाशन**: बोर्डले आर्थिक वर्ष २०७५।७६ मा अबलम्बन गरिने धितोपत्र तथा वस्तु विनियम बजारसम्बन्धी नीति तथा कार्यक्रमलाई सार्वजनिक गरी बजार विकास तथा विस्तारप्रति बोर्डलाई जवाफदेही तथा पारदर्शी बनाउने उद्देश्यले समीक्षा वर्षमा मिति २०७५ जेठ २८ मा सम्पूर्ण सम्बद्ध पक्षहरुलाई संलग्न गराई धितोपत्र बजारसम्बन्धी प्रस्तावित नीति तथा कार्यक्रमका सम्बन्धमा अन्तरक्रिया गरी प्राप्त राय/सुझावहरुलाई समेत समावेश गरी पहिलोपटक आर्थिक वर्ष २०७४।७५ भित्र नै आगामी वर्ष अर्थात आर्थिक वर्ष २०७५।७६ को धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रमको प्रकाशन गरी सार्वजनिक गरेको छ।

- **बोर्डको रजत जयन्ती प्रकाशन**:बोर्ड २०७४ जेष्ठ २५ मा २५ वर्ष पुगेको अवसर पारी रजत जयन्ती वर्षमा बोर्डले धितोपत्र बजार सम्बन्धी विभिन्न नयाँ सामग्रीहरु प्रकाशन गरेको छ।
  - नेपाल धितोपत्र बोर्ड, रजत जयन्ती वर्ष स्मारिका २०७५
  - पूँजी बजारसम्बन्धी साक्षरता
  - धितोपत्र बजार सम्बन्धी विभिन्न लेख रचना समावेश गरिएको “नेपाल धितोपत्र बोर्ड पूँजी बजार लेख विशेषाङ्क” २०७५
  - धितोपत्र तथा वस्तु बजारसम्बन्धी विशेष कानूनी संग्रह २०७५

- **सचेतनामूलक सामाग्रीहरु**:धितोपत्रमा लगानी गर्दा के कस्ता बिषयहरुमा ध्यान दिनु पर्छ भन्ने सम्बन्धमा लगानीकर्तालाई जानकारी दिनुका साथै सचेत गराउने उद्देश्यले धितोपत्रमा लगानी गर्दा ध्यान दिनुपर्ने कुराहरु समेटी बोर्डले पर्चा, पम्पलेट प्रकाशन गरी वितरण गरेको छ। साथै, बोर्डको वेबसाइट, बिभिन्न राष्ट्रिय पत्रपत्रिका, टेलिभिजन लगायतका सञ्चार माध्यम मार्फत सचेतनामूलक सामाग्रीहरु प्रकाशन तथा प्रशारण गर्ने कार्यलाई बोर्डले निरन्तरता दिएको छ। त्यस्तै, बोर्डले सर्वसाधरण एवं लगानीकर्ताको धितोपत्र बजार सम्बन्धी जिज्ञासालाई समाधान गर्न धितोपत्र बजारमा बारम्बार सोधिने प्रश्नहरुको सँगालो तथा धितोपत्र बजारमा बारम्बार प्रयोग हुने शब्दहरुलाई समेटेर धितोपत्र बजार शब्दावली पुस्तिका प्रकाशन गरी वितरण गरेको छ।

- **वेबसाइट**:धितोपत्र बजारका विविध पक्षहरु सम्बन्धमा सम्वद्ध पक्षहरुलाई निरन्तर रुपमा जानकारी उपलब्ध गराउने उद्देश्यले धितोपत्र बजारसँग सम्बन्धित ऐन, नियम तथा निर्देशिकाहरु, बोर्डको परिचय, बोर्डको वार्षिक प्रतिवेदन र बोर्डमा गुनासो दिने ढाँचाका साथै सरोकारवाला तथा लगानीकर्ताहरुका लागि जानकारी, सूचना तथा चेतनामूलक सामाग्रीहरु समावेश गरी बोर्डले तयार गरेको वेवसाइटलाई अझ विस्तृत बनाएको छ। बोर्डले धितोपत्र बजार, धितोपत्र ब्यवसायी तथा सूचीकृत संगठित संस्थाहरुको ऐन नियमको पालनाको स्थिति सम्बन्धी विवरण एवं विस्तृत जानकारी समेत वेबसाइटमा समावेश गरेको छ।

- **हटलाइन टेलिफोनको व्यवस्था**:धितोपत्र बजारका लगानीकर्ताहरुको समस्या, गुनासा, सल्लाह र सुझाव सहज रुपमा प्राप्त गर्न सकियोस भन्ने उद्देश्यले गत आर्थिक वर्ष २०७०।७१ देखि निशुल्कः हटलाईन फोनको व्यवस्था गरिएकोमा समीक्षा वर्षमा त्यसलाई अझ प्रभावकारी बनाइएको छ। बोर्डको हटलाइन नं १६६०-०१-४४४३३रहेको छ।

### ४.८ अध्ययन तथा अनुसन्धान

धितोपत्र बजारको विकास तथा विस्तारको लागि अध्ययन तथा अनुसन्धानमा आधारित नीति निर्माण तथा निर्देशन जारी गर्नुपर्ने आवश्यकता रहेको सन्दर्भमा समीक्षा वर्षमा वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमका अध्ययन तथा अनुसन्धान कार्यहरु भएका छन्।

- नेप्से सूचकांक, ब्याजदर र धितोपत्र आपूर्तिसम्बन्धी संक्षिप्त अध्ययन, २०७४
- धितोपत्र बजारको वर्तमान अवस्था, हालसालका सुधार तथा विकास र सुधारको प्राथमिकता, २०७४
- वस्तु विनिमय बजार अनुमति सम्बन्धमा संक्षिप्त अध्ययन, २०७४
- धितोपत्रको प्राथमिक बजारमा बुक विल्डिङ्ग विधिको आवश्यकतातथा सम्भावना सम्बन्धी प्रारम्भिक अध्ययन प्रतिवेदन, २०७४

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ५ (क) भएको व्यवस्था अनुसार नेपाल सरकारबाट माग भए बमोजिम धितोपत्र बजारको वर्तमान अवस्था, बजार विकास तथा विस्तारको लागि निम्नलिखित विषयमा बोर्डको राय तथा सुझाव पेश गरिएको छ।

- आर्थिक सर्वेक्षण २०७४।७५ को लागि धितोपत्र बजार तथा कमोडिटी डेरिभटिभ्स् बजार सम्बन्धी आवश्यक विवरणहरु तयार गरी पेश गरिएको छ।
- वित्तीय क्षेत्र विकास रणनीतिमा उल्लेखित कार्यको कार्यान्यवन स्थिति तथा कार्ययोजनाको खाका वित्तीय क्षेत्र विकास रणनीति कार्यान्वयन समितिलाई अवगत गराउँदै नेपाल राष्ट्र बैंक र वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, अर्थ मन्त्रालयमा पेश गरिएको छ।
- राजस्व व्यवस्थापन महाशाखा, अर्थ मन्त्रालयमा धितोपत्र बजार सम्बन्धमा राजस्व तथा कर नीति सम्बन्धी विस्तृत सुझाव पेश गरिएको छ।
- आ.व. २०७५।७६ मा नेपाल सरकारको नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने धितोपत्र बजार सम्बन्धी विषयवस्तुहरु तयार गरी पेश गरिएकोमा सोही अनुसार आ.व. २०७५।७६ को नेपाल सरकारको बजेट वक्तव्यमा समावेश भएको छ।
- साथै, आ.व. २०७५।७६ को मौद्रिक नीतिका सम्बन्धमा धितोपत्र बजार सम्बन्धी राय सुझाव नेपाल राष्ट्र बैंकलाई दिइएको छ।

■■■

# भाग ५
# धितोपत्र तथा वस्तु विनिमय बजार विकास तथा सुधारसम्बन्धी समस्या तथा चुनौतीहरु

बोर्डले धितोपत्र तथा वस्तु विनिमय बजारको विकास तथा सुधार सम्बन्धमा देखिएका समस्या तथा चुनौतीहरुलाई क्रमशः समाधान गर्दै बजारको स्वस्थता र पारदर्शीताको विकास गर्दै लगेको छ। यही क्रममा समीक्षा अवधिमा नेपालको धितोपत्र बजारको विकास र सुधार सम्बन्धमा बोर्डले महत्वपूर्ण संरचनात्मक सुधार कार्यहरु गरेको छभने वस्तु विनिमय बजारलाई नियमनको दायरामा ल्याइएको छ। बजारलाई अफ स्वस्थ, पारदर्शी, भरपर्दो, प्रतिस्पर्धी एवं लगानीकर्तामैत्री बनाई स्तरोन्नति गर्दै लैजाने चुनौती भने कायमै रहेको छ। यसै क्रममा धितोपत्र बजारको विकास र सुधार सम्बन्धमा नीतिगत, प्रविधि, संस्थागत, कानूनी संरचना इत्यादिको सम्वन्धमा मुख्यतः देहाय अनुसारका समस्या तथा चुनौतीहरु रहेका देखिन्छन्।

१. धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ बमोजिम पूर्ण सरकारी स्वामित्वमा रहेको नेपालको धितोपत्रको दोस्रो बजार संचालक नेपाल स्टक एक्सचेन्ज लि.लाई निजीकरणमार्फत संरचनात्मक सुधार गरी प्रतिस्पर्धी एवं व्यवसायिक वनाउने कार्य चुनौतीपूर्ण छ। त्यस्तै नेप्सेकै सहायक कम्पनीको रुपमा स्थापित सिडिएस एण्ड क्लियरिङ्ग लि.को स्वामित्वमा संरचनात्मक परिवर्तन गरी सुधार गर्ने अर्को चुनौती कायमै रहेको छ। साथै, धितोपत्र बजारलाई थप व्यवसायिक एवं प्रतिस्पर्धात्मक बनाउन धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ को मर्म बमोजिमको निजी क्षेत्रमा नयाँ स्टक एक्सचेन्ज स्थापनालाई सहजीकरण गर्ने कार्य चुनौतिपूर्ण देखिन्छ।

२. बजारमा नीतिगत स्थिरता र दीर्घकालीन विकासको स्पष्ट अवधारणामार्फत् बजारको दिगो र स्थिर विकास गर्ने चुनौती समेत रहेको छ।

३. नियमन तथा सुपरिवेक्षण जिम्मेवारीमा भएको वृद्धिलाई दृष्टिगत गरी यसको प्रभावकारी सुपरिवेक्षण गर्न बोर्डको नियमन र सुपरिवेक्षण क्षमता अभिबृद्धि गरी संचालन स्वायत्तता प्राप्त गर्दै जानु पर्ने समेत चुनौती रहेको छ।

४. जलविद्युत क्षेत्रका कम्पनीहरुको प्रत्यक्ष नियामक निकायको व्यवस्था नभएको पृष्ठभूमिमा संस्थागत सुशासन कायम गर्दै विद्युत आयोजना संचालन अनुमतिको समयावधि अर्थात ३५ वर्षपश्चात् हुने स्वामित्व हस्तान्तरणले शेयरधनीहरुमा पर्ने प्रभावका सम्बन्धमा स्पष्ट व्यवस्था नहुँदा जलविद्युत् क्षेत्रको लगानीको स्वामित्व अनिश्चितता सम्बन्धी जोखिमलाई न्यूनीकरण गर्ने कार्य चुनौतीपूर्ण छ।

५. बजारमा वास्तविक क्षेत्रका कम्पनीहरुको प्रवेश न्यून भएकोले यस्ता कम्पनीहरुलाई आकर्षित गर्न बोर्डले आ.व. २०७३।७४ मा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ र धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ जारी गरी १० प्रतिशत मात्र सार्वजनिक निष्काशन गर्न मिल्ने व्यवस्था तथा सार्वजनिक निष्काशन Fixed Pricing मा हुने गरेकोमा Free Pricing with some cap मा हुन सक्ने व्यवस्थाको साथै सरकारले यस्ता कम्पनीहरु सूचीकृत भएमा १५ प्रतिशत कर छुट दिने व्यवस्था गरेको साथै चालु आर्थिक वर्षको वित्तीय नीतिमा उत्पादनमुलक कम्पनीहरुलाई पूँजी बजार प्रवेशका लागि प्रोत्साहनमुलक तथा बाध्यात्मक व्यवस्थाहरु भएकोमा यस्ता व्यवस्थाहरुलाई कार्यान्वयन गरी वास्तविक क्षेत्रका कम्पनीहरुलाई पूँजी बजारमा भित्र्याउने कार्य अझै चुनौतीपूर्ण नै रहेको छ।

६. २०७५ असारसम्म धितोपत्रको प्राथमिक बजार नेपालको ७७ जिल्लाका साथै ६७७ स्थानीय निकायहरुसँग पुगिसकेको परिप्रेक्ष्यमा संवेदनशील रुपमा रहेको धितोपत्रको दोस्रो बजारलाई आर्थिक तथा व्यापारिक रुपमा सक्रिय र वित्तीयरुपमा सक्षम हुने जिल्लाहरुमा क्रमशः विस्तार गर्दै देशव्यापी रुपमा विस्तार गर्ने चुनौती थपिएको छ।

७. गैर आवासीय नेपाली तथा विदेशी संस्थागत लगानीकर्ताहरुलाई धितोपत्रको दोस्रो बजारमा प्रवेश गराउन आवश्यक भएको, स्टक एक्सचेन्ज र दलाल व्यवसायी क्षेत्रमा पनि विदेशी प्रविधि र लगानी भित्र्याई प्रतिस्पर्धी तथा व्यवसायिक क्षमता अभिवृद्धि गर्न आवश्यक देखिएको सन्दर्भमा धितोपत्र वजारमा विदेशी प्रविधि र पूँजी भित्राई दोस्रो बजारको संरचनात्मक तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने कार्यचुनौतीपूर्ण छ।

८. धितोपत्र बजारमा स्थायित्व ल्याई व्यवस्थित गर्न महत्वपूर्ण भूमिका खेल्ने संस्थागत लगानीकर्ताहरुको हाल सहभागिता हुन नसकिरहेको सन्दर्भमा सञ्चयकर्ताको मुख्य दायित्व बोकेको नागरिक लगानी कोष जस्ता संस्थाका सहायक कम्पनीमार्फत् तथा विदेशी लगानीलाई संस्थागत लगानीकर्ताको रुपमा भित्र्याउने चुनौती कायमै रहेको छ।

९. हालसम्म धितोपत्र वजारमा छिटो प्रतिफल पाउने तथा तरलता बढी भएको कारण लगानीकर्तामार्फत लगानीयोग्य साधनको रुपमा दोस्रो बजार खरिद विक्रीमा शेयरको प्रभुत्व रहेकोमा अब खुलामुखी सामूहिक लगानी कोष, ऋणपत्र बजार(सरकारी तथा कर्पोरेट), इक्विटी डेरिभेटिभ्सको दोस्रो बजार विकासलाई प्रभावकारी बनाउने चुनौती छ।

१०. सार्क क्षेत्रमा एकीकृत पूँजी बजारको अवधारणा विकास भइरहेको सन्दर्भमा नेपालको धितोपत्र बजारलाई क्रसबोर्डर लिष्टिङ्ग र ट्रेडिङ्गमा सहभागी गराउन नियमन निकायहरु, सूचीकृत कम्पनीहरु, धितोपत्र दलाल व्यवसायीसहित सबै बजार सहभागीहरुको क्षमता अभिवृद्धि गर्ने, सूचना प्रविधिको प्रयोगलाई स्तरीय एवं व्यापक बनाउने साथै कानूनी व्यवस्थालाई सुदृढीकरण गर्ने कार्य चुनौतीपूर्ण रहेको छ।

११. सिडिएस र सामूहिक लगानी कोषलाई सुदृढ रुपमा व्यवस्थित गर्न ट्रष्ट ऐन तथा अन्य सम्बन्धित ऐनहरु तर्जुमा गरी कानूनी हिसाबले संरचनात्मक सुधार गर्ने चुनौती रहेको छ।

१२. धितोपत्र बजार सूचनासँग संवेदनशील बजार भएको सन्दर्भमा सूचीकृत कम्पनीहरुबाट बजारमा हुने सूचना प्रवाहलाई थप पारदर्शी र व्यवस्थित बनाउनुका साथै ती कम्पनीहरुको संस्थागत सुशासनमा अभिबृद्धि गर्दै धितोपत्र कारोबारमा कसुरको रुपमा रहेको भित्री कारोबारलाई थप एवं स्पष्ट कानूनी व्यवस्थामार्फत् न्यूनीकरण गरी स्वच्छ, स्वस्थ र विश्वासिलो धितोपत्र बजार विकास गर्ने कार्य चुनौतीपूर्ण रहेको छ।

१३. धितोपत्र बजार सहभागीहरुको कामकारवाहीलाई अझ स्तरीय, व्यवसायिक र प्रतिस्पर्धी वनाउने चुनौती छ। साथै धितोपत्र बजारमा योग्य, दक्ष एवं प्रतिस्पर्धी जनशक्तिलाई आकर्षित गर्न तथा विद्यमान जनशक्तिलाई निरन्तरता दिन धितोपत्र व्यवसायीहरुमा कर्मचारी वृत्ति विकास योजना तथा उत्तराधिकारी योजना तर्जुमा गरी कार्यान्वयन गर्दै जाने समेत चुनौतीरहेको छ।

१४. वस्तु विनिमय बजारको नियमन जिम्मेवारी बोर्डलाई प्राप्त भएको सन्दर्भमा उक्त बजारको प्रभावकारी नियमन, व्यवस्थापन तथा सञ्चालन गर्ने, वेयरहाउस निर्माण लगायत बजार पूर्वाधारको विकास गर्ने, यस बजार सम्बन्धी सर्वसाधारणमा चेतनास्तर अभिवृद्धि गर्ने एवं उक्त बजारलाई स्थानीय वस्तुसँग आवद्ध गराई देशको कृषि क्षेत्रको समेत स्तरोन्नति हुने गरी यस बजारलाई महत्वपूर्ण संयन्त्रको रुपमा विकास गर्दै लैजानुपर्ने चुनौती छ।

१५. सर्वसाधारण लगानीकर्ता र धितोपत्र व्यवसायीहरुका लागि व्यापक रुपमा प्रभावकारी वित्तीय शिक्षा तथा तालिम कार्यक्रमहरु सञ्चालन गरी धितोपत्र बजारको दिगो, भरपर्दो एवं प्रतिस्पर्धीरुपमा विकास गर्न आवश्यक धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी प्रतिष्ठान स्थापना गरी प्रशिक्षणलाई परिमाणात्मक तथा गुणात्मकरुपमा विस्तार गर्ने चुनौती रहेको छ।

१६. बोर्ड IOSCO को एशोसिएट सदस्य भैसकेकोमा IOSCOको स्तर अनुरुपको कानूनी तथा अन्य पूर्वाधारहरुको विकास गरी नियमन र बजारलाई अन्तर्राष्ट्रिय रुपमा स्तरोन्नति गराउन ठूलो चुनौती देखिन्छ।

१७. नेपालको पूँजी बजार आधुनिकीकरण हुँदै गएको परिप्रेक्ष्यमा प्राइभेट इक्विटी, भेन्चर क्यापिटल, हेज फण्ड जस्ता वैकल्पिक लगानी कोषलाई नयाँ उपकरणको रुपमा भित्र्याउनुपर्ने आवश्यकता देखिएको छ। तसर्थ यससम्बन्धी कानूनी व्यवस्था गरी यस्ता वैकल्पिक लगानीका साधनहरुलाई धितोपत्र बजारमा भित्र्याउने कार्य चुनौतीपूर्ण रहेको छ।

१८. देशमा विकसित नयाँ संरचना अनुसार संघीय, प्रदेश तथा स्थानीय तहसम्म धितोपत्र बजारका सुविधा र कानूनी एवं अन्य नियमन पूर्वाधारको विकास तथा विस्तार गर्ने कार्य उपलब्ध सीमित स्रोत र वित्तीय साक्षरताको न्यून स्तरका कारण कठिन एवं चुनौतीपूर्ण छ।

# अनुसूची–१

## साधारण शेयर दर्ता तथा विवरण पत्र स्वीकृति

## आर्थिक वर्ष २०७४।७५

| क्रस | संगठित संस्था | निष्काशन मूल्य प्रति शेयर रु. मा | दर्ता भएको शेयरको कुल रकम रु. मा | सार्वजनिक निष्काशन रकम रु.मा | निष्काशन तथा विक्री प्रबन्धक | अनुमतिपत्र प्रदान मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | **जलविद्युत कम्पनी** | | | | | | |
| १ | राधी विद्युत कम्पनी लि. | १०० | ६१,५००,००० | ७६,४५५,००० | नेपाल इन्भेष्टमेन्ट बैंकिङ्ग लि. | २०७४/०७/०७ | |
| २ | पञ्चकन्या माई हाइड्रोपावर लि. | १०० | ९९०,०००,००० | ११०,०००,००० | सनराइजक्यापिटल लि./नबिल इन्भेष्टमेन्ट बैकिङ्ग लि. | २०७४/०८/०५ | |
| ३ | साञ्जेन जलविद्युत कम्पनी लि. | १०० | २,७३७,५००,००० | ८७६,०००,००० | नागरिक लगानी कोष | २०७४/०८/२६ | |
| ४ | रसुवागढी हाइड्रोपावार कम्पनी लि. | १०० | ५,१३१,५७५,००० | १,६४२,१०४,००० | सिद्धार्थ क्यापिटल लि., एनआइबिलएल क्यापिटल मार्केट्स लि., ग्लोबल आइएमई क्यापिटल लि. र सनराइज क्यापिटल लि. | २०७४/०९/२० | प्रवर्द्धन समूहका कर्मचारी, कर्मचारी सञ्चय कोषमा योगदान गर्ने कर्मचारी ऋण प्रदान गर्ने संस्थाका कर्मचारी |
| ५ | कालिका पावर कम्पनी लि. | १०० | ४८०,०००,००० | ६०,०००,००० | काठमाडौं क्यापिटल मार्केट लि., ग्लोबल आइएमई क्यापिटल लि. | २०७४/०९/२१ | स्थानीय सर्वसाधारण |
| ६ | जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि. | १०० | २२६,५५४,००० | ३७,१४०,००० | सिद्धार्थ क्यापिटल लि. | २०७४/१२/२८ | स्थानीय सर्वसाधारण |
| ७ | शुभम पावर लिमिटेड | १०० | १६०,०००,००० | २०,०००,००० | सिबिआइएल क्यापिटल लि. | २०७४/१२/२८ | स्थानीय सर्वसाधारण |
| ८ | रैराङ्ग हाइड्रोपावर कम्पनी लि. | १०० | ८४,०००,००० | ८४,०००,००० | एनआइबिल एस क्यापिटल लि. | २०७५/०१/०९ | सर्वसाधारण |
| ९ | माथिल्लो तामाकोशी हाइड्रोपावर लि. | १०० | १,५८८,५००,००० | २,६४७,५००,००० | नागरिक लगानी कोष, सनराइज क्यापिटल लि. | २०७५/०२/२३ | स्थानीय/ सर्वसाधारण |
| १० | माउन्टेन हाइड्रोपावर नेपाल लि. | १०० | १,१२५,०००,००० | १२५,०००,००० | सिद्धार्थ क्यापिटल लि. | २०७५/०३/०१ | स्थानीय सर्वसाधारण |
| ११ | घलेम्दी हाइड्रोपावर लि. | १०० | ४४०,०००,००० | ५५,०००,००० | भिबोर क्यापिटल लि. | २०७५/०३/०६ | स्थानीय सर्वसाधारण |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | पञ्चकन्या माई हाइड्रोपावर लि. | १०० | ११०,०००,००० | ११०,०००,००० | सनराइज क्यापिटल लि. | २०७५/०३/०८ | स्थानीय सर्वसाधारण |
| १३ | यूनियन हाइड्रोपावर लि. | १०० | ४५८,७४५,००० | ७५,०००,००० | लक्ष्मी क्यापिटल लि. | २०७५/०३/१४ | स्थानीय सर्वसाधारण |
| १४ | आँखुखोला जलविद्युत् कम्पनी लि. | १०० | ८००,०००,००० | २००,०००,००० | सिभिल क्यापिटल मार्केट्स लि. | २०७५/०३/२७ | स्थानीय/ सर्वसाधारण |
| **जम्मा** | | | १४,३९३,३७४,००० | ६,११८,१९९,००० | | | |
| | **उत्पादनमूलक कम्पनी** | | | | | | |
| १ | शिवम सिमेन्ट्स लि. | ३००/४०० | ५,८९६,०००,००० | २,०२४,०००,००० | सिद्धार्थ क्यापिटल लि. | २०७५/०३/०७ | स्थानीय/ सर्वसाधारण |
| | **लघुवित्त कम्पनी** | | | | | | |
| १ | सर्पोट माइक्रोफाइनान्स वित्तीय संस्था लि. | १०० | ६०,०००,००० | १८,०००,००० | एनएमबी क्यापिटल लि. | २०७४/०४/२० | सर्वसाधारण |
| २ | उन्नती माइक्रोफाइनान्स वित्तीय संस्था लि. | १०० | ५५,०००,००० | १६,५००,००० | सिद्धार्थ क्यापिटल लि. | २०७४/०८/२९ | सर्वसाधारण |
| ३ | सामुदायिक लघुवित्त वित्तीय संस्था लि. | १०० | १००,०००,००० | ३०,०००,००० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लि. | २०७४/०९/११ | सर्वसाधारण |
| ४ | आरम्भ माइक्रोफाइनान्स वित्तीय संस्था लि | | ६०,०००,००० | २९,४००,००० | एनआइसी एशिया क्यापिटल लि. | २०७४/०९/२० | सर्वसाधारण |
| ५ | नेपाल सेवा लघुवित्त वित्तीय संस्था लि. | १०० | ६०,०००,००० | १८,०००,००० | एनमएमबी क्यापिटल लि. | २०७४/१२/२० | सर्वसाधारण |
| ६ | नाडेप लघुवित्त वित्तीय संस्था लि. | १०० | १६०,०००,००० | ४८,०००,००० | नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लि. | २०७५/०२/०३ | सर्वसाधारण |
| **जम्मा** | | | ४९५,०००,००० | १५९,९००,००० | | | |
| **कुल जम्मा** | | | २०,७८४,३७४,००० | ८,३०२,०९९,००० | | | |

# अनुसूची- २
## साधारण शेयरको थप निष्काशन अनुमति
## आर्थिक वर्ष २०७४।७५

| क्र.स. | संगठित संस्थाको नाम | क्षेत्र | निष्काशन मूल्य प्रति शेयर (रु.) | निष्काशन अनुमति प्राप्त कुल रकम रु. | सावजनिक निष्काशन रकम रु. | निष्काशन प्रबन्धक | अनुमति प्रदान मिति |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल ग्रामिण विकास बैंक लि. | विकास बैक | १०० | ९७,५००,००० | ९७,५००,००० | प्रभु क्यापिटल लि. | २०७४/०४/२३ |
| २ | प्रिमियर इन्स्योरेन्स कं (नेपाल) लि. | बीमा | ७९९ | ५२६,९९२,४३५ | ५२६,९९२,४३५ | एनएमबी क्यापिटल लि. | २०७४/०८/१८ |
| ३ | बुटवल पावर कम्पनी लि. | जलविद्युत् | ५०१ | २,०४४,५८१,००० | २,०४४,५८१,००० | एनएमबी क्यापिटल लि. | २०७४/०८/१८ |
| ४ | एनएमबी बैंक लि. | बैंक | ३३३ | ३,८०१,२४९,२७९ | ३,८०१,२४९,२७९ | नागरिक लगानी कोष | २०७५/०२/१८ |
| ५ | नेपाल बैंक लि | बैंक | २८० | ४,९५१,७६०,२४० | ४,९५१,७६०,२४० | सिद्धार्थ क्यापिटल लि. | २०७५/०३/०१ |
| ६ | सिटिजन्स बैंक इन्टरनेशनल लि. | बैंक | २०० | ९२,७६५,२०० | ९२,७६५,२०० | ग्लोबल आइएमई क्यापिटल लि. | २०७५/०३/३२ |
| **जम्मा (रु.)** | | | | ११,५१४,८४८,१५४ | ११,५१४,८४८,१५४ | | |

# अनुसूची- ३

## हकप्रद शेयर दर्ता तथा निष्काशन

### आर्थिक वर्ष २०७४।७५

| क्र.स. | संगठित संस्था | अनुपात | अनुमति प्राप्त शेयर संख्या | अनुमति प्राप्त कुल रकम रु. | निष्काशन प्रबन्धक | अनुमति प्रदान मिति |
|---|---|---|---|---|---|---|
| **बैंक** | | | | | | |
| १ | मेघा बैंक नेपाल लि. | १०:६.५ | २९,७८५,०३४.६३ | २,९७८,५०३,४६३.०० | नबिल इन्भेष्टमेन्ट बैकिङ्ग लि. | २०७४/०४/२६ |
| २ | सिभिल बैंक लि. | १०:४ | २०,७४०,८८६.७५ | २,०७४,०८८,६७५.०० | लक्ष्मी क्यापिटल मार्केट लि. | २०७४/०७/०१ |
| ३ | सिद्धार्थ बैंक लि. | १०:१ | ६,८२६,११७.१९ | ६८२,६११,७१९.०० | लक्ष्मी क्यापिटल मार्केट लि. | २०७४/०९/०४ |
| ४ | प्रभु बैंक लि. | १०:४ | २३,५२५,६०८.०० | २,३५२,५६०,८००.०० | सनराइज क्यापिटल लि. | २०७४/०९/०६ |
| ५ | कुमारी बैंक लि. | १०:२ | ११,९३८,९९१.६५ | १,१९३,८९९,१६५.०० | एनआइबिल एस क्यापिटल लि. | २०७४/१२/१९ |
| ६ | एनसिसि बैंक लि. | २:१ | २३,३९५,२९१.०० | २,३३९,५२९,१००.०० | सनराइज क्यापिटल लि. | २०७५/०३/२२ |
| | **जम्मा** | | ११६,२११,९२९.२२ | ११,६२१,१९२,९२२.०० | | |
| **विकास बैंक** | | | | | | |
| १ | मुक्तिनाथ विकास बैंक लि. | १०:४ | ६,१७०,८६५.०४ | ६१७,०८६,५०४.०० | एनआइबिल क्यापिटल लि. | २०७४/०४/०२ |
| २ | आरएसडिसि लघुवित्त वित्तीय संस्था लि. | १:२ | २,३००,०००.०० | २३०,०००,०००.०० | एनआइबिल क्यापिटल लि. | २०७४/०४/०५ |
| ३ | किसान माइक्रोफाइनान्स लि. | १००:२४.२२ | ७८,०००.०० | ७,८००,०००.०० | सिभिल क्यापिटल मार्केट लि. | २०७४/०४/२० |
| ४ | समिट माइक्रोफाइनान्स डेभलपमेन्ट लि. | १:१ | ७२५,०००.०० | ७२,५००,०००.०० | सानिमा क्यापिटल लि. | २०७४/०४/२३ |
| ५ | एक्सेल डेभलपमेन्ट बैंक लि. | २:१ | १,९२२,८१२.५० | १९२,२८१,२५०.०० | एश क्यापिटल लि. | २०७४/०४/२३ |
| ६ | ओम डेभलपमेन्ट बैंक लि. | १०:३ | ४,९३१,८३५.०० | ४९३,१८३,५००.०० | एनआइबिल क्यापिटल लि. | २०७४/०४/३२ |
| ७ | नेपाल कम्युनिटी डेभलपमेन्ट बैंक लि. | १:१.२ | २,६४३,५३८.८० | २६४,३५३,८८०.०० | एनआइबिल क्यापिटल लि. | २०७४/०५/२५ |
| ८ | भार्गभ विकास बैंक लि. | १०:८ | २,११२,०००.०० | २११,२००,०००.०० | एनएमबी क्यापिटल लि. | २०७४/०५/२५ |
| ९ | माउन्ट मकालु बैंक लि. | २:१ | ३४५,८००.०० | ३४,५८०,०००.०० | एनआइबिल क्यापिटल लि. | २०७४/०६/२३ |
| १० | शाङ्ग्रिला विकास बैंक लि. | १०:८ | १०,८६७,७९८.५० | १,०८६,७७९,८५०.०० | प्रभु क्यापिटल लि. | २०७४/०७/२३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | ग्रिन डेभलपमेन्ट बैंक लि. | १:४ | ४,०००,०००.०० | ४००,०००,०००.०० | लक्ष्मी क्यापिटल मार्केट लि. | २०७४/०८/०३ |
| १२ | गण्डकी विकास बैंक लि. | ४:१ | ४,६०९,८१५.५० | ४६०,९८१,५५०.०० | प्रभु क्यापिटल लि. | २०७४/०८/०४ |
| १३ | कर्णाली डेभलपमेन्ट बैंक लि. | १:२.२५ | ३,३९७,५००.०० | ३३९,७५०,०००.०० | प्रभु क्यापिटल लि. | २०७४/०९/०२ |
| १४ | लुम्बिनी विकास बैंक लि. | १०:१ | २,००८,८७८.२७ | २००,८८७,८२७.०० | प्रभु क्यापिटल लि. | २०७४/०९/१३ |
| १५ | कामना सेवा विकास बैंक लि. | १०:१.५ | ३,०९४,१५४.७७ | ३०९,४१५,४७७.०० | एनएमबी क्यापिटल लि. | २०७४/०९/२३ |
| १६ | देव विकास बैंक लि. | १०:४ | ६,५३३,१०८.५९ | ६५३,३१०,८५९.०० | एनआइबिल क्यापिटल लि. | २०७४/१०/२५ |
| १७ | सहारा विकास बैंक लि. | १:२.५ | १,८२४,८७०.०० | १८२,४८७,०००.०० | एनआइबिल एस क्यापिटल लि. | २०७४/१२/०८ |
| | **जम्मा** | | ५७,५६५,९७६.९७ | ५,७५६,५९७,६९७.०० | | |
| **वित्त कम्पनी** | | | | | | |
| १ | जेबिल्स फाइनान्स लि. | १:१ | २,८८९,५६२.५० | २८८,९५६,२५०.०० | सनराइज क्यापिटल लि. | २०७४/०४/०४ |
| २ | जेनेरल फाइनान्स लि. | १:१.२५ | १,६५२,८५०.०० | १६५,२८५,०००.०० | ग्लोबल आइएमई क्यापिटल लि. | २०७४/०४/०६ |
| ३ | गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | १०:४ | १,९७३,९२८.७७ | १९७,३९२,८७७.०० | एनआइबिल क्यापिटल लि. | २०७४/०५/२५ |
| ४ | रिलाइन्स फाइनान्स लि. | १०:४.५ | २,३०६,५७१.६० | २३०,६५७,१६०.०० | सनराइज क्यापिटल लि. | २०७४/०६/२५ |
| ५ | सेन्ट्रल फाइनान्स लि. | २:१ | २,६०३,३१४.०८ | २६०,३३१,४०७.५० | एनआइबिल क्यापिटल लि. | २०७४/०७/२३ |
| ६ | श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स क. लि. | १०:८.३ | २,८६७,२२५.६२ | २८६,७२२,५६२.०० | सिद्धार्थ क्यापिटल लि. | २०७४/०८/१८ |
| ७ | पोखरा फाइनान्स लि. | १:०.१५ | ९८३,६८२.७४ | ९८,३६८,२७४.०० | एनआइबिल क्यापिटल लि. | २०७४/०९/०४ |
| ८ | मञ्जुश्री फाइनान्स लि. | १००:५ | ३६२,१९०.०० | ३६,२१९,०००.०० | एस क्यापिटल लि. | २०७४/१०/०९ |
| ९ | जेबिल्स फाइनान्स लि. | १०:४ | २,३११,६५०.०० | २३१,१६५,०००.०० | सनराइज क्यापिटल लि. | २०७५/०१/१९ |
| १० | सिनर्जी फाइनान्स लि. | १:०.२५ | १,१८६,०२२.४७ | ११८,६०२,२४७.०० | प्रभु क्यापिटल लि. | २०७५/०१/२८ |
| ११ | प्रोग्रसिभ फाइनान्स लि. | १:२.८१ | ५,९०१,०००.०० | ५९०,१००,०००.०० | सनराइज क्यापिटल लि. | २०७५/०३/०६ |
| १२ | सिटि एक्सप्रेस फाइनान्स क. लि. | १:१.६७ | २,५००,०००.०० | २५०,०००,०००.०० | काठमाडौं क्यापिटल मार्केट लि. | २०७५/०३/२७ |
| | **जम्मा** | | २७,५३७,९९७.७८ | २,७५३,७९९,७७७.५० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **बीमा** | | | | | | |
| १ | प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लि. | १:०.३० | १,२८३,०४०.०० | १२८,३०४,०००.०० | एनआइसि क्यापिटल लि. | २०७४/०७/२३ |
| २ | एशियन लाइफ इन्स्योरेन्स कम्पनी लि. | २:१ | ४,०२७,९६६.२० | ४०२,७९६,६२०.०० | एनआइबिल क्यापिटल लि. | २०७४/०९/२३ |
| ३ | नेको इन्स्योरेन्स लि. | २:१ | ३,९२०,९२८.११ | ३९२,०९२,८११.०० | एनएमबी क्यापिटल लि. | २०७४/०९/२५ |
| ४ | प्राइम लाइफ इन्स्योरेन्स लि. | १:१.६० | ९,७६३,२००.०० | ९७६,३२०,०००.०० | सिद्धार्थ क्यापिटल लि. | २०७४/१०/२८ |
| ५ | नेपाल इन्स्योरेन्स कम्पनी लि. | १:१ | ३,०१९,८८६.१० | ३०१,९८८,६१०.०० | एनआइबिल एस क्यापिटल लि. | २०७४/११/२९ |
| ६ | सूर्य लाइफ इन्स्योरेन्स कम्पनी लि. | १०:४ | २,८८७,५००.०० | २८८,७५०,०००.०० | एनआइसि क्यापिटल लि. | २०७४/१२/०१ |
| ७ | गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लि. | २:१ | २,९७०,०००.०० | २९७,०००,०००.०० | लक्ष्मी क्यापिटल मार्केट लि. | २०७४/१२/१९ |
| ८ | सिद्धार्थ इन्स्योरेन्स लि. | १०:३.५ | २,२४४,९७३.५० | २२४,४९७,३५०.०० | एनएमबी क्यापिटल लि. | २०७५/०१/२० |
